# सामुदायिक रेडियो

ACORAB Nepal
**सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) नेपाल**
चाकुपाट, ललितपुर
पोष्ट बक्स : १९३२४ काठमाडौं
फोन : ५२६०६६१, ५२६०६७१, फ्याक्स : ५२६०६४६
इमेल : info@acorab.org.np, acorab@gmail.com
वेबसाइट : www.acorab.org.np

**प्रकाशक**
सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) नेपाल

**प्रकाशन समिति**
सुदर्शन खतिवडा
तुला अधिकारी
रामनारायण सुवेदी
दिपु पोखरेल
प्रतीक इच्छुक शर्मा

**आवरण**
विपेन्द्र घिमिरे

**लेआउट**
विकास थापा मगर

**प्रिन्टिङ**
मनास्लु अफसेट प्रेस, काठमाडौं

(सामुदायिक रेडियोका गतिविधि हामीलाई sec.acorab@gmail.com मा पठाउनुस् ।
तपाईंका गतिविधि र लेख/रचना हाम्रा प्रकाशनमा समावेश गर्नेछौं ।)

# विषयसूची


सामुदायिक रेडियोप्रति समुदायको विश्वास बलियो छ २

इन्फोडेमिकमा रेडियो १३

समाज रूपान्तरणका लागि सामुदायिक रेडियो १९

नेपाली रेडियो अभियान, अबका चार सम्भावना २४

रेडियोका लागि सामुदायिक पूँजीहरूको पहिचान र स्रोतको नक्साङ्कन ३०

सामुदायिक रेडियोमा आदिवासी जनजातिका मुद्दा ४१

भाषा-संस्कृति जोगाउन सामुदायिक रेडियो ४७

सामुदायिक रेडियो र महिला ५३

सुन्दर भविष्यका लागि गर्नुपर्ने केही कठिन कामहरू ५९

बीबीसीमा बिताएका ३२ वर्ष ६६

रेडियोसँग मेरो दुई दशक ७३

सञ्चार अभियानमा सामुदायिक रेडियो मदनपोखरा ७७

रेडियोका २१ वर्ष ८१

रेडियोको प्रसाद ८६

सल्यानमा समाचारले अघि बढाएको ब्लड बैंक ९०

… अनि जंगली परम्पराविरूद्ध अभियान चल्या ९४

विपद्को साथी रेडियो मेलम्ची ९७

गतिविधि १०२

प्रदेश १०७

C G J R R

# ‘सामुदायिक रेडियोप्रति समुदायको विश्वास बलियो छ’



**अर्जुन गिरी** अध्यक्ष, सामुदायिक रेडियो प्रसारक संघ नेपाल

**तपाईं सामुदायिक रेडियो अभियानमा सहभागी हुँदा र अहिलेको अवस्थामा कति बदलाव आएका छन् ?**

प्रविधिमा आएको परिवर्तनले मान्छेको जीवनशैलीमा पनि बदलाव आएको छ । पहिला सूचना, जानकारी र मनोरञ्जनको प्रमुख माध्यम भनेकै रेडियो थियो, अहिले एउटै माध्यममा भर पर्नुपर्ने बाध्यता छैन । यस हिसाबले रेडियोसँग मानिसको सम्बन्धमा केही बदलाव आएकै छ ।

सामुदायिक रेडियो अभियानसँग समुदायको सम्बन्ध भने अझै पनि निकट छ । यसलाई अझ गाढा बनाउने सवालमा हाम्रो शैली बदल्नुपर्ने देखिन्छ । हाम्रो समुदाय हामीसँगै रहिरहोस् भन्नेमा संवेदनशील बन्नै पर्छ । सामुदायिक रेडियो अभियानप्रतिको समुदायको विश्वास र भरोसालाई जीवन्त राख्न सक्नुपर्छ ।

यसै वर्षदेखि दक्ष रेडियो इन्जिनियर सहितको टीम प्रत्येक रेडियोमा पठाएर प्राविधिक जाँच, विपदका सावधानी र प्राविधिक रूपमा सुधारका सम्भावनाबारे सहजीकरण गर्ने काम सुरु हुँदैछ । विषयगत, सीमान्तकृत समुदाय लक्षित, विकट जिल्ला र क्षेत्रमा वा शहरबाट ग्रामीणतहमा विकेन्द्रित हुन चाहने रेडियोकालागि विशेष उत्प्रेरणा सहितको योजना बनाएका छौं ।

**हाम्रो जस्तो विविधतापूर्ण समाजमा सामुदायिक रेडियोको महत्व र भूमिकाबारे तपाईंका अनुभव कस्ता छन् ?**

सामाजिक रुपान्तरणका हरेक सवालमा स्थानीय ग्रामीण रेडियोको भूमिका वास्तवमै ऐतिहासिक छ । भाषा, कला, संस्कृति उत्थानका निम्ति होस् वा समाजमा विद्यमान हानिकारक अभ्यासहरू विरूद्धको अभियानमा, स्थानीय रेडियोहरू वास्तवमै सशक्त माध्यम प्रमाणित भएको मेरो अनुभव छ ।

नेपालमा करीब ७० भाषाका माध्यमबाट सूचना, समाचार, जानकारी र

ACORAB Nepal

मनोरञ्जनात्मक कार्यक्रम प्रसारण भइरहेका छन् । यसले भाषा संरक्षणमा त योगदान पुगेको छ नै, सम्बन्धित समुदायलाई आफ्नै भाषाबाट जागृत र सशक्त पनि बनाएको छ । रेडियोप्रति सम्बन्धित समुदायले गर्ने आफ्नोपनको अनुभूतिको फरक महत्व छ ।

अर्थात्, विविधतापूर्ण नेपाली समाजमा सामुदायिक रेडियोको भूमिका र महत्व अतुलनीय छ । पूजापाठ, बिहे-ब्रतबन्धमा आफन्त जुटाउने होस् या मृत्यु, विपत् जस्ता दुःखका बेला सूचना, जानकारी पुऱ्याउने सशक्त माध्यम स्थानीय सामुदायिक रेडियोहरू नै भएका छन् ।

बर्दियाको कुनै थारु कृषकले नजिकैको स्थानीय रेडियोबाट आफ्नै भाषामा, आफ्ना अनुभूतिहरू सुन्न/सुनाउन पाउँदाको अनुभूति हामी सामुदायिक रेडियो अभियानकर्ताहरूका लागि वास्तवमै मनभरीको आनन्द हो ।

बच्चा जन्माएर उच्च रक्तस्रावका कारण मृत्युसित जुझिरहेकी धादिङकी एक चेपाङ आमाको ज्यान रेडियोको सूचनाका आधारमा जोगिएको मर्मस्पर्शी अनुभव बागमती प्रदेशका पूर्व मुख्यमन्त्री राजेन्द्र पाण्डेले एक कार्यक्रममा सुनाउनुभएको थियो । यी र यस्ता धेरै अनुभूति हामीसँग छन् । नेपालमा सामुदायिक रेडियोको अभ्यास, योगदान र कर्म साँच्चै रोचक र मर्मस्पर्शी पनि छ ।



## नेपालमा सामुदायिक रेडियो स्टेशनहरुले सामना गरिरहेका प्रमुख चुनौतीहरु के के हुन् ?

सरकारी नीतिगत रुपमा अस्पष्ट भएकोले अव्यवहारिक र भेदभावपूर्ण व्यवहार जारी राखेको छ। सामुदायिक रेडियोमैत्री संघीय कानून हालसम्म नआउनु, प्रविधिको विकाससँग एकाकार भएर अघि बढ्न नसक्नु र आत्मनिर्भरतामा ह्रास सामुदायिक रेडियोका अहिलेका मुख्य चुनौतीहरू हुन् । आर्थिक स्रोत अभाव छ भने दक्ष जनशक्ति पाउन र टिकाउन समस्या छ । एफएम रेडियोको झन्झटिलो नवीकरण प्रक्रिया विद्यमान छ र विभिन्न नाममा दोहोरो तेहोरो कर असुल्ने काम भइरहेको छ । वर्षेनी चट्याङ, हावाहुरी लगायतका विपत्तिका कारण दर्जनौं रेडियोहरूमा लाखौंको क्षति हुने गरेको छ ।

लुम्बिनी प्रदेशका संस्थापक मुख्यमन्त्री शंकर पोखरेलले यसबारे नीति नै बनाएर विपद्मा क्षति पुगेका रेडियोका लागि राहत कोष स्थापना गर्दै राम्रो कामको शुरूवात गर्नुभएको थियो । तर, त्यसपछिका मुख्यमन्त्रीहरूले त्यो असल अभ्यासलाई दराजमा थन्क्याइदिएको अवस्था छ । यी र यस्तै

खालका अप्ठ्याराहरूको सामना गर्दै सामुदायिक सञ्चार अभियान अघि बढिरहेको छ ।

**चुनौती धेरै छन् । छाता संस्थाको नेतृत्वमा रहेर के पहल गरिरहनुभएको छ ?**

मूल कुरा नीति नै हो । राष्ट्रिय आम सञ्चार नीति २०७३ ले रेडियो प्रसारणका सवालमा तीन खम्बे (सार्वजनिक प्रसारण, सामुदायिक प्रसारण र व्यवसायिक प्रसारण) नीति अख्तियार गरिसकेको छ । यही नीतिकै भावना अनुरुप संघीय कानून बन्न सकेको छैन । सोही नीतिअनुसार कानून बनाउँदै त्यसको कार्यान्वयनमा जोड दिनुपर्छ । तर, संघीय नीति नआउँदै अहिले स्थानीय र प्रदेश सरकारले आफू अनुकूल सञ्चार सम्बन्धि कानूनहरू लागु गरिसकेको विडम्बनापूर्ण अवस्था छ । सञ्चार माध्यमको वृत्ति विकासका योजना र कार्यविधिहरू बन्नुलाई हामीले सकारात्मक ढंगले लिएका छौं । तर संघीय कानून निर्माण नहुँदै प्रदेश र स्थानीय तहमा

> सामुदायिक रेडियोका आफ्ना सकारात्मक पुराना अभ्यासहरु, सामाजिक पूँजीहरुलाई संरक्षण गर्दै नयाँ प्रविधिसँगै रेडियोलाई एकाकार गर्दै लैजाने सवालमा हामीले योजना बनाउनुपर्छ । यस्ता सम्भावना र अवसरहरुका बारेमा पक्कै यो साधारणले दिशा दिनेछ भन्ने मलाई विश्वास छ ।

ल्याइएका सञ्चार सम्बन्धि कानूनले हामी प्रसारकलाई सहजीकरणको साटो दुःख दिने काम भएको छ । सारमा, सामुदायिक रेडियो सुहाउँदो संघीय कानून अझै नबन्नु, प्रविधिको विकाससँग एकाकार भएर जान नसक्नु, जनशक्ति अभाव र आत्मनिर्भरतामा ह्रास सामुदायिक रेडियोका अहिलेका मुख्य चुनौती हुन् ।

**सामुदायिक रेडियोहरुले राजनीतिक, सरकारी र व्यापारिक हस्तक्षेपबाट बच्दै समुदायको सूचनाको अधिकार सुनिश्चित गर्न सकेका छन् ?**

अहिलेको परिवेशमा विभिन्नखाले हस्तक्षेपलाई बेवास्ता गर्दै अगाडि बढ्न

सक्नु निकै चुनौतीको कुरा हो, तर अन्य सञ्चारमाध्यमको तुलनामा सामुदायिक रेडियोहरू यो सवालमा अलि फरक छन् ।

स्थानीय रेडियोका समाचार र सूचनामा राजनीतिक सवाल हावी हुँदा कहिलेकाहीं सामुदायिक रेडियोको मर्म र भावनामा ठेस पुग्ने गरेको पनि तथ्य यथार्थ नै हो । स्थानीय राज्य संयन्त्रले दुरुपयोग गर्ने त्रास पनि हामीमाझ छ । यस्ता समस्यालाई नीतिगत व्यवस्थाबाट हल गर्न सकिन्छ । यसमा हामी प्रयासरत छौं ।

स्थानीय रेडियोहरू विकास सूचनाका साझेदार हुन् । ढिलासुस्ती र भ्रष्टाचारविरूद्ध पहरेदार पनि हुन् । यी कुरामा नीतिगत स्वीकारोक्ति नभएसम्म राजनीतिक, सरकारी र व्यापारिक हस्तक्षेपको सम्भावना रहन्छ ।

र पनि, समष्टिगत रुपमा आमनागरिकको सूचनाको अधिकार रक्षामा सफल नै छन् हाम्रा सामुदायिक रेडियोहरू । सही सूचना र सत्य समाचारमा स्थानीय रेडियोहरू अब्बल र सफल रहेकोमा सन्देह छैन । विभिन्न अध्ययन-अनुसन्धानको प्रतिवेदनले पनि यही पुष्टि गरेका छन् ।

**कुनै सामुदायिक रेडियोले लक्षित श्रोताको जीवनमा ल्याएको परिवर्तनबारे अध्ययन भएको या त्यस्ता उपलब्धि दस्तावेजीकरण भएको छ ?**

यस्ता उदाहरण धेरै छन् । यसबारे केही अध्ययन पनि भएका छन् । विस्तृत अध्ययन र दस्तावेजीकरण गर्न भने सकिएको छैन ।

नेपालमा सामुदायिक रेडियोले २५ वर्षको अवधिमा पारेको प्रभावबारे विस्तृत अध्ययन गर्नेवाला नै छौं । त्यसबाट भोलिको बाटो तय गर्न सघाउ पुग्ने हाम्रो विश्वास छ । यथाशक्य छिटो अध्ययन पूरा हुनेगरी तयारी गरिरहेका छौं जसले रेडियोको अढाइ दशक लामो अभियानका विविध पक्षबारे चित्रण गर्नेछ ।

**सामुदायिक रेडियोहरुलाई आर्थिक रूपमा सबल बनाउन के-के कदम कदम चाल्न जरूरी छ ?**

स्थानीय समुदाय, क्लब, गुठी, आमा, कृषक समूह आदि स्थानीय सामाजिक पूँजीसँग नजोडिएसम्म स्थानीय रेडियो सबल बन्दैन । दाताहरूको भरमा मात्र दीर्घकालीन रुपमा टिक्न सक्दैन । स्थानीय रेडियोहरूको दिगोपनका लागि स्थानीयता प्रबल हुनैपर्छ ।

अकोराबले अब सामुदायिक रेडियो र स्थानीय सामाजिक पूँजीहरूको सामीप्यलाई अझ बलियो बनाउन नीतिगत कदम चाल्छ । यसका लागि हामी योजनाबद्ध रुपमै अघि बढिसकेका छौं । तीन तहमध्ये सबभन्दा हाम्रो निकट सहकार्य स्थानीय सरकारसितै छ । अधिकांश स्थानीय सरकारले स्थानीय रेडियो प्रवर्द्धनमा टेवा पनि पुऱ्याइरहेका छन् । हामी यो अभ्यासलाई नीतिगत रुपमै दरिलो बनाउने पक्षमा छौं । अकोराबले पालिकाहरूमा सामुदायिक सञ्चार सम्बन्धी कानूनको मस्यौदा पठाएर सहकार्यका निम्ति घच्घच्याउने काम गरिरहेको छ ।

**तपाईंको अनुभवमा सामुदायिक रेडियोबारे मानिसहरुमा कस्ता धारणा रहेका छन् ?**

समुदायको विश्वास जित्दै काम गरेकोले रेडियोप्रतिको विश्वास कायमै छ । कतिपय मानिसले हामीलाई राजनीतिक दलको मुखपत्र भएको आरोप लगाउने गरेका छन् । दलका नेताहरूकै नेतृत्वमा सामुदायिक रेडियोहरू खुल्दा यस्तो धारणा बनेको हो । यसबाहेक अरु गलत धारणा छ जस्तो लाग्दैन ।

उसो त, सामुदायिक रेडियोका आफ्नै आचारसंहिता छन् । नेपाल पत्रकार महासंघ र प्रेस काउन्सिलले जारी गरेको आचारसंहिता पनि छ । सामुदायिक रेडियोहरू त्यसमा प्रतिबद्ध र निर्दिष्ट छन् । सत्य-तथ्य समाचारको मुख्य स्रोतका रुपमा सामुदायिक रेडियोलाई नै लिने गरिएको विभिन्न सर्वेक्षणबाट पुष्टि भएका छन् ।



प्रेस काउन्सिलको पछिल्लो अनुगमन रिपोर्टमा अन्य सञ्चारमाध्यमको तुलनामा एफएम रेडियोहरूले आचारसंहिताको पालनामा बढी ध्यान दिएको उल्लेख छ । यसबाट पनि सामुदायिक रेडियोप्रति समुदायको धारणा गलत छैन भन्ने पुष्टि हुन्छ ।

र पनि, हामी विश्वसनीयताको सवालमा गम्भीर छौं । रेडियोप्रतिको विश्वास जोगाउनु हाम्रो मुख्य कार्यभारमध्येको एक हो ।

**सूचनाप्रविधिमा आएको अभूतपूर्व क्रान्तिले विश्वभरका सामुदायिक रेडियोलाई थपिएका अवसर र चुनौती के-के हुन् ?**

सूचनाप्रविधिमा भएको विकासलाई आत्मसात् गर्न सक्दा अवसरै अवसर छ। स्थानीय रेडियोहरू प्रविधिकै कारण अब विश्वव्यापी पहुँच राख्नसक्ने

> पहिले र अबको रेडियोको स्वरूप अनि उपयोगमा आमूल परिवर्तन आउनेमा कुनै सन्देह छैन। प्रविधिसँगै एकाकार हुँदै अघि बढ्न सके सामुदायिक रेडियोका लागि अवसरै अवसर छ। मुख्य कुरा सुनुँ-सुनुँ लाग्ने बनाउन सक्नु पर्‍यो रेडियोलाई।

हैसियतमा पुगेका छन् । परम्परागत श्रोतामाथि आधुनिक श्रोताहरू थपिएका छन् । विश्वको जुनसुकै कुनामा रहे पनि श्रोताले चाहेको स्थानीय रेडियो ट्यून गर्न सक्छन् ।

पहिले र अबको रेडियोको स्वरुप अनि उपयोगमा आमूल परिवर्तन आउनेमा कुनै सन्देह छैन । प्रविधिसँगै एकाकार हुँदै अघि बढ्न सके सामुदायिक रेडियोका लागि अवसरै अवसर छ। मुख्य कुरा सुनुँ-सुनुँ लाग्ने बनाउन सक्नु पर्‍यो रेडियोलाई । रेडियोलाई प्रविधिसँगै अगाडि बढाउन सरकार र सरोकारवाला संस्थाहरूको साझेदारी हुनुपर्छ। हामीले आगामी वर्षभित्रै शुरु हुनेगरी यस्तो योजना बनाएका पनि छौं । यसका लागि अन्तर्राष्ट्रिय साझेदार संस्थाहरूसित पनि सहकार्यको कुरा भइरहेको छ । यसमा सरकारी आश्वासन पनि आएको छ ।

**तपाईं नेतृत्वको कार्यकालका हालसम्मका उपलब्धि के हुन् ?**

हाम्रो निरन्तरको पहलमा सामुदायिक रेडियोका लागि विद्युत महसुलमा झण्डै ३६ प्रतिशतसम्म छुट दिने नीति विद्युत प्राधिकरणले लिएको छ । राज्यस्तरबाट भएको यो अत्यन्तै सह्रानीय कार्य हो । यत्तिले मात्रै पुग्दैन, हामीलाई सामुदायिक सिँचाई सरहको सहुलियत दिनुपर्छ भन्ने हाम्रो मागलाई आगामी दिनमा अझै सशक्त बनाउँदै लैजाने योजना छ। संघको तर्फबाट सामुदायिक रेडियो विपद् कोष स्थापना भएको छ । यो कोषमा तीन तहकै सरकार, समुदाय र दातृ संस्थाहरूको सहयोगमा कोषलाई पूर्ण बनाएर त्यसको माध्यमबाट अप्ठ्यारोमा परेका रेडियोलाई सहयोग गर्ने काम अघि बढाइएको छ ।

यसै वर्षदेखि दक्ष रेडियो इन्जिनियरसहितको टीम प्रत्येक रेडियोमा पठाएर प्राविधिक जाँच, विपद्का सावधानी र प्राविधिक रुपमा सुधारका सम्भावनाबारे सहजीकरण गर्ने काम सुरू हुँदैछ । विषयगत, सीमान्तकृत समुदाय लक्षित, विकट जिल्ला र क्षेत्रमा वा शहरबाट ग्रामीण तहमा विकेन्द्रित हुन चाहने रेडियोका लागि विशेष उत्प्रेरणा सहितको योजना बनाएका छौं । यसले ग्रामीण समुदायको सूचनाको अधिकारलाई अझै स्थापित गर्नेछ । यसका साथै रोयल्टी मिनाहाको लागि नीतिगत व्यवस्था गरी दोहोरो तेहरो कर असुली अन्त्य गर्न सरकारलाई सशक्त दबाव दिने काम भैरहेको छ ।

प्रदेश र स्थानीय तहमा सामुदायिक रेडियोको अस्तित्व स्वीकार्ने गरी सञ्चार सम्बन्धि कानून निर्माण भएका छन् । भलै कतिपय प्रदेशका कानूनी प्रावधानप्रति हाम्रा केही असहमति कायमै छ, तर कम्तिमा सामुदायिक रेडियोको अस्तित्व स्वीकार गरेर कानून बनेको अवस्था छ ।

लोककल्याणकारी विज्ञापन मासिक गर्ने र निर्धारित बजेटमा वृद्धिका लागि सरकारसँग पैरवी गरिरहेका छौं । तीन तहकै सरकारले सामुदायिक रेडियोको संरक्षणका लागि विशेष नीति बनाउनुपर्ने मागलाई सशक्त ढंगले उठाउने योजनामा छौं ।

**यदाकदा छाता संस्थाले अभिभावकत्व ग्रहण गर्न सकेन भन्ने गुनासाहरु सुन्ने गरिन्छ नि ?**

हरेक सदस्य रेडियो स्टेशनका अपेक्षा र गुनासा छन्, जसलाई पूरा गर्न इमान्दार प्रयास गरेका छौं । पछिल्लो समय कोरोना विपद र त्यसयताको असरका कारण समस्या बढेका छन् । यस्तो बेला अपेक्षा बढ्नु स्वाभाविक

छ। महाव्याधि र आर्थिक मन्दीको असर संघलाई पनि परेको छ। कतिपय कारणले योजना र चाहना अनुसारका काम हुन सकेका छैनन् । तर, अब विस्तारै सबै कुरा सहज हुन्छ र सदस्य रेडियोहरूले अनुभूति गर्ने गरी काम हुन्छ भन्ने विश्वास म दिलाउन चाहन्छु। हामी आफैं अब रेडियोका आँगनसम्म पुगेर यसबारे संवाद र उपाय खोज्दैछौं । साधारणसभा लगत्तै यी काम सुरू हुन्छन् ।

**भविष्यका लागि अरू के योजना छन् ?**

अब सामुदायिक रेडियोको दायरा फराकिलो बनाउन सक्नुपर्छ। प्रविधिगत विकासलाई गज्जबले उपयोग गर्न सक्दा सामुदायिक रेडियोको भविष्य उज्ज्वल छ । श्रोताको दायरा फराकिलो हुँदै आएको छ । अब प्रविधि अनुसारको सोच र मिहिनेत चाहिएको छ । पुरानै उपयोगको तरिकामा रमाउने हो भने रेडियोको भविष्य छैन ।

पुराना सामाजिक पूँजीहरूको संरक्षण एउटा कुरा हो, तर अब पुरातन सोच र शैलीले सामुदायिक रेडियोको साख जोगाउन सकिने अवस्था रहेन । यसमा हामी प्रष्ट हुनैपर्छ । तसर्थ, नयाँ प्रविधिसँग रेडियोलाई एकाकार गर्दै लैजाने योजना बनाउँदैछौं । अर्को सालबाट यो अभियान शुरु हुनेछ । सामुदायिक रेडियोहरूमा हावाहुरी, चट्याङको जोखिम न्यून गर्न पूर्व सावधानीका प्राविधिक सेवा पुऱ्याउने काम भने यही वर्ष गर्दैछौं ।



सामुदायिक रेडियोलाई महसुलमा ३६ प्रतिशतसम्म छुट दिने नीति नेपाल विद्युत् प्राधिकरणले लिएको छ । यो सराहनीय हो । टेलिफोन र इन्टर



नेटको महसुल दरमा पनि यस्तै सहुलियत दिइनुपर्छ भन्ने हाम्रो माग छ । यो सुविधा कार्यान्वयनका लागि सशक्त ढंगले लाग्छौं । तीनवटै तहका सरकारले सामुदायिक रेडियो संरक्षणका लागि विशेष नीति बनाउनुपर्छ भन्ने हाम्रो माग छ । यसलाई पनि यो कार्यकालमा अघि बढाउँछौं ।

अकोराबको तर्फबाट सामुदायिक रेडियो विपद् कोष स्थापना भएको छ । तीन तहकै सरकारका साथै दातृ संस्थाहरूको पनि सहयोगमा कोषलाई पूर्ण बनाएर अप्ठ्यारोमा परेका रेडियोहरूलाई सहयोग गर्ने प्रक्रिया अघि बढाइएको छ ।

पूर्ण रुपमा रोयल्टी मिनाहाको नीतिगत व्यवस्था र दोहोरो, तेहरो कर असुली अन्त्य गर्न सरकारलाई सशक्त दबाव दिने रणनीति बनाएका छौं । मासिक रुपमा लोककल्याणकारी विज्ञापन उपलब्ध हुने व्यवस्थाका लागि सरकारसँग पैरवी लगायत योजना छन् ।

विषयगत रुपमा सञ्चालित, सीमान्तकृत समुदायद्वारा सञ्चालित, विकटमा सञ्चालित र शहरबाट ग्रामीण क्षेत्रमा विकेन्द्रित रेडियोका लागि विशेष व्यवस्थासहितको योजना बनाउँदैछौं । यसले ग्रामीण समुदायको सूचनाको अधिकारलाई अझ स्थापित गर्नेछ । •

LJRF/

# इन्फोडेमिकमा रेडियो

इन्फोडेमिक मानव जीवनको अस्तित्वलाई नै संकटमा पार्न सक्ने अवस्थाको रूपमा घोषणा गरिनुको कारण महाव्याधि संक्रमणको भयावह विस्तारसँगै कोभिड-१९ सँग सम्बन्धित वा असम्बन्धित जनस्वास्थ्यका गलत सूचना तथा जानकारीको यस्तो सुनामी फैलिनु थियो।



डा. सुधांशु दाहाल

लोकतन्त्रको एउटा बलियो आधारस्तम्भ जानकार नागरिक हुन् । मिडिया र खासगरी रेडियो सम्बन्धी अध्ययनहरूले के देखाएका छन् भने अधिकांश नागरिक सबै कुरामा पूर्ण जानकार नहुन सक्छन्, तर अनभिज्ञ नागरिकले समुदायका वैचारिक नेता वा अगुवालाई जानकारीको बलियो स्रोतका रुपमा लिएका हुन्छन् ।

जीवनमा महत्व राख्ने विषयको अनभिज्ञता नागरिकका लागि हानिकारक हुनसक्छ । यसमा के बुझ्नुपर्दछ भने अनभिज्ञ हुनु र गलत बुझाइ दुई फरक कुरा हुन् । गलत बुझाइमा गलत विश्वास निहित रहन सक्दछ, जुन हानिकारक हुनसक्छ । गलत विश्वास विकसित हुँदै जाँदा गलत सूचना प्रवाहको संभावना बढ्दै जान्छ र त्यो नियतवश सम्प्रेषित झूट बन्न पुग्दछ ।

गलत सूचना गलत रुपमा दाबी गरिएको जानकारीमा मात्र आधारित हुँदैन, कुनै अपूर्ण जानकारीको गलत निष्कर्ष निकाल्दा पनि गलत सूचना

> शिक्षाको स्तर न्यून रहेको हाम्रो समाजमा रेडियोको थप महत्व रहने कुरामा दुईमत छैन । त्यही रेडियोका सञ्चारकर्मी इन्फोडेमिकबारे अनभिज्ञ रहे भने यसबाट जनस्वास्थ्यमा कस्तो असर पर्ला ?

बन्न जान्छ । प्रायशः आम मानिसले अपूर्ण जानकारीलाई आफ्नो सीमित बुझाइका आधारमा पूर्णता दिन खोज्दछ । यस्तोमा सञ्चारका माध्यम, त्यसमा पनि रेडियो जस्तो प्रभावकारी माध्यमबाट सही सूचना सम्प्रेषण हुन सकेन भने गलत सूचना प्रत्युत्पादक हुन जान्छ ।

छोटा, आकर्षक र पुनरावृत्ति हुने कारण रेडियो कार्यक्रम बढी प्रभावकारी हुन्छ । त्यसले गैरसैद्धान्तिक मनोभावमा आधारित विचारलाई बढावा दिन्छ । जस्तो- संसदमा कुन दलको बहुमत छ ? तर, गलत जानकारीमा आधारित छ भने यसले सैद्धान्तिक मनोभावमा आधारित विचारलाई प्रबल बनाउँछ, जुन जडसूत्र विचार बन्न पुग्छ । जस्तो- दाता राष्ट्रको निहित स्वार्थपूर्ति नै द्विपक्षीय अनुदानको शर्त हो । यस्ता दीर्घकालीन असरका पेचिला सामाजिक विषयमा सम्प्रेषण गर्न बन्ने रेडियो कार्यक्रम तथ्यगत

सूचनाको आधारमा मात्र निर्माण हुनुपर्दछ। रेडियो कार्यक्रमको असर सुन्नु र सुनाउनुमा मात्र रहँदैन, अपितु यो नागरिकको सामाजिक-राजनीतिक सहभागिताको बलियो आधार समेत बन्ने गर्दछ ।

सार्वजनिक सरोकारका विषयमा आम नागरिकको चासो वृद्धि, सामाजिक-राजनीतिक आन्दोलनप्रति सही बुझाइ र नागरिकको समग्र चेतना विकास समेतमा रेडियो कार्यक्रम प्रभावकारी रहने गर्छ। रेडियोबाट प्रसारित पुरातन र जड विचारहरूले कुनै पनि समाजलाई प्रतिगमनको दिशामा धकेल्दछ ।

श्रोता-रेडियो सम्बन्ध माध्यमसँगको सामान्य परिचयभन्दा बढी प्रवृत्ति र आचरण निर्माणमा रहन्छ । यसबाट सामाजिक-राजनीतिक वास्तविकतामाथि आम बुझाइ बन्ने गर्दछ । सञ्चारमाध्यमको भूमिका सम्बन्धमा प्रतिपादित सिद्धान्तहरूको आधारमा हेर्दा मिडियाबाट सम्प्रेषित सूचनाले सामाजिक-राजनीतिक विषयमा आम मानिसमा एउटा बलियो धारणा विकास हुने देखिन्छ । यस्तो प्रकृतिको जानकारी सम्प्रेषण गलत सूचनाको आधारमा हुनगयो भने चाहिं समाजमा नकारात्मक असर परेर आम मानिस एकपछि अर्को गलत निर्णय गर्न थाल्दछ ।

कोभिड-१९ महाव्याधिका बेला मिडिया प्रयोगमा यस्तै देखिएको थियो । कोरोना भाइरस विश्वव्यापी बन्दै गएपछि विश्व स्वास्थ्य संगठनले ११ मार्च २०२० मा 'अन्तर्राष्ट्रिय चासोको सार्वजनिक स्वास्थ्य आपत्काल' भन्दै कोभिड-१९ लाई महाव्याधिको रुपमा घोषणा गऱ्यो । २८ मार्चमा संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो ग्युटेरेसले पनि महाव्याधिसँगै



गलत सूचना संप्रेषणबाट सृजित 'इन्फोडेमिक' समेतबाट गुज्रिरहेको विश्वमा मानवको अस्तित्वगत संकट निम्त्याउन सक्ने चेतावनी दिए ।

इन्फोडेमिक मानव जीवनको अस्तित्वलाई नै संकटमा पार्न सक्ने अवस्थाको रुपमा घोषणा गरिनुको कारण महाव्याधि संक्रमणको भयावह विस्तारसँगै कोभिड-१९ सँग सम्बन्धित वा असम्बन्धित जनस्वास्थ्यका गलत सूचना तथा जानकारीको यस्तो सुनामी फैलिनु थियो जसबाट कैयौं मुलुकका मानिसको स्वास्थ्यमा दीर्घकालीन असर त पर्‍यो नै मृत्युको शिकार समेत हुनुपर्‍यो । जस्तो- लस एन्जेलिस टाइम्स पत्रिकाका अनुसार मिथानोल पिएमा कोभिड निको हुने गलत सूचना सम्प्रेषणका कारण इरानका ३०० मानिसले ज्यान गुमाउनु पर्‍यो भने थप १००० सिकिस्त बिरामी परे । औद्योगिक प्रयोजनको मिथानोल मानव शरीरका लागि विष समान अल्कोहल हो ।

अब प्रायः पत्रपत्रिकामा प्रकाशित प्रमुख समाचार रेडियोमा वाचन गरिने हाम्रो मुलुकमा यस अवस्थाको कल्पना र त्यसको संभावित परिणामको

दीर्घकालीन असरका पेचिला सामाजिक विषयमा सम्प्रेषण गर्न बन्ने रेडियो कार्यक्रम तथ्यगत सूचनाको आधारमा मात्र निर्माण हुनुपर्दछ। रेडियो कार्यक्रमको असर सुन्नु र सुनाउनुमा मात्र रहँदैन, अपितु यो नागरिकको सामाजिक-राजनीतिक सहभागिताको बलियो आधार समेत बन्ने गर्दछ।

आकलन मात्रै गर्‍यौं भने पनि गलत सूचना र जानकारीको भयावहताबारे सहजै अनुमान लगाउन सक्छौं । शिक्षाको स्तर न्यून रहेको हाम्रो समाजमा रेडियोको थप महत्व रहने कुरामा दुईमत छैन । त्यही रेडियोका सञ्चारकर्मी इन्फोडेमिकबारे अनभिज्ञ रहे भने यसबाट जनस्वास्थ्यमा कस्तो असर पर्ला ?

कोभिड-१९ महाव्याधिले विश्वभरको अर्थ-व्यवस्थामा गम्भीर असर गरेको

छ । यसक्रममा वस्तु तथा सेवा उत्पादन, उपभोग र सूचना दिने, प्रतिक्रिया जनाउन प्रयोग गरिने नयाँ मिडिया प्रविधिबाट हामी यस नयाँ रोगबारे थप ज्ञान र प्रमाण व्यापक रुपमा प्रसार गर्न सक्षम भएका छौं । यद्यपि, यिनै मिडिया प्लेटफर्महरू पनि झूटको वाहक समेत बने । विश्वभर नै गलत जानकारी समेतको द्रुत प्रवाह र प्रवर्द्धन भइरहेको छ ।

यस प्रसङ्गमा राष्ट्रसंघका महासचिव र विश्व स्वास्थ्य संगठनका महानिर्देशक दुवैले महामारी सम्बन्धी इन्फोडेमिक समेतको विरूद्धमा लाग्नु परेको घोषणा गरेका छन् । महामारीबारे सहीका साथै केही गलत जानकारी पनि फैलिएको छ । त्यसलाई व्यवस्थित नगर्दाको अवस्थामा फैलने इन्फोडेमिकले सार्वजनिक स्वास्थ्य प्रक्रियामा विज्ञानप्रतिको विश्वासलाई नै कमजोर पार्छ ।

यो पनि देखिएको छ कि इन्फोडेमिक्सले विद्यमान सामाजिक असमानता, कलंक, लैंगिक असमानता र पुस्ता बीचको दरार बढाउँदै समाजको एकता समेतमा बाधा पुऱ्याइरहेछ । इन्फोडेमिक्स नयाँ घटना होइन, तर जानाजान गलत जानकारी फैलाउनु कोभिड-१९ प्रकोप वरपरको अभूतपूर्व अवस्था हो । नयाँ प्रविधि र सोसल मिडिया प्लेटफर्मले ल्याएका अवसर र चुनौतीका कारण, डिजिटल युगको पहिलो महामारीका बीच भएको इन्फोडेमिक पहिले भन्दा बढी खतरनाक र चुनौतीपूर्ण छ ।

सूचनाको यस्तो व्यापकताले कुनै सीमा जान्दैन र हाम्रो भौतिक साथै डिजिटल क्षेत्रहरूलाई असर गर्दछ । हामीले सूचना स्वच्छता र जनस्वास्थ्यको हकको अभ्यास गरिरहँदा इन्फोडेमिकको व्यवस्थापन थप महत्वपूर्ण हुँदै गएको छ । इन्फोडेमिक व्यवस्थापनको पाटोमा अनलाइन र अफलाइन दुवै क्षेत्रमा हुने गलत अभ्यासविरूद्ध सहकार्य गर्न सकिन्छ ।

७३औं विश्व स्वास्थ्य सम्मेलन र संसारभरका स्वास्थ्य मन्त्रीहरूको रियाद सम्मेलनको सर्वसम्मत कोभिड-१९ घोषणापत्रमा विश्व जनसंख्यालाई कोभिडबारे भरपर्दो र विस्तृत जानकारी दिन आवश्यक रहेको भनिएको छ । इन्फोडेमिक विरूद्ध व्यक्ति र समुदायलाई ज्ञानद्वारा सुसज्जित गर्न उपयुक्त उपायहरू अवलम्बन गर्ने घोषणा गरिएको छ । यसका लागि माथिबाट सही स्वास्थ्य जानकारीलाई बढावा दिने र तल गलत सूचनालाई चिर्दै हानि कम गर्न आह्वान गरिएको छ । धनी मुलुकहरूका स्वास्थ्यमन्त्रीले इन्फोडेमिकविरूद्ध हस्तक्षेपकारी भूमिका खेल्न विश्वभरका संचारकर्मीलाई अपील गरेका छन् ।

पहुँच र सरलताका दृष्टिले सबभन्दा महत्वपूर्ण सञ्चारमाध्यम रेडियोका पत्रकारहरूले कोभिड-१९ इन्फोडेमिक विरूद्ध प्रसार सामग्री तयार पार्दा निम्न बुँदामा प्रतिबद्ध हुन आवश्यक छः

१. इन्फोडेमिक भनेको सूचनाको त्यो सुनामी हो, जसमा केही सही र केही गलत जानकारी महामारीसँगै फैलिन्छ । ख्याल गरौं, यसलाई हटाउन सकिँदैन तर व्यवस्थित गर्न सकिन्छ ।

२. इन्फोडेमिक व्यवस्थापनले महाव्याधिका कारण जनस्वास्थ्यमा पर्ने प्रत्यक्ष र अप्रत्यक्ष नकारात्मक प्रभावहरू कम गर्न सक्छ भन्ने मानौं । साथै यसले विज्ञान, सरकार र स्वास्थ्यकर्मीप्रति बढ्दो अविश्वास र सामाजिक ध्रुवीकरणलाई रोक्छ भन्ने पनि मान्नुपर्छ ।

३. इन्फोडेमिकलाई सही तरिकाले सम्बोधन गर्न सबैको सामूहिक भूमिका हुन्छ भन्नेमा जोड दिऔं ।

४. पूर्ण सामाजिक दृष्टिकोण विकास गर्दै समुदायको संलग्नतामा आफ्ना रेडियो सामग्रीहरू उत्पादन, प्रमाणीकरण र प्रसारण गरौं, जसले महामारी र महामारीको समयमा स्वस्थ व्यवहारको वकालत गरोस् ।

५. रेडियो सामग्री बनाउँदा अभिव्यक्ति स्वतन्त्रताप्रति प्रतिबद्ध भई डिजिटल प्रविधि र डाटा विज्ञानको प्रयोग गर्दै इन्फोडेमिक प्रबन्ध गर्न समाधानमुखी कार्यक्रम निर्माणमा प्रतिबद्ध बनौं ।

६. विज्ञानलाई आम मानिसले बुझ्ने र अझ बढी सुलभ बनाउन, जानकारीको विश्वसनीयता कायम राख्न र प्रमाण-सूचित नीतिहरूलाई बढावा दिने प्रयास गरौं, जसबाट विज्ञानमा आम मानिसको विश्वास बढोस् ।

७. कोभिड-१९ इन्फोडेमिक व्यवस्थापनका लागि आफूले गरेका अभ्यासमा अरु सञ्चारकर्मीलाई पनि जोडौं, जसबाट अनुभव आदानप्रदान हुनसकोस् । ●

**प्रमुख, भाषा तथा आमसञ्चार विभाग, स्कूल अफ आर्टस्,**
**काठमाडौं विश्वविद्यालय**

# समाज रूपान्तरणका लागि सामुदायिक रेडियो

नेपालका सामुदायिक रेडियो स्थानीय मौलिकतामा आधारित छन् । सामुदायिक रेडियोहरुले लोक संस्कृति, रीतिरिवाज, परम्परा, कला, सभ्यताको संरक्षण तथा सम्वर्द्धनमा ठूलो टेवा पुऱ्याएका छन् ।



विष्णु अवस्थी

दोस्रो विश्वयुद्धपछि बनेका नयाँ राष्ट्र-राज्यहरूमा तथाकथित विकासको नाममा कब्जाको दौड शुरु भयो । त्यो प्रतिस्पर्धा व्यापार, आयात-निर्यात, सन्धि जस्ता शर्तहरूबाट शुरु भयो । त्यसैबेला बोलिभियाका खानी मजदूर हरूले आफ्नो हित रक्षाका लागि माइनर रेडियो चलाए । उनीहरूलाई संगठित गर्न त्यस रेडियोको महत्वपूर्ण भूमिका रह्यो । पछि विकासोन्मुख राष्ट्रहरूले निःशुल्क सूचना प्रवाहको माध्यम खोजी गर्ने क्रममा एफएम रेडियोको जन्म भएको इतिहास छ । त्यो बेलासम्म सूचना प्रणालीको हिस्सा बन्न नसकेका विकासोन्मुख राष्ट्रहरूलाई सरल र सस्तो सूचनाको माध्यमसँग जोडिन आवश्यक थियो ।

संयुक्त राष्ट्रसंघको प्रमुख अंग संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक र सांस्कृतिक संगठन (युनेस्को)ले विकासोन्मुख राष्ट्रहरूमा स्वतन्त्र सूचना प्रवाह र विकासका लागि रेडियोबाट निःशुल्क सूचना प्रवाहको अभियान थाल्यो । विकासोन्मुख देशमा सञ्चारप्रविधिको विकासलाई व्यापकता दिने मुख्य लक्ष्य लिएको युनेस्कोले सामुदायिक रेडियोको विकासमा ठूलो बजेट

> हाम्रा सामुदायिक रेडियोहरु निष्पक्ष सूचना प्रवाहसँगै स्वस्थ मनोरञ्जन समेत प्रदान गर्दै नाफारहित प्रसारणमा अब्बल छन् । यो नै सामुदायिक रेडियोको मूल विशेषता हो ।



खर्च गर्न थाल्यो । नेपालमा पनि सामुदायिक सञ्चारको विकास हुनुमा युनेस्कोको ठूलो सहयोग रह्यो ।

नेपालका सामुदायिक रेडियो स्थानीय मौलिकतामा आधारित छन् । सामुदायिक रेडियोहरूले लोक संस्कृति, रीतिरिवाज, परम्परा, कला, सभ्यताको संरक्षण तथा सम्वर्द्धनमा ठूलो टेवा पुऱ्याएका छन् । त्योसँगै सामुदायिक सम्पदा तथा मूल्य-मान्यताको संरक्षण, सामुदायिक सवाललाई सरकारको कार्यसूचीमा समावेश, देश विकासमा समुदायको योगदानबारे छलफल, समुदायको सशक्तीकरणमा योगदान नेपालका सामुदायिक रेडियोहरूको मुख्य लक्ष्य हो । सामुदायिक रेडियोहरू समुदायका समस्या समाधानका लागि सबभन्दा उपयुक्त माध्यमका रुपमा विकसित भएका

छन् ।

नेपालमा सञ्चालित सामुदायिक सञ्चारमाध्यमहरूमध्येको अग्रणी सामुदायिक रेडियोहरू नै हुन् । यिनीहरूले विश्वको प्रमुख समस्या जलवायु परिवर्तन, विपत् जोखिम न्यूनीकरण र शान्ति स्थापना जस्ता मुद्दाहरूमा सचेतना फैलाउने काम गरिरहेका छन् । समुदायको विचार विकास र राजनीतिक परिवर्तनमा पनि सामुदायिक रेडियोहरूको विशेष योगदान रहिआएको छ । लोकतान्त्रिक गणतन्त्र स्थापनामा समुदायलाई सचेत गराउने सवालमा होस् या आर्थिक, सांस्कृतिक, राजनीतिक गतिविधि सम्बन्धी सूचना प्रवाहमा; सामुदायिक रेडियोको महत्वपूर्ण योगदान छ ।

हाम्रा सामुदायिक रेडियोहरू निष्पक्ष सूचना प्रवाहसँगै स्वस्थ मनोरञ्जन समेत प्रदान गर्दै नाफारहित प्रसारणमा अब्बल छन् । यो नै सामुदायिक रेडियोको मूल विशेषता हो । यिनीहरू समुदायको प्रचार-प्रसारको सरल, सहज माध्यम मात्र होइनन्, समुदायले स्वतन्त्र रुपमा छलफलको लागि आफ्ना मुद्दा प्रस्तुत गर्न सक्ने साझा मञ्च पनि बनेका छन् । जब कुनै समुदायको भाषा, संस्कृति, कला, रीतिरिवाज वा भेषभुषाबारे रेडियोबाट कार्यक्रम प्रसारण हुन्छ तब त्यसले सम्बन्धित समुदायमा अपनत्व बढाउँछ । त्यस अलवा अन्य समुदायलाई पनि आफ्ना भाषा, संस्कृति, कला, रीतिरिवाज र भेषभुषा संरक्षणमा प्रेरित गर्छ ।



रेडियोहरूले बालबालिका, महिला, पुरूष, वृद्धवृद्धा, युवाका लागि कार्यक्रम प्रसारण गर्दा समुदायभित्र लुकेर रहेका प्रतिभाहरू प्रस्फुटन हुन्छन् र समुदाय विकासका लागि नयाँ आयामको शुरूआत हुन्छ । यस्तो हुँदाहुँदै



पनि रेडियो कार्यक्रमप्रति कतिपय मानिसको बुझाइ र दृष्टिकोण फरक पाइन्छ । यो अवस्थामा सामुदायिक रेडियोहरूले प्रसारण सामग्री तयार गर्दा केही महत्वपूर्ण कुरामा ख्याल राख्नुपर्छ :

- समुदायको भाषा समुदायको लागि सञ्चारको माध्यम हुनुपर्छ ।
- सामुदायिक रेडियोबाट प्रसारण हुने कार्यक्रमहरूको विषयवस्तु र छलफलका मुद्दाहरू समुदाय विशेषको हुनुपर्छ ।
- कार्यक्रमको प्रस्तुतिको शैली समुदाय सुहाउँदो हुनुपर्छ ।
- सामुदायिक रेडियो कार्यक्रमहरू समुदायमा विश्वासयोग्य हुनुपर्छ ।
- समुदायको आवश्यकता पहिचान गरी कार्यक्रम प्रसारण गर्नुपर्छ ।

साथै,

- हामीले प्रसारण गरेका कार्यक्रमहरूले देशको सार्वभौमिकता, एकता र अखण्डतामा योगदान पुऱ्याउँछ कि पुऱ्याउँदैन ?
- राष्ट्र, राष्ट्रियता, राष्ट्रिय संस्कृति आदिको प्रवर्द्धन गर्छ कि गर्दैन ?
- नागरिकहरूलाई देश विकासमा योगदान पुऱ्याउन प्रेरित गर्छ, गर्दैन ?
- ज्ञान, मनोवृत्ति र सीपहरू विकास गरी सक्षम नागरिक बन्न मद्दत गर्छ, गर्दैन ?
- शासन र समुदायबीचको दूरी घटाउन मद्दत गर्छ कि गर्दैन ?
- दक्षता र उद्यमलाई प्रोत्साहन गर्छ कि गर्दैन ?
- सीमान्तकृत, पिछडिएको वर्ग वा समुदायको आवाज मुखरित गर्छ, गर्दैन ?
- समुदायका मानिसहरूलाई सामाजिक गतिविधिमा सहभागी हुन प्रोत्साहन गर्छ कि हतोत्साहन ?
- कुरीतिहरू विरूद्ध जनचेतना जगाउन र अन्धविश्वास हटाउन मद्दत पुग्छ, पुग्दैन ?
- स्वास्थ्य, शिक्षा, विज्ञान र प्रविधिबारे जानकारी दिन्छ कि दिंदैन ?

उत्पादित र प्रसारित कार्यक्रमले विकास र आधुनिकीकरणमा योगदान गर्छ कि गर्दैन भन्ने कुरामा पनि ध्यान दिनुपर्दछ। यसका साथै नीतिगत अन्योल

र संस्थाभित्रका कमी-कमजोरीदेखि राजनीतिक झुकाव र गुटबन्दीसम्मका कुराहरू हटाउनुपर्छ । सिकारू वा स्वयंसेवकमा मात्र भर नपरी दक्ष तथा परिपक्व सञ्चारकर्मी र कार्यक्रम उत्पादकहरू समेट्ने कोशिश हुनुपर्छ । बेलाबेला श्रोता सर्वेक्षण र अभिमुखीकरण तालिम हुनुपर्छ ।

सूचना र प्रविधिको यो युगमा मानिसले सूचना लिन अनेक साधन प्रयोग गरिरहेका भए पनि नेपालका दूरदराजमा सूचनाको मुख्य स्रोत भनेका सामुदायिक रेडियोहरू नै हुन् । सामुदायिक विकास 'तलदेखि माथि' अर्थात् सामुदायिक सहभागिता र स्थानीय सशक्तीकरणबाट मात्र सम्भव छ, जुन सामुदायिक रेडियोहरूले निःशुल्क गरिरहेका छन् । त्यसैले सरकारले सामुदायिक रेडियोको संरक्षण गर्नु जरुरी छ ।

सरकारले सामुदायिक रेडियोहरूबाट विभिन्न कर, शुल्क उठाउनेभन्दा नियमित अनुदान दिने, स्थानीयस्तरमा रेडियो सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाउने, लोककल्याणकारी वा जनहितका विज्ञापन सहज बनाउने, उपयोगी कार्यक्रम चलाउने रेडियोलाई पुरस्कार दिने चलन बसाउन सके नेपालमा ग्रामीण क्षेत्रको विकासमा निकै सहयोग पुग्ने सहज अनुमान गर्न सकिन्छ । ●

(**वरिष्ठ उपाध्यक्ष, सामुदायिक रेडियो प्रसारक संघ, अकोराब**)

नेपाली रेडियो अभियान

# अबका चार सम्भावना

विषय केन्द्रित भएर आफ्ना श्रोता अनि स्रोत पहिल्याउने, 'मर्जर' वा 'एक्विजेसन'मा जाने, 'कन्टेन्ट' उत्पादन तथा प्रसारणमा साझेदारी गरेर उत्पादन खर्च घटाउने र रेडियो नभएको ठाउँमा सार्ने अबका चार सम्भावना हुन् । रेडियोको स्थान परिवर्तन श्रोताका हितमा पनि छ ।



तुला अधिकारी

रेडियो भनेको आवाज सुनाउने माध्यम हो । रेडियोमा सुनेका कुरा श्रोताको मनमा चित्र बनेर बस्दछ । रेडियो माध्यमको सबभन्दा ठूलो शक्ति या विशेषता नै यही हो । ताररहित सुनाउने माध्यम अर्थात् रेडियोको आकारप्रकार बदलिंदै आए पनि मानिसको मनमा रेडियो सेटको एउटा आकृति बसेको छ। यो आकृति बन्न करीब एक सय वर्ष लागेको छ ।

शुरुमा यति सानो रेडियो सेटभित्र बसेर मान्छे कसरी बोल्छन् भनेर सुन्नेहरू अचम्ममा पर्थे । पूर्व सञ्चारमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले सानो छँदा भित्रका मान्छे हेर्न रेडियो खोलखाल पारेर बिगारेको गत वर्ष एउटा औपचारिक कार्यक्रममा सुनाउनुभएको थियो ।

पछिल्ला दिनमा सूचनाप्रविधिको फड्कोले रेडियोको यस्तो आकृति हराउने हो कि भन्ने चिन्ता शुरु भएको छ। यससँगै श्रोता घटेर रेडियोको उपादेयता सकिने हो कि भन्ने पनि छ। यस्तो बेला अबका सम्भावना के हुन सक्लान् भन्नेमा यो आलेख केन्द्रित छ ।

माध्यम त समयसँगै फेरिंदै जान्छन् । सूचना वा सन्देशका लागि हिजो डाँक सेवाको युग थियो अनि ढोल पिट्ने समय आयो । त्यसपछि लाउडस्पिकरको हुँदै रेडियो सेटको समय आयो । हाते रेडियो सेटसम्म आइपुग्दा एअरफोन जोडेर सुन्न मिल्ने रुपमा बदलियो। आवाज कहाँबाट र कसरी आउँछ, प्राविधिक कुरा हो। मूल कुरा त्यो आवाज कसले, किन र कसका लागि बनाउँछ भन्ने हो ।

यसरी सोच्न थाल्दा रेडियो माध्यमको भविष्यको चिन्ता भन्दा बढी हामी रेडियोकर्मीले अहिले गरिरहेको भूमिकाको लेखाजोखा गर्नु जरुरी लाग्छ । हो, हाम्रो कामको समीक्षा जरुरी छ। यो नै आजको आवश्यकता हो ।

हिजोआज रेडियो सेट मात्र बेच्ने पसल देखिंदैनन्, तर ब्याट्री हाल्न नपर्ने हरतरहका रेडियो सेट बजारमा पाइन्छन् । अडियो सुनाउन अरु थुप्रै विकल्प थपिएका छन्। खासमा रेडियो सेटका विकल्प बढेका छन्। सवाल यिनको उपयोग कसरी गर्ने ? श्रोताका लागि के दिने वा चाहिएको के हो ? भन्ने हो। घोत्लिनुपर्ने सवाल यी हुन् ।

अमेरिका, बेलायत, इटली, नर्वे जस्ता विकसित देशहरूमा रेडियोको स्वर्णयुग छ अहिले । त्यहाँका ठूल्ठूला कम्पनीहरूले रेडियो माध्यममा डिजिटल प्रविधिका लागि लगानी बढाइरहेका छन् । त्यहाँ त रेडियो मिडिया 'डेट एक्सपायर' भएको छैन भने हाम्रो जस्तो अन्य मिडियालाई

तल्लो तहमा पुग्न कठिन भूगोल, साक्षरता दर र गरीबी भएको मुलुकमा रेडियोको भविष्यबारे चिन्ता गर्नुपर्ने कुरै होइन ।

संसारभर रेडियोलाई गरीबको आफ्नो मिडिया मानिन्छ । सस्तो उपकरणमा निःशुल्क सुन्न सकिने चिज हो, रेडियो । पत्रिका पढ्न, टेलिभिजन हेर्नभन्दा सजिलो पनि छ रेडियो सुन्न । अरु काम गर्दै पनि रेडियो सुन्न सकिन्छ । कामकाजीका लागि यो बढी सहज छ, त्यसैले संसारभर यो मिडिया लोकप्रिय छ र लोकप्रिय नै रहनेछ ।

रेडियोको भविष्यमाथिको प्रश्न अहिले असामयिक र निरर्थक पनि छ । समस्या यो माध्यममा होइन, हामी रेडियोकर्मीको योग्यता, हामीले प्रस्तुत गर्ने सामग्री र हाम्रो व्यवस्थापनमा छ । रेडियो सम्बन्धी कार्यक्रमहरूमा यस्तो छलफल सुरू नभएको होइन । तर, सुधारका लागि रेडियो संचालकको आफ्नै बुताले पार लगाउन नसकेको, छाता संस्थाहरूले दिशा दिन नसकेको र सरकारले अभिभावकीय दायित्व लिन नचाहेको हुनाले 'जति हिंडे पनि उही ठाउँमा' भनेजस्तो हुन गएको चाहिं पक्कै हो ।

हो, नेपालमा एफएम रेडियोको विकासमा समस्या र चुनौती धेरै छन् । यीमध्ये एफएम रेडियोको संख्या नै मुख्य चुनौती हो । एउट सानो शहरमा दर्जनभन्दा बढी रेडियो खुलेका छन् । सूचना तथा प्रसारण विभागको पछिल्लो तथ्यांक अनुसार, हालसम्म ११ सय ८० वटा रेडियोले इजाजत लिएका छन् । इजाजत लिएकामध्ये एक हजार जति रेडियो संचालनमा आए । संचालनमा आएकामध्ये पनि तीन सय जति रेडियो बन्द छन् । यकिन तथ्यांक नभए पनि हाल सात सय भन्दा बढी रेडियो प्रसारणमा



रहेको अनुमान छ ।

नेपालमा वार्षिक रू.२० अर्ब हाराहारीको विज्ञापन बजार रहेको अनुमान छ । यसमध्ये करीब १० प्रतिशत मात्र रेडियोको भागमा पर्छ । अर्थात्, रेडियोको संख्या बजारले थेग्न सक्नेभन्दा बढी छ । यसले गर्दा रेडियो संचालकहरूले मुख्यतः आर्थिक र जनशक्तिको समस्या भोग्दै आएका छन् । र, रेडियो बन्द हुने क्रम जारी छ ।

नेपालमा गणतन्त्र आउनु अघिसम्म रेडियोको भौतिक संरचना र 'कन्टेन्ट' दुवैमा दातृ संस्थाहरूको साथ थियो । 'कन्टेन्ट'मा त कोरोना महाव्याधि अघिसम्म पनि उनीहरूको यस्तो साझेदारी रह्यो । अहिले यो पनि सुक्ने क्रममा छ । काठमाडौंबाट आउने व्यापारिक विज्ञापन पनि पछिल्लो आर्थिक मन्दीका कारण सुकेपछि रेडियोहरूका लागि स्थानीय स्रोत एक मात्र विकल्प बनेको छ । स्थानीय बजारले कति रेडियो बचाउन सक्छ, अबका एकाध वर्षमै प्रष्ट होला ।

अब विकल्पका कुरा गरौं । पंक्तिकारले चार विकल्प- विषय केन्द्रित भएर

> रेडियोका परम्परागत स्रोतहरू खुम्चिँदै गएकाले स्थानीय स्रोत मात्र बचेको छ। त्यसैले स्थानीय बजारले कति रेडियो बचाउन सक्छ, अबका एकाध वर्षमै प्रष्ट होला।



आफ्ना श्रोता अनि स्रोत पहिल्याउने, 'मर्जर' वा 'एक्विजेसन'मा जाने र 'कन्टेन्ट' उत्पादन तथा प्रसारणमा साझेदारी गरेर उत्पादन खर्च घटाउने तथा रेडियो नभएको ठाउँमा सार्ने उपाय सुझाउँदै आएको छ ।

## ठाउँ सार्ने

रेडियो नभएको ठाउँमा सार्ने हो । रेडियोको स्थान परिवर्तन श्रोताका हितमा पनि छ । संघीय प्रणाली अनुसार स्थानीय सरकार बनेपछि स्रोतका धेरै अवसर गाउँ पुगेका छन् । शहरमा उस्तै खालका दर्जन रेडियो चाहिएकै छैन । स्रोतको लुछाचुँडी पनि शहरमै छ ।

त्यसैले, पालिका वा साना शहरमा रेडियो सार्दा नयाँ स्रोतमा सहजता बढ्छ । श्रोताको पक्षबाट हेर्दा यो उत्तम विकल्प र आवश्यकता पनि हो ।

कैयौं ठाउँमा रेडियोको सिग्नल नपुगेको र कहीं जुधेको अवस्था त छँदैछ ।

**विषय केन्द्रित हुने**

अहिले सबैजसो रेडियोका कार्यक्रमको नाम, शैली, विषय उस्तै छन् । समाचार बुलेटिनको संरचना र प्रस्तुति उही छन् । रेडियोहरूले कुनै विषयमा पनि 'फोकस' गर्न सकेका छैनन् । एकै शैली र बान्कीका सामग्री पस्किरहेका छन् । शहरभरि रेडियो छन्, तर सुन्ने श्रोताका लागि फरक विषय, शैली र स्वाद छैन ।

काठमाडौंमा मनोरञ्जन र त्यसमा पनि हास्यव्यंग्य चलेझैं अरु ठाउँमा रेडियो सामग्रीलाई विविध सामाजिक-आर्थिक र अन्य 'थीम'मा फोकस गरे श्रोतालाई स्वाद फेर्ने विकल्प मिल्थ्यो । त्यसले आर्थिक स्रोतका नयाँ आयाम खुला हुने सम्भावना बढाउँथ्यो । लक्षित श्रोता सुहाउँदो प्रसारण सामग्री उत्पादन भएर सामुदायिक रेडियो हुनुको दायित्व पनि पूरा हुन सक्थ्यो । समुदायको सहभागिता बढाउने कार्यक्रममा पनि जोड दिनुपर्ने छ ।

**'मर्जर'मा जाने**

रेडियोहरू मिसिएर संख्या घटाउने, गुणस्तर बढाउने गर्न सकिन्छ । यसो गर्दा जनशक्ति पनि तिखारिन्छ । विचार विविधताका कारण रेडियो 'मर्ज' कठिन होला, तर असम्भव छैन । अस्पष्टता, अन्योल र प्रतिकूलताबीच धेरै रेडियो, तिनका अगुवा वा कार्यरत जनशक्तिले गरेको महत्वपूर्ण उपलब्धि, सिकाइ र देशभरका झण्डै एकहजार रेडियोमा भएको करीब चार अर्ब लगानी अनि यसमा आवद्ध लगभग १० हजार जनशक्तिको रक्षाका लागि यथास्थिति विल्कुलै अनुकूल छैन ।

वित्तीय क्षेत्रको नियामक निकाय नेपाल राष्ट्र बैंक, हवाई सेवा क्षेत्रको नियामक नेपाल नागरिक उड्डयन प्राधिकरण भएजस्तै विद्युतीय सञ्चारमाध्यमको नियामक नहुनाले एकातिर रेडियोहरूमा सुधार गर्न दबाव छैन । त्यसैले पनि 'मर्जर' लगायत सामयिक पहल हुनसकेको छैन । बैंकहरू धमाधम मर्ज हुनसक्छन् भने रेडियोहरू पनि हुन्छन् । यसका लागि सुविधा र प्रोत्साहन भने चाहिन्छ ।

**'कन्टेन्ट' साझेदारी**

राम्रो प्रसारण सामग्री (कन्टेन्ट) दिन रेडियोकर्मीहरूको दक्ष टिम चाहिन्छ । दक्ष टिमका लागि लगानी चाहिन्छ । कम आम्दानीबाट लगानी गर्न

सकिन्न । अनि राम्रो कन्टेन्ट दिन सकिने कुरै भएन । यो अवस्थामा भाषा, क्षेत्र वा विषय मिल्ने रेडियोहरूले कन्टेन्टमा साझेदारी गर्न सक्छन् । यसो गर्दा कम लगानीमा राम्रो कार्यक्रम वा समाचार प्रसारण सम्भव हुन्छ ।

एउटा रेडियोको राम्रो टिमले गरेको उत्पादन अरु रेडियोमा सित्तैंमा लिने-दिने गर्नाले दुवै पक्ष लाभान्वित हुन्छ । खास लाभ श्रोतालाई हुन्छ । श्रोता लाभान्वित भएको अवस्थामा रेडियोको भविष्य यसै राम्रो, उसै उज्यालो हुन्छ ।

नेपाललाई भाषिक-सांस्कृतिक विविधतासहित सूचनामा जोड्ने रेडियोको साढे दुई दशकको लगानी जोगाउन पनि सम्बद्धहरूले चिन्ता र शीघ्र पहल लिन जरुरी छ । विकल्प अरु पनि हुनसक्छन् । संवाद, छलफलबाट अरु धेरै उपाय निकाल्न सकिन्छ । रेडियो संचालक स्वयम्, रेडियोहरूका छाता संस्था र तालुकदार मन्त्रालय नयाँ-नयाँ विकल्पको खोजीमा नजुटे एफएम रेडियोहरू फराकिलो भविष्यतिर लम्किन सक्ने देखिंदैन ।

रेडियो विधाको सबभन्दा ठूलो ताकत भनेको रेडियोले गल्ती कुरा गर्दैन भन्ने मान्यता जोगाइराख्न सक्नु हो । महाभूकम्प, कोरोना व्याधि जस्ता अप्ठ्यारामा रेडियोले खेलेको भूमिका हर नेपालीलाई सम्झना छ । बाह्य नाकाबन्दीका बेला देशका सेना-प्रहरीले चलाएका पेट्रोल पम्प जस्तै हुन् रेडियो, ऐन बखतमा अत्यावश्यक । हामी रेडियोकर्मीले आफ्नो शैली र सामग्रीबारे सोच्यौं भने अवस्था राम्रो हुनसक्छ । ●

**(कृष्णसार एफएमका अध्यक्ष अधिकारी सामुदायिक रेडियो प्रसारक संघ नेपालका विज्ञ सदस्य हुनुहुन्छ)**

# रेडियोका लागि सामुदायिक पूँजीहरूको पहिचान र स्रोतको नक्साङ्कन

सामुदायिक रेडियोहरूले आफ्नो प्रसारण क्षेत्रभित्र बसोबास गर्ने व्यक्तिका प्रतिभा, सीप र क्षमताहरुलाई रेडियोको विषयवस्तुका रूपमा ग्रहण गरी सामग्री प्रसारण गर्दा त्यसले रेडियोका श्रोता र स्रोत दुवैको बढोत्तरीमा योगदान पुग्दछ।



डा. भुमिराज चापागाईं

## अवस्था अध्ययनः

रेडियो सञ्चालनको कल्पना गर्नासाथ पहिलो प्राथमिकतामा राखेर गर्नुपर्ने काम हो- रेडियो सञ्चालन गर्ने सम्भावित क्षेत्रको जनसांख्यिक विवरणको बारेमा जानकारी सङ्कलन गरी विश्लेषण गर्नु । रेडियोको प्रसारण स्थल आसपास बसोबास गर्ने समुदायको उमेरगत, जातिगत, धार्मिक तथा सांस्कृतिक, भाषागत, लैङ्गिक पहिचानको विवरण प्राथमिक काम हुन आउँछ । स्थानीय परम्परा, संस्कार-संस्कृति मान्ने मानिसहरूको छुट्टाछुट्टै विवरण, आर्थिक संभाव्यता लगायत तथ्याङ्कीय जानकारी अपरिहार्य हुन्छ । यो केवल तथ्याङ्क मात्र नभएर रेडियोले प्रसारण गर्ने कार्यक्रमको योजना तर्जुमा गर्दा नभई नहुने आधारभूत जानकारी हो ।

हाल सञ्चालनमा रहेका अधिकांश रेडियोले तजबिजी रुपमा आफ्ना विषयवस्तु उत्पादन तथा प्रसारण गरिरहेका छन् । रेडियोले प्रसारण गरेका विषयवस्तुहरूप्रति श्रोता सन्तुष्टि वा उनीहरूका कस्ता विषयवस्तु सुन्न चाहन्छन् भन्ने बारेमा कहिल्यै सोध्यौं कि सोधेनौं, यो अर्को अहम् सवाल हो । मैले जे दिएको छु त्यही सुन्नुपर्छ भन्ने कुराले श्रोतालाई रेडियोबाट झन् टाढा बनाउँछ । तसर्थ समुदायको जातीय, भाषिक, सांस्कृतिक, आर्थिक विविधता र जनसांख्यिक संरचना तथा वितरण अनुरुप कार्यक्रम योजना गर्न सक्दा मात्र रेडियो र श्रोताबीचमा सुमधुर सम्बन्ध हुन्छ ।



## तथ्याङ्कको प्रयोग

रेडियोका विषयवस्तुमा जति धेरै समुदायको सहभागिता र अन्तरक्रिया सुनिश्चित गर्न सक्यो, उति नै श्रोताहरू रेडियोसँग जोडिइरहन्छन् । अन्यथा अन्तरक्रिया गर्न सहज हुने मिडियातर्फ स्रोतको आकर्षण बढ्छ नै । रेडियोबाट श्रोताले के सुन्न चाहन्छन् भन्नेबारे जबसम्म रेडियो सञ्चालक अनभिज्ञ रहन्छन्, तबसम्म रेडियोले समुदायमैत्री विषयवस्तु प्रसारण गर्न सक्दैनन् । तजबिजी प्रसारणले समुदायका आवश्यकता पूरा गर्न सक्दैनन् । तसर्थ रेडियो सञ्चालकले आफ्ना श्रोताको रूचि र समुदायको आवश्यकता थाहा पाउनुपर्छ ।

श्रोताको प्रतिक्रिया, सन्तुष्टि र आवश्यकता पहिचान गर्ने धेरै माध्यम छन् । जस्तैः श्रोता सर्वेक्षण, लक्षित समूह छलफल, स्थलगत अवलोकन र श्रोतासँगको अन्तरक्रिया लगायत विभिन्न तरिकाबाट श्रोताका चाहना, रूचि र समुदायको आवश्यकता के कस्तो छ ? वर्तमान मिडिया परिदृश्य कस्तो छ ? रेडियोको प्रभाव र श्रोताको आकार घटबढ भएको छ कि ?

रेडियोका लागि समुदायमा विद्यमान पूँजीको अवस्था के कस्तो छ भन्ने बारेमा थाहा पाउन सकिन्छ । तथ्याङ्कले हामीलाई बुद्धिमत्तापूर्ण निर्णयमा पुग्नका लागि मद्दत गर्दछ ।

## समुदाय र रेडियोलाई हेर्ने दृष्टिकोण

यहाँ समुदायलाई कुन दृष्टिकोणबाट हेर्दा अवसर देखिन्छ र कुन दृष्टिकोणबाट हेर्दा निराशा देखिन्छ भन्ने बारेमा चर्चा गर्नु महत्वपूर्ण हुन्छ । समुदायलाई हेर्ने दृष्टिकोण स्पष्ट नभएसम्म अन्योल कायम नै रहन्छ । रेडियोका नेतृत्वले समुदायमा अवसर देख्नुपर्छ । सकारात्मक दृष्टिकोण राख्दा रेडियोका लागि सबल पक्ष, संभावनाका क्षेत्रहरू, रेडियोका लागि पूँजी के के हुनसक्छन् भन्ने देखिन्छ । अवसरको पहिचान गर्नतर्फ लाग्छन् । पहिचान भएका अवसरबाट लाभ लिने प्रयत्न गर्दछन् । आफूले विगतमा गरेका असल अभ्यास, सफलता, सिकाइ, ख्यातिलाई स्मरण गर्दै विगतप्रति गर्व गर्दै आगतका योजनाहरू निर्माण गर्दछन् । विगतको पृष्ठभूमिमा आगतको उचाइ नाप्दछन् । हामीले समुदायका लागि यो-यो क्षेत्रमा यसरी योगदान गरेका छौं । तपाईं यो यात्रामा कहाँनेर साझेदारी गर्न चाहनुहुन्छ वा गर्न सक्नुहुन्छ भनेर समुदायका अन्य सरोकारवालाहरूलाई अपील गर्दछन् र सहकार्यको सुनौलो संभावना सृजना गर्दछन् । समुदायसँगको सम्बन्ध र नेतृत्व क्षमताले नै रेडियोलाई समुदायमा स्थापित गर्दछ र रेडियोसँग सहकार्य गर्नका लागि बाह्य कर्ता, कार्यतन्त्र, सरोकारवाला र साझेदार पनि आकर्षित हुन्छन् । समुदायले पूर्णरुपमा रेडियोलाई ग्रहण गर्दछ ।



नकारात्मक दृष्टिकोणले हेर्दा समस्या मात्रै देखिन्छ । रेडियोमा समस्या मात्रै छन् भन्ने भाष्य स्थापित गराउँछ । समुदाय रेडियोमैत्री छैन, बजारले रेडियोलाई सहयोग गर्दैन र बजार र अर्थतन्त्र रेडियोका खिलाफमा छन् भन्ने दृष्टिकोणलाई स्थापित गर्छ । जसले कसैको सहयोगविना हामी उठ्न सक्ने स्थितिमा छैनौं, हामीलाई बाह्य सहयोग जरुरी छ भन्ने जस्ता परनिर्भरतावादी सोच उत्पन्न हुन्छन् । यस लेखमा समाजलाई सकारात्मक दृष्टिकोणले हेर्दा देखिने अवसर र संभावना के-कस्ता हुनसक्छन् भन्ने बारेमा चर्चा गरिएको छ ।

## सामुदायिक रेडियोका लागि सामुदायिक पूँजी

### कथा र गाथाहरु

मानिसका कथा/गाथा रेडियोका महत्वपूर्ण विषयवस्तु हुन् । हरेक मानिससँग कथा हुन्छन् । कथा जीवन र जगतका बिम्ब हुन् । मानिसका कथा, गाथा, अनुभव र भोगाइले समकालीन समुदायलाई प्रतिनिधित्व गरेका हुन्छन् । कथा कुनै संयोगान्त हुन्छन् त कुनै वियोगान्त । कुनै कथा व्यक्तिका निजी जीवनसँग सम्बन्धित हुन्छन् भने कुनै कथाले सिंगो समाजलाई प्रतिनिधित्व गरेको हुन्छ । कथामा समाजको चरित्र भेटिन्छ । समाजको चेतनाको स्तर/समाजले एउटै दृश्यमा गर्ने फरक-फरक व्यवहारदेखि लिएर समग्र सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक विषयवस्तु मानिसले साटासाट गर्ने कथाका भिन्न-भिन्न दृश्य हुन् ।

अहिले पनि परिवार वा समुदायका ज्येष्ठ सदस्यका भोगाइ, अनुभव, तत्कालीन समाजको परिदृश्यका बारेमा उहाँहरूका अनुभवहरू सुन्दा र अहिलेको समाजसँग तुलना गर्दा समाज परिवर्तन र विकासको गतिका बारेमा जानकारी पाइन्छ । मानिसले गरेका संघर्षका कथाले सफलता प्राप्तिका लागि गर्नुपर्ने मिहिनेत र परिश्रमका बारेमा सूचित गर्दछ । सफलता प्राप्त गरेका मानिसका कथा/गाथाले अन्य मानिसमा अभिप्रेरणा पैदा गर्दछ । कति असफलताका कथाले पनि ज्ञान दिइरहेको हुन्छ ।

असफलताका कथाले मानिस संघर्षको यात्रामा कहाँनिर चुक्यो भन्ने ज्ञान दिन्छ र त्यो सिकाइलाई आफ्नो जीवनमा नदोहोऱ्याउनका लागि सूचित गर्दछ । जुन रेडियोले आफू र आफूजस्तै मानिसका कथा/गाथाहरू दिन्छ, स्रोताले त्यही रेडियो सुन्न रूचाउँछ । किनकि त्यहाँ आफू र आफ्नो प्रतिनिधित्व भएको महसुस गर्दछ । समुदायका कथा-गाथामा मानिसले आफ्ना कथाहरू पनि पाउँदछ । जुन रेडियोका श्रोता धेरै

छन् स्वाभाविक हिसाबले स्थानीय स्रोत पनि त्यही रेडियोमा केन्द्रित हुने गर्दछ । सामुदायिक रेडियोका लागि समुदाय नै स्रोत हुन् । तसर्थ मानिसका कथा रेडियोका लागि महत्वपूर्ण विषयवस्तु र पूँजी हुन् ।

## मानिसमा भएका प्रतिभा, सीप र क्षमता

रेडियोको प्रसारण क्षेत्र आसपास बसोबास गर्ने समुदाय नै रेडियोको भौगोलिक कार्यक्षेत्र हो । सूचनाप्रविधिको विकाससँगै कार्यक्षेत्र र भौगोलिक सीमाभन्दा फराकिलो भएको छ । अहिले रेडियोका सामग्रीहरू सुन्नका लागि रेडियो सेट चाहिने अवस्था छैन । इन्टरनेटको माध्यमबाट विश्वका जुनसुकै ठाउँबाट पनि आफूलाई मनपर्ने रेडियो र कार्यक्रम सुन्न सकिने भएको छ । मानिसमा विभिन्न सीप, क्षमता र प्रतिभा हुन्छन् । यसबारे समुदाय पहिल्यै जानकार नहुन पनि सक्छ ।

कतिपय प्रतिभा, क्षमता र सीपहरू सुषुप्त अवस्थामा व्यक्तिमा मात्रै सीमित भएर रहेका हुन्छन् । बाहिर आइसकेका प्रतिभा, क्षमता र सीपहरूलाई थप प्रवर्द्धन गर्नु र व्यक्तिमा मात्रै सीमित भएर रहेका प्रतिभाहरूलाई बाहिर उजागर गर्नु व्यक्ति र समुदायको हितमा हुन्छ । व्यक्तिमा निहित प्रतिभा, क्षमता र सीपहरू समुदायका पूँजी हुन् भने सामुदायिक रेडियोका लागि महत्वपूर्ण विषयवस्तु । व्यक्तिमा अन्तरनिहित प्रतिभा, क्षमता र सीपलाई उजागर गर्न सक्दा सिंगो समुदाय नै लाभान्वित हुन्छ । समुदायको हित प्रवर्द्धनलाई सामुदायिक रेडियोहरूले आफ्नो दायित्वका रुपमा लिएका हुन्छन् ।



सामुदायिक रेडियोहरूले आफ्नो प्रसारण क्षेत्रभित्र बसोबास गर्ने व्यक्तिका प्रतिभा, सीप र क्षमताहरूलाई रेडियोको विषयवस्तुका रुपमा ग्रहण गरी सामग्री प्रसारण गर्दा त्यसले रेडियोका श्रोता र स्रोत दुवैको बढोत्तरीमा योगदान पुग्दछ । आफू बसोबास गर्ने समुदायमा के कस्ता प्रतिभा र क्षमता भएका व्यक्तिहरू छन् भन्ने विषय समुदायका हरेक सदस्यहरूको चासोको विषय हो । यसैगरी आफ्नो समुदायमा बसोबास गर्ने व्यक्तिहरूमा विशिष्ट खालका क्षमता र प्रतिभा भएको जानकारी पाउँदा सो समुदायका सबै मानिस खुशी भई गर्व गर्दछन् र त्यसलाई आफ्नो समुदायको पूँजीका रुपमा लिन्छन् ।

व्यक्तिमा निहित प्रतिभा र विशिष्ट क्षमताले समुदायको भिन्दै पहिचान, विशिष्ट चिनारी र समुदायको विकासलाई गति दिनका लागि समेत भूमिका निर्वाह गर्दछ । जुन रेडियोले समुदायमा सुषुप्त रुपमा रहेका र

प्रचारप्रसारको पर्खाइमा रहेका प्रतिभा र सीपहरूलाई आफ्ना विषयवस्तु बनाई प्रसारण गर्दछन् तिनको समुदायसँगको सम्बन्ध निकै प्रगाढ भएको हुन्छ । आफ्ना सरोकारका विषय जुन रेडियोले प्रसारण गर्छ श्रोताको रोजाइमा त्यही रेडियो पर्दछ ।

तसर्थ व्यक्तिमा भएका प्रतिभा, क्षमता र सीपहरू समुदायको मात्र नभई सामुदायिक रेडियोको समेत पूँजी हो । तिनको खोजी गर्ने, पहिचान गर्ने र उजागर गर्नु सामुदायिक रेडियोका लागि महत्वपूर्ण हुन आउँदछ ।

**सामाजिक संघ/संगठन तथा सञ्जाल (कार्यतन्त्र) हरु**

समाजमा भिन्न-भिन्न उद्देश्य र लक्ष्य राखेर विभिन्न सामाजिक संघ/संगठन तथा सञ्जालहरू क्रियाशील रहेका हुन्छन् । तिनले गर्ने कार्यहरू प्रत्यक्ष रुपमा समुदायसँग जोडिने भएकाले ती रेडियोका समेत सरोकारका विषय हुन् । सामाजिक संघ/संगठन तथा सञ्जालका कार्यक्रमहरूका बारेमा

समुदायलाई हेर्ने दृष्टिकोण स्पष्ट नभएसम्म अन्योल कायम नै रहन्छ। रेडियोका नेतृत्वले समुदायमा अवसर देख्नुपर्छ। सकारात्मक दृष्टिकोण राख्दा रेडियोका लागि सबल पक्ष, संभावनाका क्षेत्रहरु, रेडियोका लागि पूँजी के के हुनसक्छन् भन्ने देखिन्छ।

नागरिकलाई सुसूचित गर्ने र तिनलाई सही गन्तव्यतर्फ अघि बढाउनका लागि रेडियोको महत्वपूर्ण भूमिका हुन्छ । सामाजिक संघ/संगठन तथा सञ्जालहरूले सञ्चालन गर्ने कार्यक्रम र सन्देश रेडियोका विषयवस्तु हुने भएकाले रेडियोले ती संरचनाहरूलाई पूँजीको रुपमा उपयोग गर्न सक्दछ ।

समाजमा क्रियाशील विभिन्न सामाजिक कार्यतन्त्र तथा सञ्जालहरूको महत्व, औचित्य र तिनका कार्यक्रमले समाजमा पारेको प्रभाव नागरिकका लागि महत्वपूर्ण सूचना तथा जानकारी हो । कतिपय अवस्थामा ती सामाजिक कार्यतन्त्र तथा सञ्जालहरूले आफूले गर्ने क्रियाकलापका बारेमा समाजलाई सुसूचित गराउनका लागि विभिन्न रेडियो कार्यक्रम

तथा सन्देश पनि संप्रेषण गर्ने गर्दछन् । यस्तो अवस्थामा ती सञ्जाल तथा सामाजिक कार्यतन्त्रहरूले रेडियोसँग स्रोतको समेत साझेदारी गर्दछन् ।

तसर्थ यस किसिमका सामाजिक कार्यतन्त्र तथा सञ्जालहरू रेडियोका लागि विभिन्न सामाजिक सवालसँग सम्बन्धित विषयमा विचार, प्रतिक्रिया, सूचना तथा जानकारी समाचारका समेत स्रोत हुन । राष्ट्रिय रुपमा संगठित भएका विभिन्न विषयगत संघ/संगठन तथा सञ्जालका राष्ट्रिय, प्रदेशस्तरीय तथा जिल्लास्थित समिति तथा पदाधिकारीलाई रेडियोले विषयवस्तु र स्रोत दुवैका हिसाबले महत्वपूर्ण पूँजीका रुपमा परिचालन गर्न सक्दछन् ।

## स्थानीय संघ-संस्थाहरु

रेडियोको प्रसारण क्षेत्र आसपासमा विभिन्न उद्देश्य राखेर स्थापना भएका प्रारम्भिक संघसंस्था/सहकारी/सामुदायिक वन/खानेपानी उपभोक्ता समितिहरू/धार्मिक संस्था/स्थानीय युवा क्लब/समूहहरू पनि हुन्छन् । समुदायकै सदस्यहरू संगठित भई निश्चित कार्य गर्नका लागि ती संघ-संस्थाहरू स्थापना भएका हुन्छन् । ती स्थानीय संघ-संस्था तथा समूहले गर्ने क्रियाकलापहरू प्रत्यक्ष रुपमा स्थानीय समुदायसँग नै सम्बन्धित हुन्छन् । ती संस्थाले के-कस्ता गतिविधि सञ्चालन गरिरहेका छन् ? स्थानीय सहभागिता के कस्तो छ ? तिनको समग्र सुशासनको अवस्था के कस्तो छ ? समुदायका कति मानिसहरू ती प्रारम्भिक समूह तथा संस्थाहरूबाट लाभान्वित भएका छन् ? तिनको आयव्ययको अवस्था/तिनको सिकाइ र अनुभव लगायत विषयहरू स्थानीय समुदायको सरोकार र चासोका विषय हुन् ।

कतिपय अवस्थामा आफैंले स्थापना गरेका प्रारम्भिक तहका संस्था तथा समूहका बारेमा समेत समुदाय अनभिज्ञ हुन्छ । यस्तो अवस्थामा ती स्थानीय संस्था तथा समूहको नक्साङ्कन गरी तिनका गतिविधि र वास्तविक अवस्थाबारे रेडियो सामग्री निर्माण गरी प्रसारण गर्दा समुदाय प्रत्यक्ष लाभान्वित हुन्छ । ती संस्थाका गतिविधि रेडियोका लागि रेडियो सामग्री हुन्छन् भने कामको बारेमा प्रचारप्रसार गर्दा धेरथोर स्रोतको साझेदारीको संभावना रहन्छ । यसका लागि आफ्नो प्रसारण स्थल आसपास रहेका सबै खालका प्रारम्भिक संस्था तथा समूहको सूची निर्माण गरी सहकार्यको योजना गर्नुपर्दछ ।

जति धेरै स्थानीय गतिविधि रेडियोमा प्रसारण हुन्छ त्यति नै धेरै रेडियोका

श्रोताहरू बढ्छन् । श्रोता बढ्नु भनेको अन्ततः रेडियोका लागि स्रोत बढ्नु हो । तसर्थ स्थानीय संस्था तथा समूहलाई सामुदायिक रेडियोका लागि महत्वपूर्ण पूँजीका रुपमा उपयोग गर्न सक्छन् ।

## सांस्कृतिक पूँजीहरु

नेपाली समाज जातीय, धार्मिक, सांस्कृतिक, भाषिक र साम्प्रदायिक विविधतायुक्त छ । एउटै समुदायमा पनि फरक-फरक जातजाति र धर्मसंस्कृति मान्ने मानिसहरू बसोबास गर्दछन् । जति धेरै विविधता भए पनि समुदायका बीचमा बलियो सामाजिक सद्भाव, मेलमिलाप र सहिष्णुता कायम रहिआएको छ । समुदायमा बसोबास गर्ने सबै जातजातिले मनाउने धर्म, संस्कृति र चाडपर्व समुदायका पूँजी हुन् । कुनै एउटा जाति, भाषा वा सम्प्रदायका मात्र गतिविधि प्रसारण गर्दा सबैले रेडियोमा अपनत्व ग्रहण गर्न सक्दैनन् ।

एउटा जाति वा सम्प्रदायको मात्र कुरा गर्ने र अर्कालाई होचो-निचो देखाउने खालका विषयवस्तु मात्र प्रसारण गर्दा समाजमा द्वन्द्व सृजना हुन सक्दछ । सामाजिक एकता, मेलमिलाप र सहिष्णुता कायम गर्नका लागि रेडियोको सन्तुलित भूमिका महत्वपूर्ण हुन्छ । समुदायले मनाउँदै आएका रीतिरिवाज, चालचलन, परम्परा, चाडपर्व, मेला-महोत्सव तथा जात्रा, संस्कार र संस्कृति मनाउने क्रममा गरिने क्रियाकलाप, लगाइने पोशाक तथा भेषभूषा, खानाका परिकार, परम्परागत मूल्यमान्यता सामुदायिक रेडियोका लागि महत्वपूर्ण विषयवस्तु हुन् । समुदायले मान्दै आएका सबैखाले संस्कृति र अभ्यासहरू समाजका लागि उपर्युक्त हुन्छन् भन्ने छैन ।



कतिपय हानिकारक अभ्यासहरूका बारेमा समुदायलाई सुसूचित गर्दै हानिकारक अभ्यासहरूको न्यूनीकरण गर्ने र लोकहितमा रहेका अभ्यासको बारेमा प्रचारप्रसार गर्नु वाञ्छनीय हुन्छ । पछिल्लो समय हाम्रा भाषा, संस्कृति, परम्परा, रीतिरिवाज, मूल्यमान्यता हराउँदै गएका हुन् कि भन्ने चिन्ता बढिरहेको छ । हाम्रा संस्कार र संस्कृति कुन सामाजिक ऐतिहासिक पृष्ठभूमिमा निर्माण भएका थिए ? एक पुस्ताबाट अर्को पुस्तामा कसरी हस्तान्तरण हुँदै गए ? वर्तमान सन्दर्भमा ती संस्कार र संस्कृतिहरूको सामाजिक, आध्यात्मिक, धार्मिक, वैज्ञानिक महत्व के कस्तो छ भन्ने बारेमा समुदायलाई सुसूचित गराउन सकेको खण्डमा हाम्रा पूर्वजले नासोका रुपमा हामीलाई हस्तान्तरण गरेका संस्कार र संस्कृतिको प्रचारप्रसार र प्रवर्द्धनमा टेवा पुग्दछ ।

सबै जाति तथा समुदायका धार्मिक, सांस्कृतिक जानकारीहरू रेडियोबाट सम्प्रेषण गर्दा समुदायसँगको सामीप्यता र सहकार्यमा समेत बढोत्तरी हुन्छ । सबै जाति, भाषा, धर्म, संस्कृति मान्ने समुदायलाई रेडियोमा पहुँच दिन सकेको खण्डमा त्यसले श्रोता त बढाउँछ नै सँगसँगै स्रोतमा साझेदारीको सम्भावना समेत बढाउँछ । तसर्थ समुदायमा विद्यमान संस्कार, संस्कृति, परम्परा, मूल्यमान्यता, विश्वासहरूलाई सामुदायिक पूँजीको रुपमा ग्रहण गर्दै लाभ लिन सक्दछन् ।

## रेडियोका लागि स्रोतको नक्साङ्कन

समुदायमा स्थापना भएका सबैखाले संघसंस्था, सञ्जाल, संगठन, प्राकृतिक स्रोतसाधन, भौतिक पूर्वाधार, अभियानहरू, धार्मिक तथा सांस्कृतिक संघ-संस्था, सरकारी, गैरसरकारी तथा सहकारी क्षेत्र, निजी व्यापार व्यवसाय गर्ने उद्योग व्यवसाय तथा व्यापारहरू, बैंक तथा वित्तीय संस्थाहरू रेडियोका लागि विषयवस्तु र संभावित आर्थिक स्रोत हुन् । समुदायमा विभिन्न प्रकार र आकारका वित्तीय कारोबार गर्ने संघसंस्था हुन्छन् । जसमा निजी क्षेत्रबाट सञ्चालित सबै खालका व्यापार-व्यवसाय, वित्तीय कारोबार गर्ने बैंक तथा वित्तीय संस्था लगायत पर्दछन् ।



> रेडियोले प्रसारण गरेका विषयवस्तुहरुप्रति श्रोता सन्तुष्टि वा उनीहरुले कस्ता विषयवस्तु सुन्न चाहन्छन् भन्ने बारेमा कहिल्यै सोध्यौं कि सोधेनौं, यो अर्को अहम् सवाल हो । मैले जे दिएको छु त्यही सुन्नुपर्छ भन्ने कुराले श्रोतालाई रेडियोबाट झन् टाढा बनाउँछ ।

आम्दानीको लक्ष्य राखेर स्थापना भएका व्यापार-व्यवसाय तथा वित्तीय कारोबार गर्ने संघसंस्था स्रोतमा साझेदारी गर्ने महत्वपूर्ण संस्था हुन् । निजी क्षेत्रले आफूले गरिरहेको व्यापार-व्यवसाय, सेवाका प्रकार तथा गुणस्तर, कस्ता कस्ता खालका सामग्री तथा सेवाहरू त्यहाँ पाइन्छ लगायत विषय आफ्ना ग्राहकहरूसमक्ष पुऱ्याउन चाहन्छन् । अर्कातर्फ समुदाय पनि आफूले उपभोग गर्ने वस्तु तथा सेवाको बारेमा भरपर्दो सूचना तथा जानकारी खोजिरहेको हुन्छ ।

यस्तो अवस्थामा रेडियोहरूले स्थानीय व्यापार-व्यवसाय तथा आर्थिक गतिविधि सञ्चालन गर्ने उद्योग, व्यवसाय, संघ-संस्थासँग व्यावसायिक सूचना/जानकारी तथा विज्ञापन प्रसारणमा साझेदारी गर्न सक्छन् भने कतिपय अवस्थामा निजी क्षेत्रको सामाजिक उत्तरदायित्व अन्तर्गतको रकमलाई समुदायको हित हुने खालका रेडियो सामग्री उत्पादन तथा प्रसारणका लागि उपयोग गर्न सक्दछन् ।

स्थानीय रुपमा व्यापार-व्यवसाय तथा वित्तीय कारोबार गरिरहेका निजी क्षेत्र/सामुदायिक क्षेत्र र धार्मिक/सांस्कृतिक संघसंस्था/सञ्जाल तथा संगठनबाट लाभ लिनका लागि सबैभन्दा पहिले रेडियोको प्रसारण स्थल आसपास भएका सबै व्यापार-व्यवसाय/उद्योग धन्दा तथा वित्तीय कारोबार हुने संस्थाहरूको नक्साङ्कन गर्नुपर्दछ । यसरी नक्साङ्कन गर्दा साना-ठूला सबै खाले व्यापार-व्यवसाय, सामाजिक/आर्थिक/धार्मिक तथा सांस्कृतिक क्रियाकलाप गर्ने सबै खालका संगठित संघसंस्था, समूह, क्लब, मठमन्दिर, सञ्जाल लगायत संघसंस्थाको सूची निर्माण गर्नुपर्दछ ।

यसपछि रेडियोले कुन-कुन समयमा ती संघसंस्था तथा व्यापारिक प्रतिष्ठानसँग सूचना/सन्देश तथा विज्ञापन साझेदारीका लागि सम्पर्क गर्न सक्छन् भनी विस्तृत क्यालेण्डर निर्माण गर्नुपर्दछ । क्यालेण्डर निर्माण गर्दा सम्भावित धार्मिक उत्सव/चाडपर्व/मेला तथा जात्रा/नयाँ वर्ष/विभिन्न मौसम/व्यापार व्यवसायीहरूले नै आफूले दिने सेवा तथा बिक्री गर्ने सामग्रीको बारेमा कुन-कुन समयमा प्रचारप्रसार गर्छन् भनी चनाखो हुनुपर्दछ ।



क्यालेण्डर निर्माण गरिसकेपछि ती व्यापारिक प्रतिष्ठान तथा व्यवसायले एक वर्षमा अनुमानित कति जति रकम आफ्ना सेवाको बारेमा उपभोक्ता तथा सेवाग्राहीलाई थाहा दिन वा प्रचारप्रसारका लागि खर्च गर्न सक्छन् ? भनी अनुमानित रकमको आँकडा निकाल्ने काम गरिन्छ । अनुमानित रकमको आँकडा भरिसकेपछि स्रोतमा प्रतिस्पर्धा गर्ने अन्य मिडियाहरू जस्तै अन्य प्रतिस्पर्धी रेडियो/टेलिभिजन/पत्रपत्रिका/अनलाइन लगायत अरु मिडियाको प्रभाव र उनीहरूले ओगट्ने संभावित हिस्सा समेत विश्लेषण गरी तपाईंको रेडियोले कति रकम बराबरको साझेदारीमा दाबी गर्न सक्छ भनी विश्लेषण गर्नुपर्दछ ।

तत्पश्चात् यसअघि तपाईंको रेडियोले कतिपटक ती व्यापारिक संघ-संस्थामा सूचना, सन्देश, विचार, विज्ञापन तथा उनीहरूको महत्वपूर्ण

सूचना प्रसार गर्नका लागि सम्पर्क गऱ्यो भनी समीक्षा गर्नुपर्दछ । तपाईं ती संभावित स्रोतहरूमा एक पटक पनि प्रयास नगरी यत्तिकै धारणा बनाउनुभयो भने त्यसले नतिजा दिन सक्दैन । तसर्थ आगामी दिनमा तपाईंको रेडियोले कस्ता-कस्ता सूचना, जानकारी, कार्यक्रमका लागि त्यहाँस्थित धार्मिक, सांस्कृतिक, सामाजिक संघसंस्था, निजी क्षेत्रका व्यापार व्यवसायसँग साझेदारी गर्न सकिएला भनी योजना निर्माण गर्नुपर्दछ । योजना निर्माण गरिसकेपछि आफूले राखेको लक्ष्य प्राप्तिका लागि अहिले विद्यमान जनशक्ति, नेतृत्व, उपकरण/कार्यक्रम पर्याप्त हुन् या त्यसमा केही थपघट गर्नुपर्ने हुन्छ भनी विश्लेषण गर्नुपर्दछ । सोही बमोजिमको जनशक्ति परिचालन/कार्यक्रम निर्माण/बजारीकरण योजना गर्नुपर्दछ ।

योजना बनाउँदा अहिले तपाईंको संस्थामा विद्यमान जनशक्ति वा स्रोतसाधनले सहजै गर्न सकिने कामलाई अघि राख्नुपर्दछ । यसलाई 'लो ह्याङ्गिङ फ्रुइट एप्रोच' पनि भन्निन्छ । गर्न नसकिने कामको योजनालाई शुरुमै राखियो भने यसले नतिजा पनि दिंदैन र असफलतासँग निराशा पनि दिन्छ । तसर्थ सबैभन्दा पहिला जुन संस्था/व्यापारिक प्रतिष्ठान वा संयन्त्रसँग सहजै साझेदारी गर्न सकिन्छ ती संघसंस्थासँग सम्पर्क, समन्वय एवम् साझेदारी गर्नुपर्छ ।

स्रोत नक्साङ्कनको यस प्रक्रियाले अहिले रेडियो जुन ठाउँमा रहेर प्रसारण भइरहेको छ त्यो ठाउँ स्रोतका हिसाबले रेडियोको सञ्चालन खर्च धान्न सक्ने अवस्थामा छ या छैन विश्लेषण गर्न सकिन्छ। तसर्थ हरेक रेडियोको दिगोपनाका लागि रेडियो आसपास भएका स्रोतहरूको नक्साङ्कन गर्नु अपरिहार्य हुन्छ । अन्यथा रेडियो कुहिरोको काग जस्तै स्रोतका लागि भौंतारिनुपर्ने र नतिजामा निराशा मात्र प्राप्त हुन्छ । स्रोतको नक्साङ्कन नगरेसम्म तपाईंको समुदायमा कति पूँजी छ भन्ने कसरी थाहा पाउने ? अन्य प्रतिस्पर्धी माध्यमहरूका कमजोरी वा दुर्बल पक्षहरूको विश्लेषण गर्दै आफ्नो सक्रियता बढाउन सकेको खण्डमा त्यसले बजार आफूतिर आकर्षित गर्न सक्दछ । ●

**(सामुदायिक रेडियो प्रसारक संघका लेखा समिति संयोजक डा. चापागाईंले 'नेपाली संस्कृतिको प्रवर्द्धनमा एफएम रेडियोको भूमिका' विषयमा विद्यावारिधि गर्नुभएको छ ।)**

# सामुदायिक रेडियोमा आदिवासी जनजातिका मुद्दा

अहिले करीब ३८० सामुदायिक रेडियोले केही हदसम्म आदिवासी जनजातिहरुको भाषामा समाचार तथा कार्यक्रम प्रसारण मार्फत उनीहरुको मुद्दालाई स्थापित गर्ने जमर्को गरिरहेको देखिन्छ।



मिलन गाहा

नेपालको विविधता, पहिचान आन्दोलन र अधिकारको सन्दर्भमा सामुदायिक रेडियोहरूको अभियान महत्वपूर्ण छ । आदिवासी पहिचानसँग जोडिएका विभिन्न आन्दोलनका माग र संविधानले ग्यारेन्टी गरेका अधिकारहरू सामुदायिक रेडियोहरूले देखाएको गोरेटो भन्दा फरक छैन ।

जनताको आवाज बोल्न रेडियो सगरमाथाले थालेको सामुदायिक सञ्चार अभियानले समुदायमा सञ्चारको थप आवश्यकता बोध गराएको हो । जनस्तरका सवालहरूलाई राज्यको स्वामित्वमा पार्न यसले सफलता प्राप्त गरेको छ । विश्वमा आदिवासी जनजाति आन्दोलनले विविध चरण पार गर्दैगर्दा नेपालमा यसलाई आम समुदायमा सञ्चार गराउन सामुदायिक सञ्चार अर्थात् स्थानीय रेडियोहरूले जति काम मूलधारका मिडियाले गर्न सकेनन्, गरेनन् ।

राज्यले आदिवासी जनजातिको भाषा, धर्म-संस्कृति, परम्परा, सीप, ज्ञानलाई समृद्धिसँग जोड्न सक्नुपर्ने कुरा सामुदायिक रेडियोहरूले प्राथमिकताका साथ उठाइरहेका छन् । सरकार यो अभियानमा तल्लीन भएको महसुस आम आदिवासी जनजातिले गर्न पाएका छैनन् । जनजातिका परम्परा र संस्कृति राज्यको सम्पत्ति हो । यिनको जगेर्ना गर्ने जमर्को राज्यबाट हुन नसक्नु विडम्बना हो ।



मूलधारका मिडिया आवाजविहीनको भन्दा बोलवालाको बोली बोल्न क्रियाशील भइरहेको अवस्थामा आदिवासी जनजातिको अधिकार सुनिश्चितता ओझेलमा परेको छ । नेपालमा खुलेका सयौं टेलिभिजनका दृश्यमा निमुखा र आदिवासी जनजातिको आवाज सुन्न वा अनुहार देख्न चाडपर्व आउनुपर्ने अवस्था छ । नेपाल टेलिभिजन एउटाले मात्र जनजातिको पनि भाषाहरूमा समाचार प्रसारण गर्ने गरेको छ । पत्रिकामा गोरखापत्र एउटाले सातामा एक दिन जनजातिका मातृभाषा अंक निकाल्ने गरेको छ । बग्रेल्ती खुलेका डिजिटल लगायतका मिडियाले समुदायका मुद्दाहरू स्थापित गर्दै आफू पनि स्थापित हुने कुराको परिकल्पनासम्म गर्न सकेका छैनन् । सामुदायिक रेडियोहरू मात्र आदिवासी जनजातिको मुद्दालाई आफ्नो दायित्व सम्झेर अगाडि बढिरहेको अवस्था छ ।

आदिवासीका मुद्दाहरूलाई ओझेलमा पार्दा मुलुक बलियो बन्दैन भन्ने कुरा नबुझ्दा वा बुझपचाउँदासम्म विकास र समृद्धिको कुरा केवल कोरा कल्पना मात्र हुनेछ । वर्तमान अवस्थामा अस्थिरता अझ बढ्दै जाँदा जनमुखी मुद्दाहरू भन्दा कुर्सी बचाउ अभियान अझ बढ्ने अवस्था

छ । जनताका दैनिकी महँगिंदै जाँदा सरकारका योजना जनमैत्री हुन सकेनन् । अझ त्यसमाथि आदिवासी जनजातिका कुरा परका भए । यसमा सामुदायिक रेडियोले अझ सशक्त भूमिका खेल्नुपर्ने बेला आएको छ ।

समुदायका मुद्दा नै सामुदायिक रेडियोको अभियान हो । अबका दिनमा आदिवासी जनजातिको बिटमा कलम चल्ने/चलाउने स्थान र व्यवस्था अपरिहार्य बनेको छ । अनि मात्र समतामूलक समाजको दिशाबोध हुनेछ । संविधानको मर्म र भावना अनुकूल तथा मानवअधिकारको सिद्धान्त अनुसार हुनेछ । र, नागरिकले मिडियाबाट वास्तविक भूमिका निर्वाह भएको महसुस गर्नेछन् ।

अहिले करीब ३८० सामुदायिक रेडियोले केही हदसम्म आदिवासी जनजातिहरूको भाषामा समाचार तथा कार्यक्रम प्रसारण मार्फत उनीहरूको मुद्दालाई स्थापित गर्ने जमर्को गरिरहेको देखिन्छ । यसबाट समाज रुपान्तरण अभियानमा आशाका किरण देखिएको छ ।

देशभरका सामुदायिक रेडियोहरूमा आदिवासी जनजतिका मुद्दा स्थापित गर्न सकेमा समृद्ध नेपालको तस्वीर देख्न सकिएला । नेपालको ३७ प्रतिशत स्थान ओगटेको आदिवासी जनजातिलाई पछाडि राखेर कोरा समृद्धिको नारा घोक्नुको कुनै अर्थ छैन ।

एकपछि अर्को गर्दै आउने-जाने सरकार संविधानको समाजवाद उन्मुख समावेशिताको प्रावधान कार्यान्वयन गर्ने पक्षमा देखिएन । मानवअधिकारका सिद्धान्तका आधारमा मानव समुदायको मुद्दा उठाउने र सरकारलाई कार्यान्वयनको बाटोमा हिंडाउने अभिभारा नेपाली सञ्चारजगतको



काँधमा छ भन्नेमा दुईमत हुन सक्दैन । तर, यसमा मूलधारका मिडिया निरन्तर चुकिरहेकै छन् ।

विगतमा आदिवासी जनजाति अभियान एउटा उत्कर्षमा पुगेको बेला मिडियामा त्यो सामाजिक आन्दोलनलाई जातीय रुप दिने दुष्प्रयास भएको थियो । हिजो त्यसरी आदिवासी आन्दोलनलाई कमजोर बनाइँदा आज राज्यको दायित्वमाथि प्रश्न उठेको छ । सरकारमाथि त प्रश्नहरूको चाङ नै छ ।

यस्ता सवाललाई मिडियाले आफ्नो अभिभाराको रुपमा उजागर गर्नुको विकल्प छैन । आदिवासी जनजातिका कला, ज्ञान, सीप र परम्पराहरू विलय हुँदैछन् । संस्कृतिहरू मेटिंदै गएको अवस्था छ । यसमा नेपाली सञ्चारजगत मूकदर्शक बनेर बस्न मिल्ने कुरा होइन ।

अहिले सामुदायिक रेडियोहरूले नेपालीसहित ७० भाषामा समाचार र अन्य कार्यक्रम प्रसारण गरिरहेकोमा स्रोतसाधनको अभाव छ । यसले गर्दा ती कार्यक्रमको निरन्तरतामा समस्या छ । आदिवासी जनजातिद्वारा सञ्चालित सामुदायिक रेडियोहरूले जनजातिको सवालप्रतिको अन्य

आज देशभरका सामुदायिक रेडियोहरु स्रोत-साधनको समस्यामा छन् । सामुदायिक रेडियो बचाउन सामुदायिक भावनासँगै तीनवटै तहका सरकारसँग सहकार्य आवश्यक छ ।

मिडियाको दृष्टिदोष हटाउन आफ्नै सञ्जाल बनाउनुपर्ने आवश्यकता देखिएको छ । यस्तो अभियान शुरू पनि भएको अवस्था छ । यो अवस्था आउनुमा सरकारले गरेको मिडिया विभेद जिम्मेवार छ ।

त्यसो त आज देशभरका सामुदायिक रेडियोहरू स्रोत-साधनको समस्यामा छन् । सामुदायिक रेडियो बचाउन सामुदायिक भावनासँगै तीनवटै तहका सरकारसँग सहकार्य आवश्यक छ ।

### हिले घोषणापत्र २०७६

धनकुटा जिल्लाको हिलेमा २०७६ जेठ १० र ११ गते सम्पन्न सामुदायिक बहुलता र विविधताको सम्वर्द्धन : सामुदायिक प्रसारणमा आदिवासी

जनजाति राष्ट्रिय परामर्श कार्यक्रममा सहभागी देशभरका सामुदायिक रेडियो सञ्चालकले आदिवासी जनजातिको भाषा, संस्कृति, अधिकार संरक्षण र सम्वर्द्धनका लागि प्रतिबद्धता दोहोऱ्याउँदै, लोकतन्त्र, मानवअधिकार, समता र बहुलतालाई आत्मसात् गर्दै, आत्मसम्मानसहितको जीवनशैलीका पक्षमा वकालत गर्दै, आदिवासी जनजाति प्रसारकहरूको चुनौती सम्बोधन एवं प्राप्त अवसर उपयोगका लागि निम्नानुसारको हिले घोषणापत्र जारी गरेका थिए :

१) सामुदायिक रेडियो प्रसारक संघ नेपाल र सबै सामुदायिक रेडियोको नेतृत्व र निर्णायक तहमा आदिवासी जनजातिको जनसंख्या र विविधताको आधारमा समानुपातिक प्रतिनिधित्व सुनिश्चितता गर्न प्रतिबद्धता व्यक्त गर्दछौं ।

२) सामुदायिक रेडियोले उत्पादन गर्ने सम्पूर्ण प्रसारण सामग्रीमध्ये जनसंख्याको आधारमा आदिवासी जनजातिको भाषा, कला, संस्कृति, परम्परा, ज्ञानसीप र रहनसहनको सम्वर्द्धनको सामग्रीहरू प्रसारणका लागि कम्तीमा ३६ प्रतिशत सुनिश्चित गर्दै, क्षमता अभिवृद्धि गर्न प्रतिबद्धता जाहेर गर्दछौं ।

३) देशभरका सामुदायिक रेडियोको नेतृत्व र रेडियो कार्यक्रमबारे आधारभूत सर्वेक्षण (बेसलाइन सर्भे) गरी रणनीतिक कार्ययोजना समेत तर्जुमा गरी सामुदायिक रेडियोमा सहभागिता र स्वामित्व सुनिश्चित गर्न प्रतिबद्धता व्यक्त गर्दछौं ।

४) आदिवासी जनजातिको भाषा, संस्कार, संस्कृति, धर्म, पहिचान आदिमा जवाफदेही, संवेदनशील र जिम्मेवार बन्नको लागि आदिवासी जनजाति प्रसारण आचारसंहिता (कोड अफ कन्डक्ट फर इन्डिजिनियस ब्रोडकास्टिङ) बनाई लागू गर्न प्रतिबद्धता व्यक्त गर्दछौं ।

५) लोपोन्मुख संस्कार, संस्कृति र भाषाहरूको बचाउ र उत्थानका लागि सामुदायिक रेडियोहरूको तर्फबाट विशेष कार्ययोजना बनाई कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।

६) आदिवासी जनजातिको अधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून, सन्धि तथा अभिसन्धिले सुनिश्चित गरेका अधिकारको प्रचारप्रसार गर्न प्रतिबद्ध छौं ।

**हिले राष्ट्रिय परामर्श कार्यक्रमको ६ बुँदे माग पनि थियो :**

१) संघीय, प्रदेश तथा स्थानीय तहमा निर्माण गरिने आमसञ्चार नीति तथा कानूनहरू आदिवासी जनजातिमैत्री बनाई कार्यान्वयन गर्न जोडदार माग गर्दछौं ।

२) सामुदायिक रेडियोमा आदिवासी जनजातिको सहभागिता र स्वामित्व अभिवृद्धिका साथै कार्यक्रम उत्पादन र प्रसारणको लागि जनशक्तिलाई उत्प्रेरित गर्न तीनवटै तहका सरकारले बजेटमा विशेष प्राथमिकता दिन माग गर्दछौं ।

३) लोपोन्मुख संस्कार, संस्कृति र भाषाहरूको बचाउ र उत्थानमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने माध्यम सामुदायिक प्रसारण भएकाले तीन वटै तहका सरकारसँग साझेदारीको माग गर्दछौं ।

४) आदिवासी जनजातिको स्वामित्व र सहभागितामा सञ्चालन भएका सामुदायिक रेडियोहरूलाई रेडियो उपकरण लगायत सामग्रीको आयात गर्दा भन्सार शुल्कका विभिन्न करमा विशेष छुट र सहुलियत दिन माग गर्दछौं ।

५. संघ, प्रदेश र स्थानीय तहमा राष्ट्र भाषामा सरकारी कामकाज साथै आदिवासी जनजातिको शिक्षा, न्यायमा पहुँच, सूचनाको हक, सञ्चार लगायत विभिन्न क्षेत्रको सेवा प्रवाहको सुनिश्चितताको लागि विशेष नीति बनाई लागू गर्न जोडदार माग गर्दछौं ।

६. आदिवासी जनजाति समुदायका सामुदायिक रेडियोकर्मीहरूको सीप, क्षमता र नेतृत्व विकासका लागि  सरकारसँग नीतिगत रुपमै विशेष व्यवस्था गर्न माग गर्दछौं ।

यसरी सामुदायिक रेडियोले आफ्ना अभियान सञ्चालन गरे पनि सार्थकता पाउन सकिरहेको छैन । यसतर्फ सबैको व्यावहारिक ध्यान जान आवश्यक छ । अन्यथा, विभिन्न आन्दोलन र बलिदानबाट प्राप्त संविधान कार्यान्वयन र न्यायपूर्ण समाज निर्माणमा सहयोग पुग्ने अपेक्षा गर्न सकिन्न । •

**(गाहा सामुदायिक रेडियो प्रसारक संघका उपाध्यक्ष हुनुहुन्छ ।)**

# भाषा–संस्कृति जोगाउन सामुदायिक रेडियो

लोपोन्मुख भाषा बचाउन स्थानीय रेडियोहरूले विशेष योगदान गर्न सक्नेमा कुनै द्विविधा छैन । अब भाषासहित पहिचान र विविधताका अन्य पक्षको संरक्षणमा स्थानीय सरकारहरूले पनि अगुवाइ गर्नुपर्छ ।



दीपक आचार्य

नेपालका सामुदायिक रेडियोहरूले अन्य सञ्चारमाध्यमको पहुँच बाहिर रहेका समाजमा सामाजिक विविधता र बहुलता प्रवर्द्धन गर्दै सूचना, जानकारी र शिक्षा फैलाइरहेका छन् । जिल्लाहरूमा खुलेका सामुदायिक एफएम रेडियोहरूले स्थानीय भाषा-संस्कृति संरक्षणमा ठूलो योगदान पुऱ्याएका छन् ।

संयुक्त राष्ट्रसंघको महासभाले सन् २०२२ देखि २०३२ लाई अन्तर र्राष्ट्रिय आदिवासी भाषा दशकको रुपमा घोषणा गरेपछि युनेस्कोले भाषा संरक्षणमा नेपालका स्थानीय रुपमा खुलेका एफएम रेडियोले महत्वपूर्ण भूमिका खेल्न सक्ने भनेर त्यस्तै कार्यक्रम गरिरहेको छ । भाषा-संस्कृतिको संरक्षण र प्रवर्द्धनको लागि सञ्चारमाध्यमको ठूलो भूमिका हुन्छ । त्यसमा पनि नेपालका सबै जिल्लामा प्रसारण भइरहेका स्थानीय रेडियोहरूले धेरै भूमिका खेल्न सक्छन् ।

मूलधारका सञ्चारमाध्यमहरूले स्थानीय भाषा, संस्कृति र परम्पराका विषयमा खोज-अनुसन्धान गरेर प्रकाशन, प्रसारण गरेको पाइँदैन । सबै विषय समेट्नुपर्ने मूलधारका सञ्चारमाध्यममा कुनै एक ठाउँको भाषा र संस्कृतिलाई प्राथमिकता दिने भन्ने पनि नहोला । स्थानीय रेडियोहरूले भने आदिवासी जनजातिको सवाललाई महत्वका साथ उठाएका छन् । उनीहरूले अझ प्रभावकारी काम गर्न सक्नेछन् ।



नेपालका ४५ भन्दा बढी सामुदायिक रेडियोमा जनजातिको राम्रो सहभागिता र नेतृत्व पनि छ । यसलाई फस्टाउन दिनु आवश्यक छ । कुनै पनि स्थानीय समुदायको संस्कृति, परम्परागत अभ्यास, ज्ञानलाई संवेदनशील तरिकाले चित्रण गर्नु सामुदायिक रेडियोहरूको दायित्व हो ।

जातीय, धार्मिक, सांस्कृतिक विविधताले धनी नेपालमा भौगोलिक रुपमा तराई, पहाड र संसारकै उच्च हिमालय क्षेत्र समेटिएको सर्वविदितै छ । भौगोलिक नापको हिसाबले सानो भए पनि नेपाल १२९ भाषा र त्योभन्दा बढी जातजाति भएको देश हो । ठाउँपिच्छे विविध चाडपर्व, संस्कृति, भेषभुषा, रहनसहन छ नेपालमा । यो विविधताको संरक्षण र सम्वर्द्धनमा स्थानीय एफएम रेडियोहरूले ठूलो भूमिका खेलिरहेका छन् ।

संघीय तहमा भाषा आयोग लगायत निकाय भाषाको संरक्षण, संवर्द्धन र विकासमा क्रियाशील छन् । नेपाल प्रज्ञा प्रतिष्ठान, जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, जनजाति महासंघका साथै जाति र भाषासम्बन्धी अन्य

संस्था पनि धेरै छन् । भाषा संरक्षण र संवर्द्धनको काममा स्थानीय रेडियोहरूसँग सहकार्य गर्ने कार्ययोजना भने उनीहरूले बनाएका छैनन् ।

हाल सञ्चालित सामुदायिक एफएम रेडियोमध्ये ३८५ वटाले विविधता संरक्षण गर्ने उद्देश्य राखेका छन् । स्थानीय रेडियो सञ्चालन पनि फरक सामाजिक पहिचान भएका समुदायले गरेका छन् । काभ्रेको नमोबुद्ध एफएम, काठमाडौंको नेवा एफएम, बर्दियाको गुर्बाबा एफएम, भोजपुरको चोमोलुङ्मा एफएम, बाँकेको रूवरू एफएमलाई यसको उदाहरण मान्न सकिन्छ ।

पूर्वका धेरै रेडियोमा लिम्बू भाषाको कार्यक्रम बज्छ । अनुसन्धानकर्ताहरूले लिम्बु भाषालाई विश्वकै पुरानोमध्येको भाषा मानेका छन् । यसमा नेदरल्यान्ड्सका सुप्रसिद्ध भाषाशास्त्री जर्ज भान ड्रिम पनि पर्छन् । उनका अनुसार, हिमाली भाषा परिवारभित्र करीब ४० वटा हाँगा छन् । त्यसभित्र किराती एउटा हाँगा छ । किरातीभित्र अर्को हाँगा लिम्बू छ । प्राचीन चीनको भाषा लिम्बू भाषासँग धेरै मिल्छ । ड्रिमका अनुसार, चिनियाँ लगायत विश्वका धेरै भाषिक पुर्खा नेपालको पूर्वी हिमाली भेगबाट छरिएको हुन सक्छन् ।

विविधतामा धनी नेपालको पहिचान जोगाउन भाषा संरक्षण महत्वपूर्ण सवाल हो । नेपालमा आधाभन्दा बढी भाषा लोपोन्मुख अवस्थामा छन् । लोपोन्मुख भाषा बचाउन पछिल्लो समय विभिन्न क्षेत्रबाट प्रयास पनि हुँदैछ । यस कार्यमा स्थानीय रेडियोहरूले विशेष योगदान गर्न सक्नेमा कुनै द्विविधा छैन । अब भाषासहित पहिचान र विविधताका अन्य पक्षको संरक्षणमा स्थानीय सरकारहरूले पनि अगुवाइ गर्नुपर्छ ।

मनोरञ्जनका सामग्रीमा पनि मधेशका एफएम रेडियोहरूमा स्थानीय मैथिली, भोजपुरी, बज्जिका, थारु आदि भाषाका गीत बजिरहेको सुनिन्छ भने पूर्वमा पुग्दा राई वा लिम्बू भाषाका गीत । त्यस्तै, गण्डकी प्रदेशमा गुरूङ त सुदूरपश्चिम प्रदेश पुग्दा रेडियोमा डोटेली भाषाका गीतहरू प्रसारण भइरहेको सुन्दा सबैलाई खुशी लाग्छ । रेडियोमा आफ्नै क्षेत्रका गीत र भाका सुन्दा स्थानीय समुदायमा लोक संस्कृतिप्रतिको आफ्नोपन बलियो बनेको छ । रेडियोले अन्तर्वार्ता प्रसारण गर्दा स्थानीय सर्जकहरूलाई पक्कै उत्साही बनाएको छ ।

अधिकांश आदिवासी जनजातिका भाषा मौखिक परम्परामा आधारित छन् । जिल्ला-जिल्लामा खुलेका स्थानीय रेडियोहरू लेख्य परम्परा नरहेका

यस्ता भाषाहरूको संरक्षण र उत्थानमा निकै सकारात्मक छन् । बर्दियाको गुर्बाबा एफएमले थारु भाषाको शब्दकोश प्रकाशनका साथै नेपालको संविधानलाई पनि थारु भाषामा अनुवाद गरेर रेडियोबाट प्रसारण गरेको छ ।

जिल्लाहरूमा सामुदायिक रेडियोहरूले आदिवासी जनजातिका भाषा, संस्कृति र अधिकार संरक्षणमा प्रतिबद्धता व्यक्त गर्दै समाचारका साथै सन्देशमूलक कार्यक्रमहरू प्रसारण गरेर टेवा पुऱ्याइरहेका छन् । पाँचथरको सुम्हात्लुङ एफएमले लिम्बू, राई वान्तवा, तामाङ, मगर र नेपाली भाषामा रेडियो कार्यक्रम तथा समाचार प्रसारण गर्दै आएको छ । खोटाङको रेडियो रुपाकोटले चाम्लिङ, मगर, तामाङ र नेवारी भाषामा कार्यक्रम र समाचार प्रसारण गर्न थालेपछि श्रोता बढेका छन् ।

भोजपुरको चोमोलुङ्मा एफएमले नेपालीका अलावा शेर्पा, थुलुङ, कुलुङ, खालिङ र तामाङ भाषाको कार्यक्रम प्रसारण गर्दै आएको छ । चेपाङ

> रेडियोको काम उत्प्रेरित र प्रचार-प्रसार गर्ने हो । भाषालाई उत्थान गर्नको लागि स्थानीय तह र अगुवाहरूले ठोस विशेष योजना बनाउनुपर्दछ ।

भाषाको कार्यक्रमका कारण रेडियो धादिङप्रति चेपाङ समुदाय गर्व गर्छन् । मधेशका रेडियोहरूमा थारु, मैथिली, राजवंशी, अवधी, उर्दू, भोजपुरी समाचार तथा साहित्यिक र मनोरञ्जनात्मक कार्यक्रमहरू धेरै लोकप्रिय छन् ।

लोपोन्मुख भाषाको संरक्षणका बारेमा रेडियोहरूले स्थानीय समुदायसँगै बसेर छलफल चलाई प्रसारण गर्न थालेका छन् । कोई, काइके, कागते, किसान, कुकी, खाम, खालिङ लगायत लोपोन्मुख भाषा प्रवर्द्धनमा एफएम रेडियोहरूको पहल प्रशंसनीय छ । सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) ले आदिवासी जनजातिको भाषा संरक्षण र उत्थानका लागि सबै सामुदायिक रेडियोलाई समानुपातिक रुपमा प्रसारण समय छुट्याउन उत्प्रेरित गर्नुका साथै रेडियोमा सम्बन्धित जातिको सहभागिता बढाउन प्रयत्न गरिरहेको छ । दोलखा जिल्लाको हाम्रो एफएमले मौखिक प्रयोगमा

बलिया देखिएका जिरेल र थामी भाषालाई प्राथमिकता दिएको छ ।

वीरगञ्जको रेडियो नारायणीले मारबाडी भाषामा पनि कार्यक्रम सञ्चालन गर्छ भने दाङको रेडियो हाम्रो पहुँचले थारु भाषामा पनि । त्यस्तै, रौतहटको रेडियो गुजरामाईले बज्जिका र अछामको रेडियो गाउँघरले अछामी भाषामा समाचारसहित जनचेतनामूलक कार्यक्रम प्रसारण गर्दै आएका छन् । स्वर्णिम एफएम सर्लाही र रेडियो रूद्राक्षले बज्जिका, मैथली, भोजपुरी, हिन्दी भाषामा कार्यक्रम प्रसारण गर्दै आएका छन् । रेडियो सुदूर सन्देश धनगढीले चौधरी, रानाथारु र डोटेली भाषामा समाचार तथा कार्यक्रम प्रसारण गर्छ ।

नेपाली, मैथिली, नेवारी, अवधी, भोजपुरी, लिम्बू, मगर, थारु, बज्जिका, तामाङ, शेर्पा, गुरूङ, अछामी, खस, थामी, थुलुङ, कुलुङ, खालिङ, चाम्लिङ, चेपाङ, छन्त्याल, जिरेल, डोटेली, दनुवार, धिमाल, बान्तवा, भुजेल, खाम मगर, माझी, वाम्बुले, राना थारु, राजवंशी, उर्दू, राजी, दुरा आदि भाषामा नेपालका सामुदायिक रेडियोहरूले समाचारसहित कार्यक्रम प्रसारण गरिरहेका छन् ।

रेडियोको काम उत्प्रेरित र प्रचार-प्रसार गर्ने हो । भाषालाई उत्थान गर्नको लागि स्थानीय तह र अगुवाहरूले ठोस विशेष योजना बनाउनुपर्दछ । तिलुङ, दुरा, कुसुन्डा, लिङखिम, साम जस्ता भाषाहरू लोप नै हुन लागेकाले यी समुदायका अगुवाहरूले संरक्षणमा सक्रियता देखाउनुपर्दछ ।

स्थानीय रेडियोहरूसँगको सहकार्यमा यी भाषाका कार्यक्रम सञ्चालन गर्ने अवसर छ । भाषिक समुदायमा प्रचलित इतिहास, उखान-टुक्का संकलन गरी रेडियो मार्फत प्रसारण गर्न सकिन्छ । त्यस्ता भाषाको रचना सुनाउन रेडियोहरूले स्टुडियोको टेलिफोन खुल्ला गर्न सक्छ । रेडियोबाटै भाषाको दूर शिक्षा प्रसारण गर्न सकिन्छ ।

केही सामुदायिक रेडियोले भाषा कार्यक्रम चलाएका छन् । केही सामुदायिक रेडियो भने आर्थिक संकटमा पर्दा पहिले प्रसारण भएका भाषाभाषीका कार्यक्रम पनि बन्द भएका छन् । ललितपुर, गोदावरीको रेडियो पर्यावरणले २०६० सालबाट चलाएको नेवारी भाषाको कार्यक्रम पछिल्लो समय आर्थिक कारण देखाउँदै बन्द गरेको छ । पोखराको हिमचुली एफएमले पनि यस्तै कारण देखाउँदै गुरूङ भाषाको कार्यक्रम रोकेको छ । यसरी आर्थिक कमजोरीले भाषा संरक्षण अभियानमा नकारात्मक प्रभाव पार्ने भएकाले सामुदायिक रेडियोको दिगोपनका लागि पनि सोच्नुपर्ने भएको छ ।

राज्यले भाषिक विविधतालाई सम्पत्ति मानेर संरक्षणको बाटो लियो भने मात्र सबै समुदायले राज्यप्रति गर्व गर्दछन् । संघ, प्रदेश र स्थानीय तहमा राष्ट्र भाषामा सरकारी कामकाज हुने भनेर संविधानले नै अधिकार दिइसकेको अवस्थामा अब तीनै तहका सरकारले त्यसको कार्यान्वयनमा विशेष कार्यक्रम ल्याउनुपर्दछ। स्थानीय तहले स्थानीय रेडियोसँग सहकार्य गरेर भाषा संरक्षण र उत्थानको कार्यक्रम गर्नुपर्दछ ।

बिहान ५ बजेदेखि राति ११ बजेसम्म प्रसारण हुने सबैजसो एफएमको कार्यक्रम तालिकामा सबै समुदायका श्रोतालाई समेट्ने प्रयास गरेको पाइन्छ। अब यतिले पुग्दैन, सम्बन्धित समुदायले पनि रेडियोलाई सहयोग र आफ्नै सहभागितामा कार्यक्रम सञ्चालन गर्ने बाटो बनाउनुपर्छ ।

महिला, आदिवासी जनजाति, मधेशी, दलित, अल्पसंख्यकका लागि राज्यका संयन्त्र र स्थानीय तहहरूले दिने गरेका सेवा-सुविधाको अवस्था अनुगमन, गलत भएको ठाउँमा खबरदारी अनि थप प्रचारप्रसार गर्ने काम समुदायका रेडियोहरूले गरिरहेका छन् । आफ्नो समुदायका विभेदपूर्ण सामाजिक मूल्य-मान्यता, परम्परा, संस्कारहरू अन्त्य गर्न सघाउने काम पनि गरिरहेका छन् ।

नेपाली सामुदायिक रेडियो अभियान राष्ट्रिय-अन्तर्राष्ट्रिय रुपमा प्रशंसित छ। विविधताको पाटोलाई अझै प्राथमिकता दिने र सम्बन्धित समुदायलाई नै रेडियोमा अर्थपूर्ण रुपमा सहभागी गराउन सके अर्को नमूना प्रस्तुत गर्न सकिन्छ ।

स्थानीय रेडियोको संख्यात्मक वृद्धिले मुलुकको भाषिक-सांस्कृतिक विविधता सम्वर्द्धनमा महत्वपूर्ण योगदान गर्न सक्छ भन्ने कुरालाई स्थानीयदेखि संघीय सरकारसम्मले बुझ्नुपर्छ । अन्तर्राष्ट्रिय भाषा दशकको सन्दर्भमा स्थानीय रेडियो जस्तो प्रभावकारी माध्यमको सहभागिता अझ अर्थपूर्ण भएको छ । ●

**(आचार्य सामुदायिक सूचना नेटवर्कका संयोजक हुनुहुन्छ ।)**

# सामुदायिक रेडियो र महिला

सामुदायिक रेडियोतर्फ १८ वटा रेडियोमा मात्र स्टेशन म्यानेजर महिला छन् । बुटवलको रेडियो मुक्ति, पर्वतको रेडियो दिदीबहिनी र रेडियो उदयपुरमा रेडियोका सदस्य, सञ्चालक समितिदेखि पत्रकार, कर्मचारी सबै महिला छन् । महिलाले संचालन गरेका रेडियो अन्य रेडियोका तुलनामा अब्बल देखिएका पनि छन् ।



दीपु पोखरेल

नेपालमा २००७ सालबाट रेडियो प्रसारण शुरु भए पनि निजी र सामुदायिकस्तरबाट २०५४ सालमा मात्र शुरु भएको हो । २०६२ सालसम्ममा सीमित रुपमा मात्र एफएम रेडियो स्थापना भएका थिए । २०६२/६३ को जनआन्दोलनपछि नेपालमा सामुदायिक रेडियो स्थापना हुने र प्रसारणमा आउने क्रम तीव्र रुपमा बढेर गयो । सोही समयमा नेपालमा महिलाहरूले अगुवाइ गरेर ७ वटा रेडियो प्रसारणमा आए ।

नेपालमा सामुदायिक रेडियोको संख्यात्मक वृद्धिसँगै रेडियो कार्यस्थलमा समेत महिला सहभागिता वृद्धि हुँदै आएको तथ्यांक छ । रेडियोमा मनोरञ्जनात्मक कार्यक्रमतर्फ धेरै सहभागिता भए पनि समाचार लेख्ने र रिपोर्टिङ गर्ने महिलाहरूको संख्या पर्याप्त थिएन । यद्यपि समयक्रममा यो संख्या बढ्दै गयो । तर पहिलेको तुलनामा अहिले पनि महिला सहभागिता र सक्रियतामा निकै संख्या बढेको छ । यद्यपि, भएका महिला पत्रकारहरू नीति-निर्माण र व्यवस्थापनको निर्णायक तहमा निकै कम छन् । हालसम्म सामुदायिक रेडियो प्रसारक संघको सदस्यता लिएका सामुदायिक रेडियाको संख्या ३७२ रहेको छ । यति धेरै सामुदायिक रेडियो सञ्चालनमा आए पनि महिलाले नेतृत्वमा सञ्चालित ७ मध्ये ५ रेडियो मात्र अहिले प्रसारणमा छन् ।

सामुदायिक रेडियोतर्फ १८ वटा रेडियोमा मात्र स्टेशन म्यानेजर महिला छन् । बुटवलको रेडियो मुक्ति, पर्वतको रेडियो दिदीबहिनी र रेडियो उदयपुरमा रेडियोका सदस्य, सञ्चालक समितिदेखि पत्रकार, कर्मचारी सबै महिला छन् । महिलाले संचालन गरेका रेडियो अन्य रेडियोका तुलनामा अब्बल देखिएका पनि छन् ।



देशमा आधाभन्दा बढी जनसंख्या ओगट्ने महिलाहरूको सवाल सञ्चारमाध्यममा उठे पनि मिसनको रुपमा उठ्न नसकेको अवस्थामा महिलाको नेतृत्वमा सञ्चालित रेडियो ती सवाल उठाउने उपयोगी माध्यम बनेको छ । यी रेडियोहरू महिला सशक्तीकरण, महिला हिंसा न्यूनीकरण, लैंगिक विभेदको अन्त्य र महिलाका मुद्दाप्रति पूर्णरुपमा समर्पित छन् ।

यस्ता रेडियोमा संस्थापक सदस्य, सञ्चालक समिति र कर्मचारी सबै महिला मात्र हुन्छन् । महिलाका समस्या एकै प्रकृतिको हुने हुँदा कहिलेकाहीं प्राकृतिक र शारीरिक अवस्थाले पनि समस्या खडा गर्छ । कुनै पनि संस्था जन्माउनु जति गाह्रो हुन्छ, त्यसलाई हुर्काउनु, बढाउनु र निरन्तरता दिनु अझै धेरै महत्वपूर्ण र चुनौतीपूर्ण हुन्छ । त्यसो त पत्रकारिता आफैंमा चुनौतीपूर्ण पेशा हो ।

महिलाका दोहोरो-तेहरो जिम्मेवारीका बाबजुद रेडियो सञ्चालन गर्नु पक्कै पनि सहज कुरो होइन । अन्य पेशा वा काम जस्तो निश्चित समयको जागिर वा पेशा, व्यवसाय पनि होइन । सबै अप्ठ्याराहरूलाई चिर्दै १५ वर्षको यात्रामा निरन्तर अगाडि बढिरहेका छौं ।

## महिला नेतृत्व र चुनौती

पत्रकारिता पेशा अन्य पेशा व्यवसाय जस्तो सहज होइन । यसका लागि समयको सीमा हुँदैन । दिनरात जनसम्पर्कमा रहिरहनुपर्ने, जुनसुकै समयमा पनि समाचार संकलन र कार्यक्रम उत्पादनका लागि कार्यक्षेत्रमा खटिनुपर्ने, सक्रिय रहनुपर्ने, अप्ठ्यारो समय लगायत चौबीसै घण्टा खरो रुपमा उत्रनुपर्ने हुन्छ । जति नै समानताका कुरा गरे पनि अझै पनि नेपाली समाजले महिलालाई पूर्ण स्वतन्त्रता दिएको छैन ।

यस्तो अवस्थामा सबै अप्ठ्याराहरूसँग जुध्दै पत्रकारिताका चुनौतीलाई सामना गर्न कतिपय अवस्थामा महिलाको प्राकृतिक र शारीरिक अवस्थाले पनि समस्या निम्त्याउने गर्छ । फेरि मिडियामा न्यूनतम पारिश्रमिक पनि नहुनु जस्ता कारणले शुरुमा आकर्षण देखेर रेडियोमा आए पनि कमै महिलाले निरन्तरता दिएको पाइन्छ ।

विगत १४ वर्षदेखि स्टेशन म्यानेजरको जिम्मेवारी सम्हाल्दै आउनुभएकी रेडियो गुर्बाबाकी स्टेशन म्यानेजर पुष्पा चौधरी पत्रकार महिलाहरूलाई पेशामा टिकाइरहन क्षमता विकासलाई जोड दिनुपर्ने बताउनुहुन्छ । चौधरी पुरूष पत्रकारसँग प्रतिस्पर्धामा उत्रन सक्ने गरी क्षमता विकास गर्नुपर्ने बताउनुहुन्छ ।



पुरूषहरूले सञ्चालन गरेका रेडियोमा महिलाले अवसर कम पाउने गरेका छन् । तालिम, गोष्ठी, सेमिनार जस्ता राम्रा अवसर आउँदा पुरूष सहभागी हुने र महिला पत्रकारलाई स्टुडियोमा समाचार वाचकको रुपमा राख्नाले पनि यथोचित क्षमता विकास हुनसकेको छैन ।

'महिला पत्रकारको संख्या र क्षमता विकास गर्न सरकार, संघ, पत्रकार महासंघ लगायत सरोकारवाला निकायले ध्यान दिनुपर्छ' चौधरी भन्नुहुन्छ, 'समयसापेक्ष क्षमता विकासका कार्यक्रम ल्याउनुपर्छ । साथै दैनिकी चल्ने पारिश्रमिक र महिलामैत्री मिडिया हाउस बनाउन आवश्यक छ ।'

सुरूवातमा रेडियोमा काम गर्दा धेरैले चिन्ने र प्रतिष्ठा बढ्ने उद्देश्यले महिला यो पेशामा आकर्षित हुन्छन् । कतिपयले पत्रकारिता पेशालाई निरन्तरता दिएर स्थापित पनि भएका छन् । तर, धेरैजसोको हकमा भने केही वर्ष सामुदायिक रेडियोमा काम गरेपश्चात् पर्याप्त आर्थिक सुविधा नहुने, धेरै समय काम गर्नुपर्ने, कतिपय प्राकृतिक र शारीरिक अवस्थाले पनि रेडियो छाडेको बताउने गरेका छन् ।



> रेडियोको काम उत्प्रेरित र प्रचार-प्रसार गर्ने हो । भाषालाई उत्थान गर्नको लागि स्थानीय तह र अगुवाहरूले ठोस विशेष योजना बनाउनुपर्दछ ।

लामो समय डडेलधुराको आफ्नो रेडियोमा स्टेशन म्यानेजरको जिम्मेवारी सम्हाल्दै आएकी किरण बिष्टले केही समयदेखि रेडियो छोड्नुभएको छ । बिहान उज्यालो भएदेखि राति अबेरसम्म खटिनुपर्ने, रिपोर्टिङका लागि फिल्डमा हिंड्नुपर्ने भएकोले बच्चा सानो भएको र घरमा बच्चा हेरिदिने सदस्य नहुँदा रेडियो छोड्न बाध्य भएको बिष्टको भोगाइ छ ।

सरकारले नै शिशु स्याहार केन्द्रको स्थापना गर्न सके र काम गर्ने स्थल महिलामैत्री हुने हो भने आफू जस्ता धेरैले गरिरहेको काम छोड्नु नपर्ने बिष्टको बुझाइ छ । फेरि रेडियोमा समय दिए जस्तो पारिश्रमिक नहुँदा महिलाहरू निराश भएर रेडियोको विकल्प खोज्न थालेका उहाँको अनुभव छ ।

यो पत्रकार बिष्टको मात्र समस्या होइन, रेडियोमा कार्यरत अधिकांश महिलाको समस्या हो । सञ्चारिका समूहकी पूर्वअध्यक्ष निर्मला शर्माका अनुसार लकडाउन पहिले सञ्चारिका समूहले गरेको सर्वेक्षणमा मिडियामा काम गर्ने महिलाको संख्या २५ प्रतिशत रहेको थियो । लकडाउन र यसले सृजना गरेको आर्थिक मन्दीका कारण अहिले पत्रकार महिलाको संख्या घटेको छ । मिडिया हाउसको संख्या बढिरहे पनि व्यावसायिक विकास हुन नसक्दा महिलाको संख्या बढ्न सकेको छैन ।

आम सञ्चारमाध्यममा महिलाको संख्या बढ्दा महिलाका मुद्दा पनि बढी उठान हुन्छ । क्षमता विकास र महिलामैत्री वातावरण बनाउनुका साथै यथोचित पारिश्रमिकको व्यवस्था गर्न सक्दा रेडियोमा महिला सहभागिता बढ्न सक्छ ।

## संघको भूमिका

महिलाहरू बिहे गरेपछि भने जस्तो पारिश्रमिक नपाएका कारण वा परिवारलाई आफूले गरिरहेको कामको विषयमा विश्वस्त पार्न नसक्दा पत्रकारिता पेशा छाड्ने वा परिवर्तन गर्ने क्रम बढ्दो छ । पेशामा टिकाइरहन र नयाँ आउन चाहनेलाई प्रोत्साहन गर्न सीआईएनले बुहारी पत्रकारिताको अवधारणा ल्याएको बताउनुहुन्छ, सीआईएनका व्यवस्थापक दीपक आचार्य ।

बुहारी पत्रकारिताको माध्यमबाट बिहे भइसकेका ग्रामीण भेगका १३५ जना बुहारीहरूलाई विभिन्न चरणमा तालिम दिएर दक्ष बनाएको उहाँ बताउनुहुन्छ । तालिम पाएका मध्ये ३५ जना बुहारीहरू अहिले पनि रेडियोमा काम गर्नुहुन्छ भने चार जना त नेतृत्वदायी भूमिकामा पुग्नुभएको छ ।

त्यसो त संघले पनि नेतृत्व तहमा महिला सहभागिता बढाउन सामुदायिक रेडियो लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति निर्माण गरेको छ । जसमा हरेक सामुदायिक रेडियो स्टेशनमा सञ्चालक र व्यवस्थापन समितिका पदहरूमा महिला र सामाजिक रुपले वञ्चितीकरणमा परेका समुदायको सहभागिता बढाउनका लागि सकारात्मक विभेदको नीति अपनाउने उल्लेख गरेको छ ।

साथै कर्मचारी भर्ना गर्दा लैंगिक समावेशीकरणको आधारमा परीक्षा प्रणाली अपनाउने, महिला कर्मचारीहरूको सुरक्षालाई दृष्टिगत गरी अनुकूल कार्यालय समय निर्धारण गर्ने र कार्यस्थल र कार्यक्रम प्रसारण

गर्दा लैंगिकमैत्री भाषा शैलीको प्रयोग गर्ने जस्ता जेसी नीति रहेको छ ।

जहाँ चुनौती, त्यहाँ अवसर र जहाँ अवसर त्यहाँ प्रतिस्पर्धा । त्यसैले महिला पत्रकारले पनि अवसरको खोजी गर्दा प्रतिस्पर्धाको सामना गर्न तयार हुनुपर्दछ । संविधानले नै राज्यका हरेक क्षेत्रमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गरेको छ । त्यसैले प्रत्येक सञ्चारमाध्यममा ३३ प्रतिशत महिलाको सहभागिता सुनिश्चित गर्ने हो भने महिला सहभागिता निकै बढ्छ ।

सभ्य समाजको विकास र रुपान्तरणका उद्देश्यले सञ्चालन गरिएका सामुदायिक रेडियोमा महिलाको सहभागिता वृद्धि गर्नु अहिलेको आवश्यकता पनि हो । सञ्चारक्षेत्र महिलामैत्री भए मात्र लैंगिकमैत्री समाचार र विषय वस्तुको प्रवाह बढ्छ, जसले लैगिक हिंसा न्यूनीकरणमा ठूलो सहयोग पुग्छ र हामीले कल्पना गरेको जस्तो सभ्य र समुन्नत समाज निर्माणमा टेवा पुग्नेछ । ●

**(पोखरेल सामुदायिक रेडियो प्रसारक संघका केन्द्रीय सदस्य हुनुहुन्छ ।)**

सामुदायिक रेडियो :

# सुन्दर भविष्यका लागि गर्नुपर्ने केही कठिन कामहरू

रेडियोमा हामी कुन समुदायको प्रतिनिधित्व गर्छौं र लक्षित समुदायको स्वामित्व के हो भन्ने दुई यक्ष प्रश्नको ठोस जवाफ छैन भने वस्तुतः सामुदायिक रेडियो हुँदैन। यो भावनात्मक नभई कानुनी प्रश्न पनि हो। लालपुर्जा कसको नाममा छ भन्ने कुरा हो।



सुदर्शन खतिवडा

ठूलो संख्या, बलियो पहुँच र गर्वलायक विगत नेपालको सामुदायिक रेडियो आन्दोलनको बलिया पक्ष हुन् । राजनीतिक (सरकारी) र व्यापारिक हस्तक्षेपबाट प्रभावित नागरिकको सूचनाको हक सुनिश्चित गर्ने वैकल्पिक माध्यमको रुपमा स्थापित सामुदायिक रेडियोहरू सामाजिक विकासको लागि शक्तिशाली औजार साबित हुँदै आएका छन् ।

राष्ट्रको मूल प्रवाहबाट अलग पारिएका उत्पीडित, सीमान्तकृतको मात्र नभई सामाजिक संस्थापन विरोधी आवाज बुलन्द हुने माध्यम बन्दै आएका छन् अधिकांश सामुदायिक रेडियो । नेपालमा सामुदायिक रेडियो मात्र त्यस्तो सञ्चारमाध्यम बन्यो, जुन सूचनाको उपभोक्ता र उत्पादक आफैं हो ।

किनारीकृतको आवाज बोल्ने सामुदायिक एफएम रेडियोले उनीहरूको अधिकारसँगै विकासको मुद्दा पनि बोक्यो र कामअनुसार नाम पाउन थाल्यो । जस्तो- कतै वैकल्पिक रेडियो त कतै किसानको रेडियो, कतै जनताको रेडियो त कतै शैक्षिक रेडियो ।

सामुदायिक रेडियोका मोडल र नाम फरक-फरक भए पनि एउटै अकाट्य चरित्र छ- समुदायका लागि, समुदायकै स्वामित्व । यो मूल चरित्रबाट विचलित हुनथालेको आरोप भने नलागेको होइन, खास गरेर पछिल्लो समयमा ।



सँगै, डिजिटल मिडियाको बदलिंदो परिदृश्यमा सामुदायिक रेडियोले अरु धेरै चुनौतीको एकसाथ सामना गरिरहनु परेको छ । भविष्यका लागि स्पष्ट मार्गचित्र नभएपछि इतिहासको गन्थनमन्थन गर्ने अभ्यास हुन्छ । सामुदायिक रेडियो अभियानले निकट विगतको सुन्दर इतिहास भजाएर मात्र बदलिएको समयको चुनौती झेल्न सक्दैन । परिवर्तित परिदृश्यमा सामुदायिक रेडियोको लागि अगाडि बढ्ने स्पष्ट बाटो खोज्नुपर्ने भएको छ ।

कता जाने भनेर निक्र्योल गर्न यात्रा कहाँबाट थालिएको थियो भन्ने हेक्का राख्नुपर्छ । मिडिया इतिहासकारहरूले प्रथम विश्वयुद्धताका युरोपका युद्धविरोधी नागरिक समुदायले युद्धरत सरकारको रेडियो कब्जा गरेर छोटो समय गरेको प्रसारणलाई सामुदायिक रेडियोको प्रारम्भ मान्छन् । यसलाई एउटा सुन्दर विम्बको रुपमा लिइन्छ ।

अहिले पूर्णरुपमा समुदायको स्वामित्वमा आइसकेको सामुदायिक रेडियो प्रसारणको विरासतलाई कसरी आवाजविहीनहरूको आवाज बनाइराख्ने ? भन्ने बहसबाट भविष्यको मार्गचित्र कोर्न शुरू गर्नुपर्छ ।

लेखिका अरून्धती रायको विचारमा मानिस आवाजविहीन हुँदैनन्, आवाजविहीन बनाइन्छन् । हामी सामुदायिक रेडियो हौं कि होइनौं ? नाप्ने मानक के हो ? हाम्रो रेडियोमा आवाजविहीनहरूको आवाज सुनिन्छ त ? उनीहरूको पहुँच, सहभागिता, स्वामित्व र अपनत्व छ कि छैन ? महिलाको रेडियो भनिरहँदा कुन वर्गको महिला भनेर प्रश्न गर्न पनि भुल्नुहुँदैन ।

सामुदायिक रेडियोमा समुदायको स्वामित्वको प्रश्न आउँदा कतिपय अभियन्ता बोर्डमा राखिदिएको, समुदायलाई पनि सुनिदिएको तर्क गर्छन् । तर, सामुदायिक रेडियोमा अर्थपूर्ण सहभागिता समुदायको अधिकार हो, कसैले दयाले दिने वा कसैले कमजोर भएर लिने कुरा होइन । समुदायको पहुँच, स्वामित्व, नियन्त्रण, सहभागिता, संलग्नता, विविधता, समावेशिता, गैरनाफा लगायत आधारभूत चरित्र आत्मसात् नगरी सामुदायिक रेडियो अभियान अगाडि बढ्न सक्दैन । सहभागितालाई संलग्नताको तहसम्म उठाउन मिहिनेत गर्नुपर्ने बेला हो, यो ।

जब संस्थाभित्र लोकतन्त्र कमजोर हुन्छ, संस्थाको साधारणसभा हुन छाड्छ । भए पनि कागजमा मात्र हुन्छ । नेतृत्व हस्तान्तरणको विधि अवरूद्ध पार्न यस्तो गरिन्छ । संस्थामा दशकौं एउटै प्रतिनिधि रहन्छन् । समुदायभन्दा पारिवारिक नेतृत्व हुन्छ । विविधताको शक्ति समावेश गरेर ऊर्जा पैदा गर्ने अवसर गुम्छ ।



त्यसरी प्रसारण सामग्रीमाथि सीमित मानिसको एजेन्डा हावी गराएपछि संस्था समुदायबाट धेरै टाढा पुग्छ । रेडियोको संरचना समुदायको बीचमा



ठडिएको हुन्छ, तर समुदायको माया र स्वामित्व हुँदैन । समुदायको सवालले रेडियोलाई नछोएपछि समुदायले पनि रेडियो सम्झँदैन । एवंरीतले यात्रा गलत गन्तव्यतिर सोझिन्छ ।

आजकल रेडियोका लक्षित समूहको कुरै हुन छाडेको छ । रेडियोमा हामी कुन समुदायको प्रतिनिधित्व गर्छौं र लक्षित समुदायको स्वामित्व के हो भन्ने दुई यक्ष प्रश्नको ठोस जवाफ छैन भने वस्तुतः सामुदायिक रेडियो हुँदैन । यो भावनात्मक नभई कानुनी प्रश्न पनि हो । लालपुर्जा कसको नाममा छ भन्ने कुरा हो ।

सामुदायिक रेडियो के हो ? यो प्रश्नको सहज जवाफ हो- ९० प्रतिशत समुदाय र १० प्रतिशत रेडियो । तर, आज ९० प्रतिशतलाई बिर्सिएर १० प्रतिशतको स्वार्थ जोगाउने चिन्ता हावी हुँदै गएको छ । रेडियो, पत्रकार अनि मात्र समुदाय भन्ने उल्टो क्रम बलियो बन्दै गएको छ ।

यो अभियानको कोर्ष यही विन्दुबाट सच्याउन आवश्यक छ, जसपछि सामुदायिक रेडियो मज्जाले चलोस् । अरु हजार चुनौती खोजेर व्याख्या गरिरहन पर्दैन । नागरिकको लगानी र स्वामित्वका रेडियो पचासौं वर्षबाट चलिरहेको दृष्टान्त संसारमा धेरै छन् ।



सामुदायिक रेडियो के हो ? यो प्रश्नको सहज जवाफ हो- ९० प्रतिशत समुदाय र १० प्रतिशत रेडियो । तर, आज ९० प्रतिशतलाई बिर्सिएर १० प्रतिशतको स्वार्थ जोगाउने चिन्ता हावी हुँदै गएको छ । रेडियो, पत्रकार अनि मात्र समुदाय भन्ने उल्टो क्रम बलियो बन्दै गएको छ ।

सामुदायिक रेडियोको जग स्थायी प्रतिपक्षी हो । भुल्न नहुने कुरा के भने एउटा निश्चित समुदायको पक्ष लिइरहँदा बाँकी सबै क्रमशः विपक्षी बन्नसक्छन् । कमजोर पक्षको आवाज सजिलो छैन । यही कठिन काम गर्नसक्दा लक्षित समुदायको स्वामित्व सुनिश्चित हुन्छ ।

एनजिओकरण जस्तै अति दलीयकरण हाम्रो अभियानको गम्भीर समस्या हो । परिवर्तन हाम्रो चाहना हो भने पहिलो एजेन्डा सामुदायिक रेडियोको

शुद्धीकरण बन्नुपर्छ । जति शुद्धीकरण, त्यति नै सामुदायिक सहभागिता, संलग्नता र स्वामित्व । योसँगै बढीभन्दा बढी सामाजिक आन्दोलनसँग जोडिन सकिन्छ । समुदायसँग नङ-मासु सम्बन्ध भएपछि अरु हजार चुनौतीका पहाडहरू सजिलै पार गर्न सकिन्छ ।

स्वशासन अर्थात् सामुदायिक रेडियो सञ्चालन हुने नीति पहिला सामुदायिक रेडियोले बनाउनुपर्छ । त्यस्तो नीति, जसले सामुदायिक रेडियोमा अल्पसंख्यकहरूको पहुँच सुनिश्चित गरोस् । उनीहरू आवद्ध संस्थाहरूसँग कसिलो हातेमालो हुनसकोस् । रेडियो आमा समूह, किसान समूह लगायतको बनोस् र हाम्रा दैलाका किसानले सडकमा तरकारी फालेर आन्दोलन गरेको समाचार अरु सञ्चारमाध्यमबाट थाहा पाउनु नपरोस् ।

हाम्रो रेडियोहरूमा महिला, आदिवासी, अल्पसंख्यक, सीमान्तकृतहरूको सहभागिताको ग्यारेन्टी होस् । लोकतन्त्र र सुशासन संस्थाको सामान्य जीवनशैली बनोस् । हामी लोकतान्त्रिक छौं भने दुनियाँसँग लोकतन्त्रको माग गर्न सक्छौं । आफू सम्हालिएका छौं भने समाज सम्हाल्न नेतृत्व गर्न सक्छौं । समाज रुपान्तरण गर्ने चाहना हो भने पहिला व्यक्तिगत रुपान्तरण अपरिहार्य हुन्छ ।

हाम्रो प्रसारण क्षेत्र र त्यहाँका समुदायबारे अध्ययन-अनुसन्धान र सर्वेमा थप जोड दिनुपर्छ ।  आफू उभिएको जमीन के हो भन्ने थाहा पाउनु हाम्रो प्राथमिक काम हो । रेडियोले समुदाय नचिने समुदायले पनि रेडियो चिन्दैन । समुदायको आवश्यकता पहिचान गरेर विषयगत रेडियोमा बदलिने र तदनुरुप संहिता लागू गर्दै अगाडि बढ्नुको विकल्प छैन । सरकारले हामीलाई सम्बोधन गर्दै एकथान नीति ल्याइदिंदैमा हाम्रा तमाम समस्या समाधान हुँदैनन् ।

नेपालमा महिलाको महिलाले, जनजातिको जनजातिले, मधेशको मधेशीले मात्र अधिकारको मुद्दा उठाउने चलन छ । सामुदायिक रेडियोको हितमा रेडियो स्वयंले आवाज उठाउनुको अर्थ हो, रेडियो समुदायसँग जोडिएको छैन । अब रेडियोको समस्याले समुदायलाई पोल्ने अवस्था बनाउने काम हुनुपर्छ ।

सामुदायिक रेडियो नीति बनेन भनेर अन्य निकायले किन आवाज उठाउँदैनन् ? हामीले नाफा-घाटावाला कुनै प्रालि चलाइरहेका हौं ? समीक्षा आवश्यक छ । सामुदायिक रेडियोको पक्षमा सामाजिक-राजनीतिक

जनमत बन्नुपर्छ । त्यसका लागि हामीले आचरण र कार्यशैली बदल्दै मिहिनेत गर्नुपर्छ ।

संघीयताले हामीलाई अवसर थपिदिएका छन् । अवसरको उपयोग गर्न प्रसारक संघले पहिला आफूभित्र संघीयता लागू गर्नुपर्छ। त्यो भनेको एक थान प्रदेश समिति बनाउनु मात्र होइन । हरेक सदस्य रेडियो सामुदायिक रेडियो अभियानको 'हेडक्वाटर' बन्नुपर्छ। नत्र, हामीले संघीयता आत्मसात् गरेको ठहर्दैन ।

हरेक सदस्य स्टेशन बलिया भएपछि सामुदायिक रेडियो आन्दोलनको जग बलियो हुन्छ । सदस्य स्टेशनहरू कमजोर भइरहँदा संघ बलियो हुनसक्दैन । शक्तिको नाभी रहेको सदस्य स्टेशनको हितमा संघको अर्जुनदृष्टि हुनुपर्छ । यसरी प्राप्त शक्तिको बलमा हामी माग्ने होइन, सरकारसँग सम्झौता गर्ने हैसियतमा पुग्छौं । अनि हाम्रा लागि स्वतन्त्र नियमनकारी निकाय माग्न सक्छौं ।

सरकारी हस्तक्षेप नहुने गरी स्वतन्त्र आर्थिक स्रोत सुनिश्चित गराउने हाम्रो ध्येय हुनुपर्छ । नीतिहरू सामुदायिक रेडियोलाई नियन्त्रणमुक्त गर्नका लागि हुनुपर्छ। हामी नियन्त्रणमा जाने नै होइन । यसका लागि स्वतन्त्र आर्थिक स्रोतको माग गर्न सकिन्छ, जसको अभ्यास संसारभर छ । राज्यको आर्थिक स्रोतमा हाम्रो पनि अधिकार रहन्छ । समुदायको रेडियोले साप्ताहिक पत्रिकाले पाउनेजति लोककल्याणकारी विज्ञापन थापेर बसिरहने कुरा हुँदैन। राज्यसँग हामीले भिक्षा होइन, अधिकार माग्ने हो ।

यसका लागि प्रसारक संघ संस्था र सञ्जालबीचको भिन्नता छुट्याएर अघि बढ्नुपर्छ। सदस्य स्टेशनको भन्दा गैरसरकारी संस्थाको हस्तक्षेपले काम गर्ने अवस्था सिर्जना हुनुहुँदैन । संघको सचिवालयसँगै एजेन्डासँग जोडिएको आन्दोलन पनि बलियो हुनुपर्छ । संघ गैरसरकारी संस्थाको चरित्रभन्दा धेरै माथि उठ्नुपर्छ। सामुदायिक रेडियो अभियानको आत्माको रुपमा रहेको सञ्जाल त्योभन्दा माथि हुन्छ नै । यसरी सञ्जाल र गैरसरकारी संस्थाहरूबीच सम्मानजनक दूरी कायम गर्न सक्नुपर्छ। ●

**(लेखक सामुदायिक रेडियो प्रसारक संघका सचिव हुनुहुन्छ ।)**

C GE J

# बीबीसीमा बिताएका ३२ वर्ष

जति नै प्रविधि फेरिए पनि रेडियो सुन्न छाडिएला, यो माध्यम हराउला भन्ने मलाई लाग्दैन। विश्वभरका गाउँ-गाउँमा अझै पनि सूचनाको मुख्य माध्यम रेडियो नै छ। शहरका मानिसले रेडियो सेट नकिन्लान्, तर मोबाइलमा रेडियो नै सुन्छन्।



मणि राणा

घरमा बुवा-मुमा अल इन्डिया रेडियो सुन्नुहुन्थ्यो । त्यो रेडियो अझै पनि मसँग छ । मलाई सानैमा रेडियोमा बोल्ने रहर लागेको थियो । रेडियो नेपालमा बोल्ने चाहना बीए पास गरेपछि पूरा भयो । रेडियो नेपालमा भर्ना खुलेपछि आवेदन दिएर छनोट भएँ ।

रेडियो नेपालमै रहँदा सन् १९७१ को जूनमा ब्रिटिस काउन्सिलको छात्रवृत्तिमा १० हप्ते तालिमका लागि लन्डन गएँ । तालिमकै क्रममा त्यहीं काम गर्ने प्रस्ताव आयो । मैले नाइँनास्ति गर्नुपर्ने कारण थिएन, सहमति जनाएँ । त्यसका लागि रेडियो नेपालको स्वीकृति ल्याउन भनिएको थियो । स्वीकृति लिएर आउँछु भनेर म नेपाल फर्किएँ । तर, रेडियो नेपालले स्वीकृति दिन मानेन । मैले अनेक प्रयत्न गर्दा पनि सकिनँ ।

मलाई भने लन्डनमा काम गर्ने सपनाले पिरोलिरह्यो अनि भारत जाने भन्दै ढाँटेर गएँ । बीबीसीका हाकिमलाई भेटेर रेडियो नेपालले स्वीकृति नदिएको बताउँदा त्यो नभई काममा लगाउन नसक्ने बताउनुभयो । मैले उसो भए अब म लन्डनमै बसेर अन्यत्रै काम गर्छु भनें । त्यसपछि उहाँले आफूभन्दा माथिल्ला अधिकारीलाई भेटाउनुभयो । ती अधिकारीले आउ-जाउको टिकट बीबीसीले नै व्यहोर्ने गरी रेडियो नेपालको स्वीकृतिपत्र लिन नेपाल जान भन्नुभयो । म नेपाल फर्किएँ, स्वीकृति लिइछोड्ने अठोटका साथ ।

तर, फेरि भेटेर फकाउँदा पनि रेडियो नेपालका हाकिम मान्नुभएन । त्यसपछि अरु बाटा खोज्ने क्रममा साथीहरूले राजदरबारका सचिवलाई भेट्न सुझाउनुभयो । दरबारमा राजनारायणप्रसाद भन्ने मेरा सर हुनुहुन्थ्यो । उहाँलाई भेटेर आफ्नो कुरा सुनाएँ । उहाँले चिरन थापालाई भेट भन्नुभयो । त्यसपछि थापालाई फोन गर्दा उहाँले भेट्ने समय दिनुभयो । भेटेर सबै कुरा भनेपछि उहाँले संचार मन्त्रालयमा सचिव नियुक्त हुनासाथ खबर गरौंला भन्नुभयो ।

जून महिनामा सचिव नियुक्त भएको थाहा पाउनासाथ थापासँग फोन सम्पर्क गर्ने कोशिश गरें, तर सम्पर्क हुनै सकेन । पछि उहाँले नै फोन गरेर सचिवलाई भेट भन्नुभयो । सचिवलाई भेटेपछि मेरो काम भयो । अनि आवश्यक प्रक्रिया पूरा गरेर लन्डन पुगें ।

त्यो बेला भारत जाने अनुमति पाउनु नै ठूलो कुरा हुन्थ्यो । बेलायत जान पाउँदा म दङ्ग हुने नै भएँ । त्यसबेला बीबीसीभन्दा पनि लन्डन जान पाएको भन्नेमा बढी फुरुङ्ग थिएँ । यादव खरेलजी बीबीसी नेपाली

सेवाको प्रमुख हुनुहुन्थ्यो। हरेक शनिबार आधा घण्टा बीबीसी नेपाली सेवा प्रसारण हुन्थ्यो । हामी हप्ताभरिका समाचारसहित रिपोर्टहरू प्याकेजिङ गर्थ्यौं । हप्तामा एक दिन शुक्रबार कामको अलि धपेडी जस्तो हुन्थ्यो । अलि पछि हप्ताको तीन दिन हुँदै हाम्रो प्रसारण दैनिक भयो । जनशक्ति पनि थपियो ।

मैले शनिबार अंग्रेजी भाषा सिकाउने कार्यक्रम 'इंग्लिस बाइ रेडियो' चलाउन थालें । नेपाल टेलिभिजनमा यो कार्यक्रमको नाम 'फलो मी' थियो । ५० अंक जति आएको त्यो कार्यक्रम साह्रै लोकप्रिय भयो । म रेडियोमा बसेर माइक्रोफोनमा बोलेको मानिस, टीभीमा रमाइलो पारामा हाँसेर बोल्नुपर्दा शुरुमा केही असजिलो भयो । पछि विस्तारै सहज हुँदै गयो ।

ब्रिटिस काउन्सिलको छात्रवृत्तिमा रहँदा मासिक ७८ पाउन्ड पाएको थिएँ, बीबीसीमा पहिलो महिनाको तलब १४४ पाउन्ड थापेको थिएँ। त्यो बेला त्यो रकम निकै थियो, तर मैले खल्तीको खल्ती नै सिध्याएँ। २१ वर्षको अल्लारे न थिएँ, लुगाफाटो किनें, रमाइलो र फुर्मास गरेरै पैसा सकें ।

मैले बीबीसीमा ३२ वर्ष काम गरें, लामो समय घरबाट बाहिरको बाहिरै भएँ । नेपालको धेरै कुरा बिर्सिएँ । आउन त वर्षैपिच्छे आउँथें, तर नातागोता चिन्ने, कसलाई कुन साइनोले बोलाउने अनि नमस्कार गर्ने कि ढोग्ने भन्नेमा अलमलिने भएँ ।



त्यो अवधिमा मैले बिर्सिनसक्नुका सम्झनाहरू पनि सँगालेको छु। कामका क्रममा परिचय मात्र होइन दुर्लभ अवसरहरू पनि पाएँ। मैले त्यो बेला



पाएको श्रोताको माया बिर्सिनसक्नु छ । मलाई सुन्नुभएका साथीहरू अहिले पनि भेटिनुहुन्छ ।

त्यसबेला रेडियोमा धेरै पत्र आउँथे । तिनलाई हामी 'लिस्नर्स लेटर' भनेर समेट्थ्यौं । अहिलेका नेपाली कांग्रेसका थुप्रै नेता त्यसबेला युवा विद्यार्थी हुनुहुन्थ्यो । पत्र पठाउनेमा उहाँहरू पनि हुनुहुन्थ्यो । जापानीहरूले नेपाली भाषामा पठाएका पत्रहरू अझै सम्झनामा छन् । एकजना नेपालीले पीपलको पातमा पत्र पठाएको सम्झँदा अहिले पनि रमाइलो लाग्छ । त्यो माया कहिल्यै भुल्न सकिन्न ।

कामका क्रममा मैले खगेन्द्र नेपालीलाई भेटें । हामी अहिले पनि असल मित्र छौं । उहाँ बेलायत र म नेपाल बसे पनि कुराकानी गरिरहेका हुन्छौं । धेरै श्रोताले हामीलाई रेडियो जोडीका रुपमा सम्झनुभएको छ । अन्तर्वार्ता गर्ने, रिपोर्ट बनाउने, समाचार लेख्नेबाहेक हामीले अंग्रेजी र अन्य भाषाका समाचारलाई नेपालीमा उल्था गर्ने काम पनि धेरै गर्यौं ।

३२ वर्षको अवधिमा मैले लन्डनबाट काठमाडौं आइपुग्ने गरिको 'ए-फो' पेपरमा लेखें होला । मैले काम सुरू गर्दा बीबीसीमा कम्प्युटर आएकै थिएन । जब आयो, हामी त्यसमा अभ्यस्त हुन सकेनौं । पछिल्लो पुस्ताले कम्प्युटरमा छिटोछिटो काम गरेको देख्दा हामीलाई पनि रहर त लाग्थ्यो, तर त्यसमा रत्तिन गाह्रो भयो । किन, किन हामीले कम्प्युटरमा टाइपभन्दा लेखेरै काम गर्दा मजा मान्यौं ।

बीबीसीमा दुई वटा स्रोत चाहिन्छ भन्ने हुन्थ्यो- आफ्नै संवाददाता र न्यूज एजेन्सी । न्यूज एजेन्सीका समाचार भेरिफाइ गरेर प्रसारण गर्थ्यौं । ती समाचार फ्याक्स र टेलिग्रामबाट आउँथे । २०४७ सालको आन्दोलनताका बीबीसी नेपाली सेवा नसुन्ने कोही थिएन भन्दा हुन्छ । त्यसबेला नेपालमा व्यावसायिक पत्रकारिता नभएकाले निष्पक्ष समाचारका लागि बीबीसी सुन्नुको विकल्प थिएन ।

साप्ताहिक रुपमा प्रसारण हुँदा हामी लगभग सबै सामग्री अघिल्लो दिन नै तयार पारिसक्थ्यौं । समाचार मात्र लाइभ पढिन्थ्यो । एक दिन म प्रसारण शुरु हुनुभन्दा आधा घण्टा अगाडि मात्र निद्राबाट ब्युझें । धन्न, ट्याक्सी पाइयो र हतार-हतार गरेर दुई-तीन मिनेट अगाडि स्टुडियो पुगेर सम्हालें । धुम्धुम्ती बसिरहेको स्टुडियो म्यानेजरले मेराविरूद्ध रिपोर्ट गर्न पाएन ।

विशेष अवसर या घटनामा बुलेटिन वा समय थपेर काम गर्यौं । म बीबीसी गएकै वर्ष नेपालमा राजा महेन्द्रको निधन भयो ।

२०४८ सालमा तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई चुनावमा हार्नुभयो । मैले लन्डनबाटै फोन गरेर उहाँको अन्तर्वार्ता गरें । शुरुमा मैले उहाँलाई 'प्राइममिनिस्टर, कमिजरेसन्स्' भनें ।

उहाँ 'चुनाव हारेको बेला के को कङ्ग्र्याचुलेसन्स्' भनेर रिसाउनुभयो । मैले, सरी मैले त्यसो भनेको होइन, प्रधानमन्त्रीज्यू भनें । भोलिपल्ट उहाँले फेरि नेपालबाट फोन गरेर हिजो तपाईंले के शब्द भन्नुभएको रे ? भनेर सोध्नुभयो । मैले जानकारी गराएँ । उहाँले ए, ए भन्नुभयो । यस्ता अनेकौं सम्झना छन् ।

त्यस्तै, बेलायतका युवराज (अहिलेका राजा) चार्ल्सको अन्तर्वार्ताका लागि 'बकिङ्घम प्यालेस' गएको छु । हामी जस्तो आम मानिसले बाहिरबाट हेर्ने चिज हो, दरबार । तर मैले बकिङ्घम प्यालेस भित्रबाट बाहिर हिंडिरहेका मानिसलाई हेर्न पाएको छु ।

अन्तर्वार्ता सकेर कोठामा गएर सुन्दा त म छाँगाबाट खसेको जस्तै भएँ। कुनै पनि कुरा रेकर्ड भएको थिएन। खासमा रेकर्डरको टेप नै चलेनछ। म असिन-पसिन भएँ। अनि फेरि डराई-डराई उहाँहरुलाई पुनः अन्तर्वार्ता गर्न सकिन्छ कि भनेर अनुरोध गरें।



त्यसबेला युवराज चार्ल्स नेपाल जान लाग्नुभएको थियो । यस्तो बेला अन्तर्वार्ता गरेर सम्बन्धित देशका सञ्चारमाध्यमबाट प्रसारण गर्ने गरिंदो रहेछ । यसै क्रममा मैले प्रिन्स चार्ल्ससँग अन्तर्वार्ता गर्न पाएको थिएँ ।

मैले नेपालका धेरै जना प्रधानमन्त्री, मन्त्री, नेताका साथै विभिन्न क्षेत्रका व्यक्तित्वसँग अन्तर्वार्ता गरेको छु । केपी शर्मा ओलीसँग उहाँकै ओछ्यानमा बसेर कुराकानी गरें । तेन्जिङ नोर्गे शेर्पा र एडमन्ड हिलारीसँग कुराकानी गरें । हिलारीहरू बसेको वेल्सको होटलमा गएर अन्तर्वार्ता गरें । अन्तर्वार्ता सकेर कोठामा गएर सुन्दा त म छाँगाबाट खसेको जस्तै भएँ । कुनै पनि कुरा रेकर्ड भएको थिएन । खासमा रेकर्डरको टेप नै चलेनछ । म असिन-

पसिन भएँ । अनि फेरि डराई-डराई उहाँहरूलाई पुनः अन्तर्वार्ता गर्न सकिन्छ कि भनेर अनुरोध गरें । उहाँहरूले सहजै स्वीकार्नुभयो । र फेरि गएर उहाँहरूसँग अन्तर्वार्ता गरें ।

प्रविधिको विकासको प्रभाव रेडियोहरूमा नपर्ने कुरै भएन । हामीले काम गर्दा रेडियो सर्ट वेभ र मिडियम वेभमा प्रसारण हुन्थ्यो, अहिले एफएमको जमाना आयो । रेडियो नेपाल नै एफएममा मात्र प्रसारण भइरहेको भन्ने सुनेको छु । यसरी प्रविधिमा सामान्य परिवर्तन होइन, कायापलट नै भइरहेको छ ।

परिवर्तन सबै कुरामा भइरहेको छ । सन् १९७१ मा म लन्डन जाँदा बीबीसीमा नेपालको सिंहदरबारको जस्तै फर्निचर थियो । ३२ वर्षमा मैले छोड्दै गर्दा बीबीसीको अफिसमा वातावरणमैत्री फर्निचर राखिएको थियो । त्यसबेला हामी हातैले लेखेर काम चलाउँथ्यौं अहिले कम्प्युटर, इन्टरनेट, मोबाइल, ट्याबलेटलगायत उपयोगमा छन् ।

जति नै प्रविधि फेरिए पनि रेडियो सुन्न छाडिएला, यो माध्यम हराउला भन्ने मलाई लाग्दैन । विश्वभरका गाउँ-गाउँमा अझै पनि सूचनाको मुख्य माध्यम रेडियो नै छ। शहरका मानिसले रेडियो सेट नकिन्लान्, तर मोबाइलमा रेडियो नै सुन्छन् । समाचारका लागि म आफैं पनि रेडियो नै सुन्छु । साह्रै धेरै विज्ञापन आउने हुनाले टीभी हेर्दिनँ । बदलिंदो प्रविधि अनुसार रेडियोलाई अपडेट भने गर्नुपर्छ । ●

**(सीआईएनका सम्पादक लक्ष्मण कार्कीसँगको कुराकानीमा आधारित)**

# रेडियोसँग मेरो दुई दशक

मधेशमा रेडियो खोल्नु भनेको त्यहाँका विविधतापूर्ण समाज र नागरिकको बोली बोल्नुथियो। उत्पीडितहरुको साथी बन्नुथियो। सरकारलाई न्यायिक समाजका लागि घच्घच्याउनु थियो।



निमेष कर्ण

मलाई ठ्याक्कै मिति त याद भएन तर काठमाडौं बसाइको क्रममा रत्नराज्यलक्ष्मी क्याम्पसमा अध्ययन गर्दैथिएँ होला । केही साथीहरूबाट थाहा पाएँ, रेडियो सगरमाथामा मैथिली भाषमा कार्यक्रम सञ्चालक खाँचो छ ।

मलाई बाल्यकालदेखि नै रेडियोमा बोल्ने रहर थियो । मेरो गाउँ बर्दिबास नजिकै रेडियो नेपालको रिले स्टेशन थियो । त्यसैले होला, मसँगसँगै रेडियोमा बोल्ने रहर पनि हुर्किइरहेको थियो ।

मैले साप्ताहिक रुपमा रेडियो सगरमाथामा मैथिली भाषाको रेडियो कार्यक्रम संचालन गर्ने अवसर पाएँ । यो काम मैले झण्डै दुई वर्ष गरें । साप्ताहिक रेडियो कार्यक्रम उत्पादन गर्ने क्रममा तात्कालिक कार्यक्रम प्रमुखलाई स्क्रिप्ट देखाएर मात्र रेकर्डिङ गर्नुपर्ने थियो । मैथिली भाषामा मैले के के लेखें भनेर स्क्रिप्ट नेपालीकरण गरेर बुझाएपछि मात्र मैले कार्यक्रम रेकर्ड गर्न पाउँथें । यो क्रम मैले दुई वर्षसम्म झेलें ।

तत्कालीन कार्यक्रम प्रमुख मैथिली भाषा राम्ररी बुझ्दैनथे । उनलाई लाग्थ्यो, कार्यक्रमबाट मैले देश टुक्र्याउने कुराहरू गर्न सक्छु । कार्यक्रम निर्माणको क्रममा मलाई निकै कसिन्थ्यो । म विस्तारै निसासिन थालें । अपमान महसुस हुन थाल्यो । विस्तारै मनमा मधेशमा गएर रेडियो चलाउने सपना हुर्कन थाल्यो, जहाँ मलाई कसैले शंका गर्दैनथ्यो । म मेरो देशप्रति प्रतिबद्ध छु भनेर हरेक दिन कसैलाई पुष्टि गर्नुपर्दैनथ्यो ।

देशमा ठूलो राजनीतिक आन्दोलन सम्पन्न भयो । २०६२/६३ सालको आन्दोलनको क्रममा स्वतन्त्र रेडियो बचाउ आन्दोलनमा सहभागी भएँ । यही क्रममा वरिष्ठ रेडियोकर्मीहरूसँग परिचय हुन पुग्यो ।

मलाई लागेको थियो- आफ्नो भाषा, संस्कार र संस्कृति जोगाउन रेडियो स्थापना गरेर अगाडि बढ्नुपर्छ । यसै क्रममा मधेश आन्दोलन पनि शुरू भयो । त्यहीबीचमा मैले जनकपुरका केही अग्रजहरूलाई जनकपुर एफएम खोल्ने क्रममा सहयोग गरें, जहाँ मैले काम गर्ने अवसर पनि पाएँ ।

मधेशका भुईं तहमा रहेका नागरिकको आवाज बोल्ने रेडियो खोल्ने धोको छँदैथियो । मूलधारका सञ्चारमाध्यमले दिन नसकेको स्थान म दिनसक्छु भन्ने लाग्यो । यो म जन्मिएको, हुर्किएको समाजप्रतिको मेरो जिम्मेवारी पनि थियो ।

मधेशमा रेडियो खोल्नु भनेको त्यहाँका विविधतापूर्ण समाज र नागरिकको

बोली बोल्नुथियो । उत्पीडितहरूको साथी बन्नुथियो । सरकारलाई न्यायिक समाजका लागि घच्घच्याउनु थियो । यही बुझाइलाई साक्षी राखेर मैले धेरै साथीलाई मधेशमा रेडियो खोल्न सघाएँ ।

यो काम सजिलो पनि थिएन । रेडियोको विशेषता नै यही हो । पिंधमा रहेका समुदायले पनि सामान्य प्रयासमा रेडियो खोल्न सक्छन् । यद्यपि हाम्रो देशमा प्रशासनिक झन्झटहरू छन् । म काठमाडौंमा रहेर मधेशमा रेडियो खोल्ने अभियानलाई सघाइरहेको थिएँ । मैले धनुषा, महोत्तरी, सर्लाही, रौतहट, सिरहामा रेडियो एफएमहरू स्थापना गर्ने काममा सहयोग गरें ।

दुई दशक लामो सामुदायिक रेडियो अभियानको एउटा अभियन्ताको रुपमा मैले के बुझेको छु भने समाज परिवर्तनशील छ । पालो सबैको आउँछ । कुनै पनि विषयमा कहिल्यै पूर्णविराम लाग्दैन । मधेशमा यस्तै भयो । मधेश आन्दोलनको पृष्ठभूमिमा त्यहाँका सामुदायिक रेडियोले महत्वपूर्ण भूमिका खेले । मधेशका मुद्दाहरूलाई त्यहाँका रेडियोले जोडदार

> यो दाबी किन पनि गर्न सक्छु भने मधेशका विविध समुदायमा रहेका नागरिकले आफ्नो भाषामा सूचना पाइरहेका छन् । सूचनामा शक्ति हुन्छ । यसरी हेर्दा नागरिक सशक्तीकरण भइरहेको छ ।

रुपमा उठाए । त्यहाँका सामुदायिक रेडियो मधेशको अधिकार, विकास र सामाजिक आन्दोलनसँग जोडिए ।

भौगोलिक विविधताको कारण नेपालमा सामाजिक, सांस्कृतिक, जातीय, भाषिक विविधता अत्यधिक छन् । यो पृष्ठभूमिमा नेपालमा अझ धेरै विषयगत रेडियोहरूको आवश्यकता छ जो साँच्चै समुदायको आवाज बन्न सकोस् ।

मधेश आन्दोलन चलिरहँदा लाग्यो, मधेशमा सामुदायिक रेडियोहरू नभएका भए यहाँको मुद्दालाई मूलधारका सञ्चारमाध्यमले कति प्राथमिकता दिन्थे होलान् ? यसलाई हिंस्रक आन्दोलनको रुपमा भाष्य बनाउन मिहिनेत

भइरहेकै थियो । दबाउनुपर्छ भन्ने बुझाइ काठमाडौंमा बनेकै थियो ।

यो अत्यन्त कठिन मोडमा थियो । सुरूवात अवधिमै यस्तो ठूलो चुनौती आएको थियो मधेशका रेडियोहरूका अगाडि । मैले बारम्बार साथीहरूलाई अनुरोध गरिरहें 'दुई समुदायबीच राग, द्वेष, घृणा, हिंसा फैलाउने काम स्थानीय रेडियोबाट नगरौं । साम्प्रदायिक सद्भाव खलल हुने सामग्री प्रसारण नगरौं ।' हामीले आचारसंहितामा प्रतिबद्ध भएर काम गर्‍यौं । सुरूवाती चरण भएकोले कहींकतै अपरिपक्वता पनि देखियो होला, म अस्वीकार गर्दिनँ । समाजको प्रतिबिम्ब रेडियोमा परिहाल्दोरहेछ ।

काठमाडौंका कतिपय सञ्चारकर्मी र सञ्चारमाध्यमको मधेश, हिमाल, जनजातिलाई हेर्ने विचित्रको दृष्टिकोण छ । जबर्जस्त 'माइण्डसेट' बनेको छ । यो कुरा मैले आफ्नो जीवनकालमा धेरै भोगेको छु । सयौं उदाहरण दिन सक्छु ।



अब आम नेपालीले सबै नेपालीलाई हेर्ने दृष्टिकोणमा ठूलो परिवर्तन आएको छ तर पर्याप्त छैन । मेरो विचारमा यो एउटा सौन्दर्य हो । फरक समुदायलाई हेर्ने नजरिया बदलिएकै छ । स्वीकार्यता विना समावेशिता हुँदैन । हामी स्वीकार्यताको चरणमा छौं र विस्तारै समावेशिताको चरणमा पुग्छौं ।

करिब दुई दशकको बीचमा मधेशमा झण्डै पाँच दर्जन सामुदायिक रेडियोहरू सञ्चालनमा छन् । मधेशमा संचालन भएका रेडियोहरूले समग्र मधेश प्रदेशका जनतालाई विकासको मूल धारमा ल्याउनको लागि ठूलो

भूमिका खेलिरहेका छन् । आवाजविहीनहरूको आवाज बनिरहेका छन् । आर्थिक र सामाजिक रुपान्तरणको औजार बनिरहेका छन् । परिवर्तन र विकासका लागि योजनाबद्ध प्रयास गरिरहेका छन् । विकास, अधिकार र सामाजिक आन्दोलनलाई सहजीकरण गरिरहेके छन् । परिवर्तन र विकासको संवाहक बनिरहेका छन् ।

यो दाबी किन पनि गर्न सक्छु भने मधेशका विविध समुदायमा रहेका नागरिकले आफ्नो भाषामा सूचना पाइरहेका छन् । सूचनामा शक्ति हुन्छ । यसरी हेर्दा नागरिक सशक्तीकरण भइरहेको छ ।

हरेक आन्दोलन र राजनीतिक परिवर्तनमा मानवअधिकारको रक्षा र लोकतन्त्रको पक्षमा रेडियोको योगदान अमूल्य छ । सभ्य र सुसंस्कृत नागरिक समाज निर्माणमा पहरेदारी गर्दै आइरहेको रेडियो ग्रामीण भेगमा बस्ने विपन्न समुदायलाई आर्थिक एवं सामाजिक विकासको मूल धारमा ल्याउने संवाहकको रुपमा सस्तो र सरल माध्यमको रुपमा काम गरिरहेको छ ।

मधेशमा संचालित एफएम रेडियोहरूले स्थानीय नागरिक, विशेषगरी सीमान्तकृत समुदाय तथा पछाडि पारिएकालाई कसरी सर्वाङ्गीण विकास प्रक्रियामा जोड्न सकिन्छ भन्नेतर्फ आफ्ना कार्यक्रम उत्पादन गर्नुपर्ने आवश्यकता छ । रेडियोहरूले हाम्रो समाजमा विद्यमान असमानता तथा विभेदका खाडलहरूलाई सकारात्मक सूचना, छलफल तथा उदाहरण मार्फत न्यूनीकरण गर्न अझै मिहिनेत गर्नुपर्नेछ । ●

**(कर्ण सामुदायिक रेडियो प्रसारक संघका उपाध्यक्ष हुनुहुन्छ ।)**

# सञ्चार अभियानमा सामुदायिक रेडियो मदनपोखरा

सामुदायिक हितको सीमारेखा नाघेर अहितकारी विज्ञापन नबजाएर पनि सामुदायिक प्रसारण संस्था टिक्छ भन्ने पाठ सामुदायिक रेडियो मदनपोखराबाट हामीले सिक्यौं । यसैले यसलाई 'नेपालको नमूना रेडियो स्टेशन' माने पनि हुन्छ ।



गुणाकर अर्याल

## हिजोका प्रयास र प्रारम्भ

मानवीय विकास चेतनामा भर पर्छ । चेतना संचारमा भर पर्छ । त्यसैले रेडियो तरङ्गबाट कुरा फ्याँक्ने र जनताको चेतना बढाउने योजना बन्यो । पाल्पाली समुदायको पनि एउटा हिस्सामा चेतनशील सोचको सहमति र सहकार्यबाट विकास हुन्छ भन्ने विचारले घर गऱ्यो र जनआवाज बोल्ने संचारमाध्यमको खोजीमा २०५२ सालदेखि नै प्रयास जारी राख्यो ।

सामुदायिक बासना आउने संचारमाध्यम स्थापना गर्ने सोच र प्रयासको परिणामस्वरूप तत्कालीन मदनपोखरा गाविस र जिल्ला विकास समितिको संयुक्त प्रयासमा पूर्वतयारीहरू भए । त्यसै क्रममा २०५४ सालमा माडी भेकका ७ गाविसका महिलाले सूचना संकलन गर्ने र त्यसैलाई अडियो टावरमार्फत सुनाउने कामको थालनी भयो । २०५५ मा तत्कालीन संचार मन्त्रालयबाट इजाजत पत्र लिएपछि रेडियो मदनपोखराको विधिवत् स्थापना भयो ।

यसले सानो खर्चमा, धेरैको स्वयंसेवामा, गाउँको एउटा परिवारको सानो घरको सानो कोठाबाट बिहान र साँझ २-२ घण्टा बोल्ने गरी प्रसारण प्रारम्भ गऱ्यो । राष्ट्रिय-अन्तर्राष्ट्रिय सम्पर्कमा आइसकेपछि मात्र थाहा भयो- यो त दक्षिणएशियाकै पहिलो ग्रामीण रेडियो पो रहेछ ।

## आजको परिचय र प्रयास



नेपालका सामुदायिक रेडियोहरूमा उदाहरणीय रेडियोको रुपमा स्थापित रेडियो मदनपोखरा गैरनाफामुखी, जनकल्याणकारी संस्था हो । सामुदायिक भावनाले ओतप्रोत र श्रमप्रति आस्थावान यस क्षेत्रका बुद्धिजीवी, समाजसेवी, कृषक, शिक्षक एवम् नवीन कार्य गर्न उत्सुक युवाको लामो प्रयासबाट यो गैरसरकारी संस्था स्थापना थियो ।

हाल आफ्नै जग्गा र भवनमा संचालित यो रेडियोले समुदायमा निरन्तर सूचना, विचार, शिक्षा, ज्ञान र स्वस्थ मनोरञ्जनको प्रवाह गरिरहेको छ । समुदायलाई बलियो बनाउने र सामाजिक रुपान्तरण गर्ने काममा यथेष्ट योगदान पुऱ्याएको छ । समुदायको रूचि, चाहना र आवश्यकतामा आधारित कार्यक्रमहरू उत्पादन तथा प्रसारण गरिरहेको रेडियो मदनपोखराले सिर्जनशील प्रसारण संस्थाका रुपमा छुट्टै पहिचान बनाएको कुरा सर्वविदितै छ ।

सामुदायिक बहुसञ्चार केन्द्र मदनपोखरा संचालक रहेको यो रेडियो प्रारम्भिककालमै स्पष्ट उद्देश्य र लक्ष्य निर्धारण गरी अगाडि बढेको

थियो । अहिले पनि यसले ज्ञान, सूचना र मनोरञ्जन एवं सामाजिक परिचालनका माध्यमबाट संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको सुदृढीकरण, सामुदायिक सशक्तीकरण र लक्षित वर्गको सबलीकरणमा बल पुऱ्याउने प्रसारण सामग्रीहरूलाई नै प्राथमिकतामा राखेको छ ।

यो रेडियोले दलित, जनजाति लगायत सीमान्तकृत तथा अपाङ्गता भएका, ज्येष्ठ नागरिक, युवा, महिला, कृषक, व्यापारी, विद्यार्थी, समाजसेवी मात्र नभई नौला र आयमूलक व्यवसाय एवं प्रवर्द्धनात्मक कार्य गर्ने सबै व्यक्ति र वर्गलाई आफ्नो कार्यक्रमको केन्द्रभागमा राखेर आफ्नो लक्ष्य निर्धारण गरेको छ । लोकतान्त्रिक गणतन्त्र नेपालको मर्म र भावनालाई मुखरित गर्दै समुदायलाई सूचनाको माध्यमबाट सुसूचित गरी अग्रभागमा स्थापित गर्ने लक्ष्यका साथ अगाडि बढेको छ । यसको मूल लक्ष्य नै 'समुदायलाई सूचनाको मालिक बनाउने' हो ।

समुदायकै पहल, सहभागिता र स्वामित्वमा संचालित संस्था दिगो ढंगले स्थापित हुनसक्छ भन्ने प्रमाण पनि हो सामुदायिक रेडियो मदनपोखरा । सामुदायिक हितको सीमारेखा नाघेर अहितकारी विज्ञापन नबजाएर पनि सामुदायिक प्रसारण संस्था टिक्छ भन्ने पाठ यस संस्थाबाट हामीले सिक्यौं । यसैले यसलाई 'नेपालको नमूना रेडियो स्टेशन' भन्न कसैले संकोच मानेका छैनन् ।



### छाता संगठन स्थापनामा पहल

रेडियो मदनपोखरा आफ्नो स्टेशन संचालनमा ल्याएर चुपचाप बसेन । यसले काठमाडौंको रेडियो सगरमाथा, सामुदायिक रेडियो सहयोग केन्द्र (कम्युनिटी रेडियो सपोर्ट सेन्टर-सीआरएससी) जस्ता संस्था तथा व्यक्तिहरूसँगको सहकार्यमा छाता संगठन खोल्ने पहल गऱ्यो । सन् २००२ मा स्थापित 'सामुदायिक रेडियो प्रसारक संघ (अकोराब)' त्यही संयुक्त प्रयासको परिणाम थियो ।

शुरुमै तय गरिएका उद्देश्य, लक्ष्य अनुरुप संघमार्फत जिल्लाहरूमा सामुदायिक रेडियो संचालन अभियान तीव्र पारियो । विभिन्न जिल्ला पुगेर सामुदायिक रेडियोको वास्तविक मर्म र भावनाबारे जानकारी गराइयो । त्यसक्रममा कार्यशाला, गोष्ठी, अभिमुखीकरण तालिमहरू भए ।

त्यो समयमा सञ्चार मन्त्रालयबाट रेडियो संचालन अनुमति पाउनु भनेको स्वर्गकै अपुताली प्राप्त गर्नु बराबर थियो, अत्यन्त कठिन । हामीले संगठन मार्फत मन्त्रालयको त्यो नीतिमाथि बलियो हस्तक्षेप जारी राख्यौं ।

सञ्चार सम्बन्धी राष्ट्रिय-अन्तर्राष्ट्रिय संघ-संस्थासँग पनि सम्बन्ध विस्तार हुँदै गयो र सामुदायिक रेडियोहरूको विश्व संस्था अमार्कले सदस्यता नै दियो, अकोराबलाई ।

त्यसपछि नेपालका सामुदायिक रेडियोहरूलाई अमार्कको सदस्यता लिन प्रेरित गर्न थालियो । फलस्वरूप, सन् २००३ मा सामुदायिक रेडियो स्टेशनहरूको विश्व सम्मेलन काठमाडौंमै गर्ने निधो भयो । त्यो ऐतिहासिक सम्मेलनलाई भव्य रुपमा सफल पारियो पनि । यी सब परिघटनाबीच नेपालका सामुदायिक रडियोहरू सशक्त बन्दै गए । तत्कालीन राज्यपक्षबाट हुँदै आएका रेडियो स्टेशनमाथि धावा बोल्ने, धम्की दिने, स्टेशनमा सेना तैनाथ गर्ने, पत्रकारहरू गिरफ्तार गर्ने जस्ता कुत्सित कार्यहरू हट्दै गए । पछिल्ला दिनमा यस्ता तानाशाही व्यहोर्नु परेको छैन ।

बरू, एफएम स्टेशनहरूको नवीकरण शुल्क मिनाहा, विज्ञापनमा समानुपातिक प्रणाली, सञ्चार उपकरण आयातमा कर छुट, विद्युत् शुल्कमा सहजता लगायत निर्णयहरू कार्यान्वयनमा आएका छन् ।

> त्यो समयमा सञ्चार मन्त्रालयबाट रेडियो संचालन अनुमति पाउनु अत्यन्त कठिन थियो । हामीले संगठन मार्फत मन्त्रालयको त्यो नीतिमाथि बलियो हस्तक्षेप जारी राख्यौं ।

अकोराबले समय समयमा नेपाल सरकारलाई दिएको दबाव र भएका वार्ताहरूको परिणाम यो रुपमा देखिएको सर्वविदितै छ ।

यो अवस्थामा आइपुग्दासम्म संगठनले आफ्नो मूल्य-मान्यतालाई अद्यावधिक पनि गर्दै आएको छ । सबै सामुदायिक रेडियोको हित गर्न स्थापित यस संस्थाले नीतिनिर्माण तहमा सरकारलाई निरन्तर दबाव दिएको छ । सरकारलाई सामुदायिक र व्यावसायिक रेडियोबीचको भिन्नता बुझाएको छ । नीतिगत तहमा सरकारलाई दबाव दिने अकोराबको रणनीतिक कौशल सधैं गर्विलो रहोस्, शुभकामना ! ●

**(अर्याल सामुदायिक रेडियो मदनपोखरा पाल्पाका कार्यकारी निर्देशक तथा अकोराबका पूर्व उपाध्यक्ष हुनुहुन्छ ।)**

# रेडियोमा २१ वर्ष

श्रोता एफएम रेडियोका देउता हुन् । देउता खोज्न हामी गाउँ पस्यौं । चुलो-भान्सा, खेत-खलिहान पुग्यौं । सुखमा पुग्यौं, दुःखमा पनि पुग्यौं । नभन्दै, हामीलाई देउताको आशीर्वाद प्राप्त भयो । त्योसँगै हाम्रो यात्रा सुचारु भयो ।



पुष्पा चौधरी

पहिलो पटक माइक्रोफोनमा बोलेको दिन २०५८ वैशाख ५ गते । ललितपुरको कुपण्डोलस्थित कम्युनिकेशन कर्नरको स्टुडियो । आफ्नै मातृ भाषा पश्चिमा थारुमा कार्यक्रम रेकर्ड गर्न पाउँदा निकै खुशी लागेको थियो । रेडियो नेपालबाट प्रसारण हुने त्यो कार्यक्रमको नाम थियो- ख्याल । त्यसपछि रेडियोसँगको मेरो यात्रा कर्णाली नदीझैं अटुट छ ।

नेपालमा एफएम स्थापना गर्ने लहर चलिरहेका बेला २०६१ सालमा रेडियोकर्मी तथा थारु अभियन्ता एकराज चौधरीले थारु भाषामै एफएम चलाउने महत्वाकांक्षी अवधारणा ल्याउनुभयो । समुदायले नै एफएम स्थापना गरेर संचालन गर्ने उद्देश्य थियो । त्यसका लागि ५२ प्रतिशत थारु भाषी रहेको बर्दिया जिल्लाको गाउँले बजार बाँसगढी रोजियो । एफएमको नाम गुर्बाबा राखियो ।

२०६५ माघ १२ गते संचार मन्त्रालयले एफएमको लाइसेन्स दियो । लाइसेन्स त पाइयो, तर पैसा सुको थिएन । अनि थारु समुदायको बरघर (थारु समुदाय, थारु प्रथाजन्य संस्थाका माध्यमबाट स्वशासित छ । थारु प्रथाजन्य संस्थाका गाउँको प्रमुखलाई दाङमा 'मटावाँ', बाँके बर्दियामा 'बरघर' र कैलाली कञ्चनपुरमा 'भलमन्सा' भनिन्छ) प्रणालीलाई परिचालन गऱ्यौं । बरघरको अपीलमा गाउँले कसैले अन्न दिए, कसैले पैसा । सामुदायिक रेडियो प्रसारक संघमा प्रस्ताव गरेर १०० वाटको ट्रान्समिटर २०६४ मै पाएका थियौं, आर्थिक जोहो पनि भएपछि २०६५ असार १२ गतेबाट रेडियोको प्रसारण शुरू भयो ।

शुरूआती दिनमा एफएम संचालन गर्न निकै गाह्रो भयो । एफएमको नामजस्तै प्रसारण सामग्री पनि थारु भाषामा हुने भएकोले जातीय विभेद समेत खेप्नु पऱ्यो । एफएमको नाम बदल्नुस्, नत्र विज्ञापन नदिने भने । कतिले तपाईंका एफएमका पत्रकार बोल्नै जान्दैनन् भनेर हतोत्साहित गरे । अनेक आर्थिक हन्डर खेपियो । घरभाडा, बिजुलीको महसुल, कर्मचारीलाई तलब दिन समेत नसक्ने अवस्था भयो ।

श्रोता एफएम रेडियोका देउता हुन् । देउता खोज्न हामी गाउँ पस्यौं । चुलो-भान्सा, खेत-खलिहान पुग्यौं । सुखमा पुग्यौं, दुःखमा पनि पुग्यौं । नभन्दै, हामीलाई देउताको आशीर्वाद प्राप्त भयो । त्योसँगै हाम्रो यात्रा सुचारू भयो ।

अहिले एफएममा हामी पाँच पूर्णकालीन कर्मचारी र ७ स्वयंसेवक गरी १२ जना छौं । शुरूमा प्रसारणका लागि थारु गीत पाउनै मुश्किल

पर्थ्यो, अहिले हामीसँग एकहजारभन्दा बढी गीतको संग्रह छ । बटकोही, कहकुटहरू छन् । विशेष अवसरहरूमा प्रतियोगिता गराएर पनि गीतहरू रेकर्ड गर्ने गरिएको छ । गीत मात्र नभई गाउँ खाने कथा, उखान टुक्का र हस्तलिखित पोठीहरू (थारु लिपिमा लेखिएको लोकगीतको पाण्डुलिपिलाई थारु भाषामा 'पोठी' भनिन्छ) प्रकाशनका लागि तयार छन् । नेपालको संविधान २०७२ पश्चिमा थारु भाषामा प्रकाशन गऱ्यौं । अहिले मुलुकी देवानी संहिता प्रकाशन गर्ने तयारीमा छौं ।

गुर्बाबा एफएममा ५० प्रतिशत थारु र ५० प्रतिशत नेपाली भाषामा कार्यक्रम प्रसारण गर्ने लक्ष्य छ । थारु कार्यक्रम भने ५० प्रतिशत पुऱ्याउन अझै सकिएको छैन । यसका लागि गाउँहरूका बरघरलाई एक दिने अभिमुखीकरण गरेको पाँच वर्ष भइसक्यो । समाचार अभिमुखीकरण लिने २८५ गाउँका बरघरहरू हाम्रो प्रत्यक्ष सम्पर्कमा हुनुहुन्छ । उहाँहरूले आ-आफ्ना गाउँका विभिन्न क्रियाकलापबारे हामीलाई समाचार टिपाउनुहुन्छ ।

कोरोना महामारीको समयमा यो विधि एकदमै प्रभावकारी रह्यो । बरघर र एफएमबीचको सहकार्यले गाउँ-गाउँमा सूचना सम्प्रेषण गर्ने, गाउँको समस्या सरकारलाई र सरकारको सूचना गाउँमा पुऱ्याउन एकदमै सहज भयो । त्यसबेला गुर्बाबा एफएमले थालेको बरघर र सरकारका आधिकारिक व्यक्तिबीच कुरा गराउने काम अझै जारी छ ।

श्रोता बढ्नु नै एफएमको लोकप्रियता बढ्नु हो । सधैं अरुको प्रचार गर्ने एफएमले आफ्नै लोकप्रियताको पनि प्रचारप्रसार गर्नुपर्ने रहेछ । त्यसरी आर्थिक स्रोत बढाउन सकिने रहेछ ।



त्यसका लागि हामीले सामाजिक सञ्जाल, मल्टिमिडिया, ब्रोसर, पात्रो, होर्डिङ बोर्ड, डिजिटल बोर्ड प्रयोग गरेका छौं । एफएमको क्षमता १०० वाटबाट ५०० वाट बनाएका छौं । एफएममा सरकारी योगदान पनि पहिलेको ५ प्रतिशतबाट १७ प्रतिशत पुगेको छ । विज्ञापनको योगदान ३० प्रतिशत छ । यसमा स्थानीय संस्था र प्रतिष्ठानहरूको योगदान ७ प्रतिशत छ । सरकारी योगदान ५० प्रतिशत पुऱ्याउन सके निःसन्देह रुपमा एफएम दिगो हुनेछ ।

त्यसो त गुर्बाबा एफएममा पनि सुधार र निर्माण गर्नुपर्ने थुप्रै कुरा छन् । गर्न बाँकी सुधार र निर्माणको फेहरिस्त तयार छ । एफएमको दिगोपना सबभन्दा महत्वपूर्ण पक्ष हो । यसका लागि हामी पञ्चवर्षीय योजना बनाएर काम गर्दैछौं । एफएम संचालक संस्था प्राचीन सृजनशील आदिवासी समाजले पनि एकीकृत योजना बनाएको छ । त्यसअन्तर्गत आफ्नै जग्गामा भवन र थारु सांस्कृतिक केन्द्र बन्दैछ । हामी यही आर्थिक वर्षमा नयाँ भवनमा सर्दैछौं ।

पश्चिम नेपालमा थारुहरूको बाक्लो बसोबास छ । त्यसैले भाषा आयोगले लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा थारु भाषालाई सरकारी कामकाजको भाषा बनाउन सरकारलाई सिफारिश गरेको छ । यस क्षेत्रका अधिकांस रेडियोमा थारु भाषाको समाचार सुन्न सकिदैन । त्यसैले, हामीले सामुदायिक रेडियो प्रसारक संघसँग सहकार्य गरेर थारु भाषाको समाचार प्रसारण गर्ने लक्ष्य लिएका छौं ।

गुर्बाबा एफएमले स्थापनाकालबाटै थारुहरूको परम्परागत संगठनले कानूनी मान्यता पाउनुपर्ने अभियान चलाएकोमा २०७७ सालमा सरकारले त्यस्तो कानूनी व्यवस्था पनि गरेको छ । सफलताको यो एउटा उदाहरण हो । हामीले उठाउनसक्ने मद्दा र सहकार्य गर्न सक्ने संस्थाहरू गाउँघरमा थुप्रै छन् । जस्तो- सहकारी, सामुदायिक वन, विद्यालय, राष्ट्रिय-अन्तर ार्ष्ट्रिय गैसस आदि । एमएम रेडियोसँग लक्ष्य, पहिचान र गुरूयोजना भए उपयुक्त मुद्दामा यिनीहरूलाई उपयोग गर्न सकिन्छ । ●

**(चौधरी गुर्बाबा एफएम, बर्दियाका स्टेशन म्यानेजर तथा सामुदायिक रेडियो प्रसारक संघका केन्द्रीय सदस्य हुनुहुन्छ ।)**

KEFJ

# रेडियोको प्रसाद

आर्थिक अवस्था कमजोर भएकाले विवाह भएलगत्तैजसो उहाँका श्रीमान् काम गर्न खाडी मुलुक गए। सानी छोरी र सासूससुरा सम्हाल्दै घर बसेकी उहाँको जीवनमा स्थानीय एफएम रेडियोमा बजेको कृषि सम्बन्धी तालिमको सूचनाले नयाँ मोड ल्याइदियो।



ओमप्रकाश घिमिरे

सल्यान जिल्लाको शारदानगर नगरपालिका वडा नं ४ बरालाकी मुना भण्डारीका लागि अहिले पनि सूचना प्राप्तिको सबभन्दा सरल-सरस माध्यम रेडियो नै हो। व्यावसायिक तरकारी कृषक उहाँ घरधन्दा होस् या खेतबारीमा काम गर्दा, रेडियो सुनिरहनुहुन्छ।

'रेडियो सुन्दै काम गर्दा धेरै आनन्द लाग्छ मलाई। यसरी काम गरिरहँदा न गलेजस्तो लाग्ने न त समय बितेको पत्तो हुने' उहाँ भन्नुहुन्छ, 'रेडियो त मेरो लागि काम गर्दाको साथी र आयआर्जन गराउने सहयोगी नै बनेको छ।'

उहाँको घरमा टेलिभिजन पनि छ। स्मार्ट मोबाइल फोन चलाउने उहाँलाई सामाजिक सञ्जालमा पहुँच नहुने कुरै भएन। र पनि, उहाँका लागि रेडियो नै सूचना र मनोरञ्जनको सरल र रसिलो माध्यम बनेको छ। त्यसो त कामकाजमा हातपाउ चलाइरहने उहाँलाई मोबाइल खेलाउन र टेलिभिजन हेर्न बस्ने समय पनि पुग्दैन। रेडियो चाहिं सुन्दै काम गर्ने बानी नै बसेको उहाँको अनुभव छ।

मुना भण्डारी सामान्य श्रोता मात्र होइनन्, रेडियोलाई आफ्नो आर्थिक-सामाजिक जीवनमा परिवर्तन ल्याउने माध्यम बनाएकी एक उदाहरणीय पात्र पनि हुनुहुन्छ। कोरोना महाव्याधिको बेला २०७७ सालमा देशव्यापी बन्दाबन्दी (लकडाउन) हुँदा उहाँको पनि हिंडडुल ठप्प भयो। त्यसबेला उहाँले व्याधिमा अपनाउनुपर्ने सजगताका उपायदेखि तरकारी खेती सम्बन्धी तालिम र विभिन्न परियोजनासम्मका सूचना रेडियोबाटै लिनुभयो।

'त्यसबेला राप्ती, गाउँबेसी, शारदा, सानो भेरी लगायत एफएम रेडियोहरू बेस्सरी सुनें' भण्डारी भन्नुहुन्छ, 'मलाई रेडियोमा बज्ने अनेक थरी कार्यक्रममध्ये कृषि र स्वास्थ्य सम्बन्धी सामग्रीमा बढी चासो लाग्छ।'

पहिले मनोरञ्जनात्मक सामग्री रूचाउने गरेकोमा व्यावसायिक जीवनमा आएपछि कृषि र स्वास्थ्य सम्बन्धी विषयवस्तु बढी सुन्न थालेको उहाँ बताउनुहुन्छ। रेडियोमै ६० दिने कृषि तालिम लिंदै खेतबारीमा अभ्यास गरेको अनुभव उहाँसँग छ। 'टिपोट टिप्दै ध्यान दिएर रेडियो सुनेर मन लगाएर खेतबारीमा अभ्यास गर्दा मेरो लागि प्रत्यक्ष जस्तै भयो, त्यो कृषि तालिम', उहाँले भन्नुभयो।

मुनाले दुई महिना रेडियो कृषि तालिम लिएर थप चार रोपनीमा व्यावसायिक तरकारी खेती विस्तार गर्नुभयो। यसरी व्यावसायिक तरकारी खेतीमा सफल मुनाले दुई वर्ष विदेशमा काम गरेर छुट्टीमा आउनुभएका

श्रीमान्‌लाई पनि रोक्नुभयो । तरकारी खेतीबाट वर्षमा ५ लाखदेखि ६ लाख रूपैयाँसम्म आम्दानी गर्ने भण्डारी दम्पतीले हालसालै दुई रोपनी जग्गा किन्नुभएको छ । 'काम गर्नुपर्ने रहेछ' मुना भन्नुहुन्छ, 'पैसा गाउँघरमै कमाउन सकिंदो रहेछ ।'

गाउँघरमै कृषि कर्मबाट आर्थिकसँगै सामाजिक हैसियत उकास्ने उदाहरणीय महिला हुनुभएको छ, मुना भण्डारी । 'सरकारी निकायका सरहरू मेरो नाम लिएर भेट्न आउनुहुन्छ, पत्रकारहरू बारीमै आएर अन्तर्वार्ता लिनुहुन्छ । गाउँलेले पनि राम्रो मान्नुभएको छ' उहाँ भन्नुहुन्छ, 'रेडियोले दिने सूचना र ज्ञानले नै मलाई यो अवस्थामा पुऱ्याएको हो ।'

उहाँले सामान्य ज्ञानको आधारमा च्याउ पनि उमार्न थाल्नुभएको छ, घरमै खानका लागि । यसलाई पनि व्यावसायिक रुपमै अगाडि बढाउने उहाँको मन छ । त्यसैले आजभोलि रेडियो सुन्दा च्याउको कुरा आउला कि भनेर उहाँको कान चनाखो भइरहन्छ ।

मुना भण्डारीलाई मन लागेको अर्को कुरा पनि छ- आफ्नो कृषि अनुभव बढीभन्दा बढीलाई सुनाउने । जसबाट धेरैभन्दा धेरै कृषकले फाइदा लिन सकुन् । 'फेरि, मिडियामा जति बोल्यो त्यति आत्मविश्वास पनि बढ्ने, आफ्नो काममा जाँगर चल्ने रहेछ' उहाँ भन्नुहुन्छ, 'साँच्चै, मलाई यस्तै महसुस भइरहेको छ ।'

मुना भण्डारीको अर्को विशेषता के छ भने उहाँलाई सामाजिक सञ्जाल त के रेडियोबाटै प्रसारण भएका पनि सबै कुरामा विश्वास लाग्दैन । उहाँ रेडियोमा आएका पनि कतिपय चाखलाग्दा कुराबारे जान्नेबुझ्ने



व्यक्तिहरूसँग सोधखोज गर्नुहुन्छ । 'आजभोलि समाचार, सूचना, जानकारी जेको पनि थप सत्यता बुझेर मात्र उपयोगी भए व्यवहारमा लागू गर्छु', उहाँले भन्नुभयो ।

**तालिमको तागत**

मुनाले १६ वर्षको उमेरमा प्रवेशिका परीक्षा दिनुको साटो विवाह गरेर पराइ घर जानुपर्‍यो । आर्थिक अवस्था कमजोर भएकाले विवाह भएलगत्तैजसो उहाँका श्रीमान् काम गर्न खाडी मुलुक जानुभयो । सानी छोरी र सासूससुरा सम्हाल्दै घर बसेकी उहाँको जीवनमा स्थानीय एफएम रेडियोमा बजेको कृषि सम्बन्धी तालिमको सूचनाले नयाँ मोड ल्याइदियो ।

श्रीनगरको शिवजन माविमा दिइने निःशुल्क कृषि तालिममा भाग लिन चाहने किसानलाई आवेदन दिन भनिएको थियो । शिवजन मावि मुनाको घर नजिकै थियो । उहाँले वातावरण तथा कृषि नीति अनुसन्धान, प्रचार एवम् विकास केन्द्र (सिप्रेड)ले दिन लागेको उक्त तालिमको लागि निवेदन दिनुभयो र छनोट पनि हुनुभयो, जुन मुनाको आर्थिक सशक्तीकरणको आधार बन्न पुग्यो ।

तालिममा व्यावसायिक तरकारी खेतीको अवधारणासँगै झोल मल उत्पादन तथा प्रयोग, कीटनाशक औषधिको प्रयोग न्यूनीकरण र कीरा मार्ने घरेलु तरिका लगायत सीप सिकाइयो । तालिममा मुनाले बडो दत्तचित्त भएर व्यावसायिक योजना निर्माण, लगानी व्यवस्थापन, उत्पादनको बजारीकरण, कारोबारको अभिलेखीकरण, बैंकिङ कारोबार लगायत महत्वपूर्ण सीपहरू सिक्नुभयो ।

र, तालिममा सिकेको एक-एक सीपलाई व्यवहारमा उतार्न थाल्नुभयो । उहाँले सुरूबाटै उत्पादन गरेको विषादीरहित (प्राङ्गारिक) तरकारी हो । पछि थपिएको भनेको गाउँभर उत्पादित तरकारी संकलन, ढुवानी र बजारमा बिक्री हो । त्यसैको परिणामस्वरूप आज मुना भण्डारी तीनवटा बैंकसँग नियमित कारोबार गर्नुभयो ।

'वर्षमा ११-१२ लाख आम्दानी गर्ने लक्ष्य छ' उहाँ भन्नुहुन्छ, 'त्यहाँ पुगें भने त्यो पनि रेडियोकै प्रसाद हुनेछ ।' ●

**(पत्रकारिता तथा आमसञ्चार विषयमा एमफिल सकेका घिमिरे साढे दुई दशकदेखि पत्रकारिता तथा प्राध्यापनमा क्रियाशील हुनुहुन्छ ।)**

# सल्यानमा समाचारले अघि बढाएको ब्लड बैंक

जिल्लामा ब्लड बैंक नहुँदा समस्या भएको बारे साझा खबरमा रिपोर्ट र अन्तर्वार्ता प्रसारण भएको थियो । लगत्तै रक्त सञ्चार केन्द्र स्थापनाको पहल शुरू भयो ।



बुद्धि पुन

बिरामी र आफन्तले भोगिरहेको सास्तीबारे सरोकारवाला निकायको ध्यानाकर्षण गराइएपछि सल्यानमा रगत संकलन तथा वितरण केन्द्र (ब्लड बैंक) सञ्चालन प्रक्रिया अघि बढेको छ ।

ब्लड बैंक सञ्चालन नहुँदा नागरिकले भोगेको समस्या समेटेर रेडियो राप्तीले तयार पारेको एक रिपोर्ट र नेपाल रेडक्रस सोसाइटीका केन्द्रीय निर्देशक दिव्यराज पौडेलसँगको कुराकानी सीआईएनको 'साझा खबर' मा प्रसारण गरिएको थियो । लगत्तै रक्त सञ्चार केन्द्र स्थापनाका लागि पहल शुरु गरिएको हो ।

जिल्लामा ब्लड बैंक नहुँदा समस्या भएको बारे साझा खबरमा रिपोर्ट र अन्तर्वार्ता प्रसारण भएको थियो ।

बिरामीलाई आवश्यक पर्ने रगत नपाएर भौंतारिनुपर्ने बाध्यताको अन्त्य गर्न नेपाल बैंकको सल्यान शाखामा अक्षयकोष स्थापना गरिएको छ । पाँचौं पटक रक्तदान गर्नुभएका जयराम सिंहले रगत भण्डारण गर्ने अवस्था भएमा बिरामीको शल्यक्रिया सहज हुने बताउनुहुन्छ ।

सल्यानमा बर्सेनि कति रगत आवश्यक पर्छ ? यो तथ्याङ्क कसैसँग छैन । मासिक १५० भन्दा बढी सुत्केरी गराइने जिल्ला अस्पतालमा भने औसतमा १० जनालाई शल्यक्रियामार्फत सुत्केरी गराउनुपर्ने अवस्था हुने गर्छ ।

अक्षयकोष स्थापनाले ब्लड बैंक सञ्चालनमा टेवा पुगेको स्वास्थ्य सेवा कार्यालय, सल्यानका व्यवस्थापक दशरथ श्रेष्ठ बताउनुहुन्छ ।



ब्लड बैंक स्थापनाका लागि भवन बनिसकेको र केही उपकरण राखिसकिए पनि जनशक्तिको अभावले सञ्चालनमा आउन नसकेको उहाँले जानकारी दिनुभयो ।

'रेडक्रसले स्थापना गरेको अक्षयकोषको मुनाफाबाट जनशक्ति व्यवस्थापनमा सजिलो हुने हामीले अपेक्षा गरेका छौं' व्यवस्थापक श्रेष्ठले भन्नुभयो, 'ब्लड बैंक सञ्चालनका लागि के कस्तो सहकार्य गर्नुपर्छ भन्ने बारेमा हामी छलफल गरेर अघि बढ्छौं ।'

सल्यानमा एउटा जिल्ला अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र, ४५ स्वास्थ्य चौकी र एक दर्जनभन्दा बढी निजी अस्पताल छन् । अक्षयकोषमा आर्थिक सहायताका लागि सरोकारवाला सबैलाई अनुरोध गरिएको छ भने कोषमा शारदा नगरपालिकाले १ लाख ५० हजार रूपैयाँ जम्मा गरेको छ । ●

**(रेडियो राप्ती, सल्यान)**

# ... अनि जंगली परम्पराविरूद्ध अभियान चल्यो

त्यतिबेला भर्खरै सामुदायिक सूचना नेटवर्क सीआईएनमा रिपोर्टहरु बज्न थालेका थिए। मलाई 'जंगली परम्परा' विषयले धेरै नै छोयो। समाजको कुरीतिका रूपमा रहेको यस्तो अभ्यासबारे रेडियो मार्फत धेरैलाई जानकारी दिन सक्नुपर्छ भन्ने लाग्यो।



मानबहादुर कुँवर

२०७७ असोज अन्तिम साता रिपोर्टिङका लागि जुम्लाको पातारासी गाउँपलिका जाने निधो भयो । विश्वको सबभन्दा अग्लो ठाउँमा मार्सी धान फल्ने भनेर गिनिज बुक अफ द वर्ल्ड रेकर्डस्मा दर्ता भएको ठाउँ हो, पातारासी । मानवशास्त्री प्राध्यापक डोरबहादुर बिष्टले शिक्षाको जग बसालेको ठाउँ पनि हो, यो ।

कोटाभिर छिचोल्दै लासी बजार उक्लिएर समुद्री सतहबाट २४०० मिटर उचाइमा ठूलो फाँट देख्दा स्वर्गको छेउ पुगेको महसुस भयो । गाउँ-गाउँ घुम्दै जाँदा तल्फी गाउँमा पुगियो । तल्फीवासीको सत्कार र आत्मीयताले दिनभरको पैदल यात्राको थकान गायब बनाइदियो ।

घरबेटी युवकले पातारासीको 'पुरानो विवाह परम्परा'बारे सुनाए । उनका अनुसार युवती या किशोरीहरूलाई जहाँ भेट्यो, त्यहींबाट तानेर लगिन्छ । नेपालका कतिपय आदिवासी जनजाति समुदायमा पहिला यस्तो चलन रहेको सुनिएको थियो । जुम्लाका खस समुदायमा पनि यो अभ्यास रहेको सुन्दा अनौठो लाग्यो ।

गोठालो, दाउरा-घाँस, मेलापात या पानीपँधेरामा गएका किशोरी युवतीलाई तानेर (अहिलेको भाषामा अपहरण गरेर) केटाको घर लगी जबर्जस्ती विवाह रच्ने चलन जुम्लाको यो भेकमा अहिले पनि जीवित छ भन्दा अचम्म लाग्यो । घरबेटी युवकले हामीलाई पछिल्लो समयमा भएका त्यस्ता घटनाको फेहरिस्त नै सुनाए, जसलाई अझै पनि सामाजिक मान्यता रहेछ ।



उनका अनुसार, २०७७ जेठमा पातारासी-३, महरी गाउँकी एक किशोरीलाई बाटोबाट तानेर लगी जबर्जस्ती विवाह गरियो । त्यसको दुई महिनापछि पातारासी-२ मा पर्ने यही तल्फीका युवकले हुरी गाउँकी युवतीलाई तानेरै जबर्जस्ती विवाह गरेका रहेछन् ।

हामी पुगेको केही दिनअघि मात्र तानिएकी पातारासी-३, छुमकी एक किशोरीले भने यस कुरीति विरूद्ध डटेर विद्रोह गरेकी रहिछन् । उनले आफूलाई अपहरण र विवाह गर्न खोज्ने युवक र उनका साथीहरू विरूद्ध प्रहरीमा जाहेरी समेत दिएकी रहिछन् ।

घरबेटी युवकले बताए अनुसार, गत असोज १० गते बेलुका घर फर्कंदै गरेकी छुम गाउँकी १९ वर्षीया सपना बोहोरा (परिवर्तित नाम) लाई छिमेकी गाउँका डिलबहादुर बोहोरासहित ५-६ जनाको समूहले जबर्जस्ती तानेर लगी बोहोराका आफन्तको घरमा थुनेर राखे । तेस्रो दिन उनलाई डिलबहादुरको घरमा जबर्जस्ती भित्र्याइयो ।

भागेर गाउँ पुगेका ती आफन्तले सपनाका दाइलाई घटनाबारे जानकारी दिए। सपनाका दाइ बहिनीको खोजीमा निस्किए। उनी बहिनीलाई लगिएको घरमा समेत पुगे तर कसैलाई देखेनन् । 'बहिनीलाई जबर्जस्ती बोकेर गाउँभन्दा धेरै टाढा लगिसकेका रहेछन्, मैले भेट्टाउन सकिनँ', सपनाका दाइले भने । 'भोलिपल्ट गाउँका जान्ने-बुझ्ने चार गाउँले लिएर फेरि त्यही घरमा पुगें, दिनभरि सडकमा उभ्याए, बहिनी देखाऊ, ऊ खुसी छ कि छैन ? सोध्छु भन्दा देखाएनन्' उनले थपे । उनले राति ४ बजे प्रहरीलाई खबर गरे । प्रहरी त्यहाँ पुगे पनि केही गरेन । भोलिपल्ट १० बजे उनकी बहिनीलाई गाउँ छेवैको चौरमा ल्याउने र छलफल गर्ने भनिए पनि वडाअध्यक्षको व्यस्तता देखाएर त्यस्तो गरिएन ।

पछि पातारासी-३ का वडाअध्यक्ष कन्न बोहोराको उपस्थितिमा केटा र केटी पक्षबीच सम्झौता भयो । सपनालाई 'खुसी छु' भन्न दबाव दिइएको रहेछ ।

सामुदायिक रेडियो खुला आकाश जुम्लाबाट पत्रकारिता जगतमा पाइला टेकेको एक वर्ष पुग्दैथियो । यसबारेमा सीआईएनबाट रिपोर्ट बजेपछि प्रशासन, पालिका र सरोकारवालाको ध्यानाकर्षण भयो । यसलाई निर्मूल पार्न अभियान थाल्ने उद्घोष गरियो । तर समय बित्दै जाँदा कुरा सेलाउँदै गयो । ठोस कदम चालिएन ।

२०७९ सालको स्थानीय निर्वाचनपछि पातारासीका उपाध्यक्ष जनमाया रोकायासँग अन्तर्वार्ता गरें । उनले महिलाको सामाजिक र आर्थिक रुपान्तरणमा आफ्नो ध्यान जाने कुरामा जोड दिइरहँदा मैले साढे २ वर्ष पहिलेको घटनाबारे बताउँदै उक्त 'जंगली परम्परा' अन्त्य गर्न सुझाएँ ।

सुझावलाई मनन् गर्दै अहिले पातारासी गाउँपालिकाले परम्परागत हानिकारक अभ्यास विरूद्ध सचेतनाको अभियान सञ्चालन गरिरहेको छ । बस्ती-बस्तीमा पुगेर कुरीति विरूद्ध सचेतना फैलाउने, कानूनी व्यवस्थाबारे ज्ञान बाँड्ने अभियानको थालनी भएको छ ।

ढिलै भए पनि एउटा सामुदायिक रेडियोले उठान गरेको जंगली परम्परा विरूद्ध स्थानीय सरकारले अभियान थालेको देख्दा सन्तुष्टि मिलेको छ । यसले रेडियोकर्मीको भूमिकामा समुदायका राम्रा कामको संरक्षण र गलत प्रथाको अन्त्यका लागि सधैं लागिरहन प्रेरणा मिलेको छ । ●

**(रेडियो खुला आकाश जुम्ला)**

/ [18 여]

# विपद्को साथी रेडियो मेलम्ची

संकटका बेला नागरिकको अवस्था कहाँ र कस्तो छ भन्ने विषयमा समुदाय र सरोकारवाला निकायलाई जोड्ने काममा केन्द्रित भयौं। स्थानीयको गुनासो सुनाउने ठाउँ नै रेडियो मेलम्ची भयो। गाउँको अवस्थाका बारेमा रेडियोलाई जानकारी गराएपछि उद्धार र राहतको काम भयो।



डम्बर रसिक भारती

२०७२ सालको महाभूकम्पले सबभन्दा बढी क्षति पुऱ्याएको जिल्ला हो, सिन्धुपाल्चोक । त्यसबेला रेडियो मेलम्ची सञ्चालनमा आएको दुई वर्ष भएको थियो । विनाशकारी भूकम्पले स्टुडियो चर्किएपछि बारीको पाटोबाटै रेडियो सञ्चालनमा ल्याएर जनसमुदायलाई सुसूचित गर्न लाग्यौं ।

ठूलो संख्यामा मानवीय हताहती भएको थियो, कुनै घर सग्लो थिएन । कच्ची घरहरू धूलिसात् भएका थिए । बाटोघाटो अवरूद्ध थिए, बिजुली पनि थिएन । यस्तोमा गाउँगाउँमा घाइतेको उद्धार गर्न र खाद्यान्न पुऱ्याउन चुनौती थियो । विपत्मा परेकाहरूलाई पनि कहाँबाट, कसरी सहयोग पाइने हो, केही पत्तो थिएन ।

संकटका बेला रेडियो मेलम्ची नागरिकको अवस्था कहाँ, कस्तो छ, कहाँ के अभाव छ भन्ने विषयमा समुदाय र सरोकारवाला निकायलाई जोड्ने काममा केन्द्रित भयो । पाँचपोखरी थाङ्पाल गाउँपालिका वडा नं. १, बाँसखर्कका अनिलकुमार तामाङ पुरानो कुरा सम्झँदै भन्नुहुन्छ, 'हाम्रो गुनासो सुनाउने ठाउँ नै रेडियो मेलम्ची भयो । गाउँको अवस्थाका बारेमा रेडियोलाई जानकारी गराएपछि उद्धार र राहतको काम भयो ।'

समयमै सूचना पाउन र आफ्ना कुरा राख्न नागरिकका लागि रेडियो मेलम्ची महत्वपूर्ण माध्यमका रुपमा रह्यो ।



२०७८ असार १ गते आएको मेलम्ची-इन्द्रावती बाढीबाट रेडियो भवन नै डुबानमा पऱ्यो । त्यसअघि रेडियोले ठूलो बाढी आउन लागेकोले सुरक्षित रहन समुदायलाई सूचित भने गरेको थियो । अकल्पनीय बाढीले रेडियोको दुई तला डुबायो । त्यो घटना सम्झँदै मेलम्ची नगरपालिका-११ का हरि



शरण श्रेष्ठ भन्नुहुन्छ, 'रेडियोले पूर्वसूचना दिएकोले धेरै मेलम्चीवासीले धनमाल जोगाउन नसके पनि ज्यान जोगाउन भने सके ।'

स्थानीय सूचनाका लागि रेडियो मेलम्ची भरपर्दो साथी बनेको बताउनुहुन्छ, मेलम्ची नगरपालिका वडा नं १० का लालबहादुर दाहाल । वडा नं. ६ की रमा ढुंगाना यो रेडियोबाट सूचना पाएर अपाङ्गता भएको आफ्नो बच्चालाई शिविरमा ल्याई उपचार र सहयोगी सामग्रीसमेत पाएकोमा खुसी व्यक्त गर्नुहुन्छ ।

रेडियो मेलम्ची प्रसारण हुनुअघि सिन्धुपाल्चोकको मेलम्ची भेगमा रेडियो सुन्ने खासै चलन थिएन । मेलम्ची बजारकी मीना नेपाल भन्नुहुन्छ, 'सार्वजनिक सरोकारको सूचना, सन्देश र मनोरञ्जनात्मक सामग्री सुन्ने संस्कारको विकास रेडियो मेलम्चीले नै गर्‍यो भन्ने लाग्छ ।'

> रेडियो मेलम्चीले स्थानीयवासीको दैनिकीसँग जोडिएका हरेक विषयमा कार्यक्रम प्रसारण गरिरहेको छ। बदलामा रेडियोले समुदायबाट अपार सद्भाव पाएको छ। समुदायकै सद्भाव-सहयोगबाट रेडियोले आफ्नै भवन बनायो।

मेलम्चीका दृष्टिविहीन शिक्षक सोमकुमार दुलाल रेडियो मेलम्ची सुनेर धेरै काम लिन सकेको अनुभव सुनाउनुहुन्छ । 'यो रेडियोबाट पाइने हरकिसिमका सूचना र सन्देशले हामी जस्ता धेरैलाई लाभ मिलेको छ', उहाँ भन्नुहुन्छ ।

पाँचपोखरी थाङ्पाल गाउँपालिका वडा नं ४ का दोकदोक तामाङ रेडियो मेलम्चीकै माध्यमबाट कृषि उत्पादनको बजारीकरण गरिरहनुभएको छ । 'रेडियोमा सूचना बजाएकै आधारमा अलैंची लगायत स्थानीय उत्पादन संकलन र बिक्री-वितरण गर्ने गरेको छु' उहाँ भन्नुहुन्छ, 'घरकै मह बेच्न पनि रेडियोले दिने सूचना उपयोगी भएको छ ।'

वर्षायाम शुरू भएपछि बाढीपहिरोले गाउँहरूमा हिउँदे बाटो बन्द हुन थाल्छन् । कुन बाटो, कुन ठाउँमा बन्द भएको जानकारी नपाउँदा

गाउँवासीले धेरै हन्डर खेप्नुपर्छ । यस्तो अवस्थामा समयमै सूचना पाउन रेडियो मेलम्ची भरपर्दो साथी भएको बताउनुहुन्छ हेलम्बु गाउँपालिका- १ का पेमा लामा ।

त्यस्तै, इन्द्रावती गाउँपालिका वडा नं ५ का कुमार आचार्य कृषि कार्यालयले दिने सेवा, सुविधाको जानकारी रेडियो मेलम्चीबाट पाएर सजिलो भएको अनुभव सुनाउनुहुन्छ। 'आफूले उब्जाएको कृषि उपजको बजारीकरण गर्न पनि रेडियो मेलम्ची सहयोगी भएको छ', उहाँ भन्नुहुन्छ ।

हुन पनि, रेडियो मेलम्चीले स्थानीयवासीको दैनिकीसँग जोडिएका हरेक विषयमा कार्यक्रम प्रसारण गरिरहेको छ। बदलामा रेडियोले समुदायबाट अपार सद्भाव पाएको छ । समुदायकै सद्भाव-सहयोगबाट रेडियोले आफ्नै भवन बनायो । महाभूकम्प र बाढीले ल्याएको दुर्दिनमा पनि समुदायकै सहयोगमा सेवा प्रवाह गर्न रेडियो सफल भयो । समुदायको बलमा रेडियो मेलम्चीको यात्रा जारी छ। ●

**(रेडियो मेलम्ची, सिन्धुपाल्चोक)**

# ULT LJ LW

# संघको १६औं साधारण सभा तथा सामुदायिक रेडियो राष्ट्रिय सम्मेलन

सामुदायिक रेडियो प्रसारक संघको १६औं साधारण सभा २०७८ चैत ९ र १० गते लुम्बिनी प्रदेशको नेपालगञ्जमा सम्पन्न भएको छ ।

संघको स्थापना दिवसको अवसर पारेर २०७८ चैत ९ र १० गते लुम्बिनी प्रदेशको नेपालगञ्जमा सामुदायिक रेडियो राष्ट्रिय सम्मेलनको आयोजना गरिएको छ ।

संघका सदस्य रेडियोका प्रतिनिधि, संघीय प्रदेश र स्थानीय सरकारका प्रतिनिधिहरू, विकास साझेदारहरू, सामुदायिक रेडियो अभियन्ताहरू गरी २५० भन्दा बढीको उपस्थितिमा सम्पन्न कार्यक्रममा सामुदायिक रेडियो र सामुदायिक सञ्चारका विषयमा अन्तरक्रिया गरिएको थियो ।

# सञ्चार तथा सूचनाप्रविधि मन्त्री रेखा शर्मा अकोराबमा

सञ्चार तथा सूचनाप्रविधि मन्त्री रेखा शर्माले सामुदायिक रेडियो प्रसारक संघको केन्द्रीय कार्यालय भ्रमण गर्नुभएको छ ।

संघका पदाधिकारीसँग भएको अन्तरक्रियामा उहाँले सामुदायिक रेडियोका समस्या समाधान गर्दै हातेमालो गर्न सरकार तयार रहेको बताउनुभएको छ ।

ज्ञापनपत्र बुझ्दै सरकारको प्रवक्ता समेत रहनुभएकी मन्त्री शर्माले नेपालका सामुदायिक रेडियोहरू नागरिकका सुख-दुःखका साथी र सञ्चारका संवाहक रहेको भन्दै सामुदायिक रेडियोका समस्या समाधान गर्न सरकारले सक्दो सहयोग गर्ने बताउनुभयो ।



रेडियोले आम नागरिकलाई कानून लगायत विषयमा चेतनाजन्य जानकारी पुऱ्याउनुपर्ने भन्दै उहाँले अब सामुदायिक रेडियो पनि संख्यात्मक भन्दा गुणात्मक विकासमा केन्द्रित हुनुपर्ने बताउनुभयो ।

संघले नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्मा र नेकपा एमालेका महासचिव शंकर पोखरेललाई पनि छुट्टाछुट्टै भेट गरी ज्ञापनपत्र बुझाएको छ । नेताद्वयले सामुदायिक रेडियोहरूका समस्या समाधान गर्दै हातेमालो गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

## कानुन तथा नीतिहरुको समीक्षा र नीतिगत बहस

संघले सामुदायिक रेडियो सम्बन्धी विद्यमान कानुनी तथा नीतिगत व्यवस्थाको समीक्षा गर्दै आगामी दिनमा सामुदायिक रेडियोको सम्वर्द्धनका लागि आवश्यक पर्ने उपयुक्त कानुनी तथा नीतिगत व्यवस्थाका विषयमा अध्ययन गरेको छ । अध्ययनबाट प्राप्त विषयवस्तुहरूलाई संघ तथा प्रदेश-२ मा नीतिगत बहस कार्यक्रम आयोजना गरी सरकारका प्रतिनिधि तथा सम्बन्धित सरोकारवालाहरूलाई जानकारी गराइएको थियो ।

## सुशासन सम्बन्धी नीतिगत बहस

संघले संघीय, प्रदेश तथा स्थानीय सरकारका प्रतिनिधिहरूको उपस्थितिमा काठमाडौंमा सुशासन सम्बन्धी नीतिगत बहस कार्यक्रमको आयोजना गरेको छ । सो कार्यक्रममा सुशासन प्रवर्द्धनका लागि संघीय, प्रदेश तथा स्थानीय सरकारहरूको सम्बन्ध लगायत विषयमा छलफल गरिएको थियो

## विश्व रेडियो दिवस

सामुदायिक रेडियो प्रसारक संघले बाह्रौं विश्व रेडियो दिवसमा २०७९ फागुन १ गते काठमाडौंमा 'रेडियो र शान्ति' भन्ने विषयमा एक छलफल कार्यक्रम आयोजना गरेको थियो । उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा सांसद तथा रेडियो अभियन्ताहरूको सहभागिता रहेको थियो ।

त्यसैगरी एघारौं विश्व रेडियो दिवसमा २०७८ फागुन १ गते 'रेडियो र विश्वास' भन्ने विषयमा सञ्चार तथा सूचनाप्रविधि मन्त्री ज्ञानेन्द्रबहादुर कार्कीको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न गरेको थियो ।

## सीआईएन स्थापना दिवस

सीआईएनको १३औं वार्षिकोत्सव १५ जेठ २०७९ मा मनाइएको छ । कार्यक्रममा सीआईएनलाई थप प्रभावकारी बनाउने विषयमा छलफल गरिएको थियो ।

## अन्तरक्रिया कार्यक्रम

- जनकपुरधाममा प्रदेश-२ का बालअधिकारसँग सम्बन्धित बालविवाह अन्त्यका लागि हातेमालो कार्यक्रम ।
- संसदीय मामिला र यस सम्बन्धी रिपोर्टिङ सम्बन्धी सञ्चारकर्मीहरूसँग अन्तरक्रिया ।
- स्थानीय सरकार सबलीकरण राष्ट्रिय कार्यशाला ।
- सुशासन र स्थानीय सरकार सम्बन्धी रिपोर्टिङ गर्ने पत्रकारहरूको उपस्थितिमा काठमाडौंमा सुशासन र सञ्चारकर्मीहरूको भूमिका सम्बन्धी अन्तरक्रिया ।
- ऊर्जा मन्त्री पम्फा भुसालको प्रमुख आतिथ्यतामा काठमाडौंमा विपद् र सामुदायिक रेडियो सम्बन्धी अन्तरक्रिया ।
- बालविवाह विरूद्धको अभियानका लागि संघीय स्तरको र सुदूरपश्चिमस्तरीय भर्चुअल राउण्ड टेबल अन्तरक्रिया ।
- अन्तर्राष्ट्रिय साक्षरता दिवसको अवसरमा अन्तरक्रिया ।
- अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको ।
- सीआईएनको स्थापना दिवसको अवसरमा सूचना तथा सञ्चार प्रविधि मन्त्री ज्ञानेन्द्रबहादुर कार्कीको प्रमुख आतिथ्यतामा कार्यक्रम ।
- हेल्लो सांसद कार्यक्रम उत्पादनका लागि जनकपुर, हेटौंडा, सुर्खेत, धनगढी, पोखरा र काठमाडौंमा संघीय तथा प्रदेश सरकारका मन्त्रीहरू, प्रदेश सभामुख, संघीय तथा प्रदेश सांसद र अन्य सरोकारवालाहरूको बीचमा अन्तरक्रिया ।
- ९ चैत २०७७ मा मनाइएको संघको २०औं स्थापना दिवसको अवसरमा 'सामुदायिक रेडियोः नीतिगत बहस' विषयक अन्तरक्रिया ।
- २०७७ कात्तिक २८ गते विपत् र सामुदायिक रेडियो सम्बन्धी अन्तरक्रिया ।

## अन्य गतिविधि

- कोभिड-१९ को दोस्रो लहरको संक्रमणका कारण भएको लकडाउनको समयमा सबै प्रदेशहरूमा प्रदेशभित्र रहेका रेडियो तथा सचिवालयको बीचमा भर्चुअल छलफल ।
- सचिवालय तथा प्रदेश कमिटीका अध्यक्ष तथा उपाध्यक्षहरूबीचमा छलफल ।
- राष्ट्रिय सभाका उपाध्यक्ष शशिकला दाहाल तथा राष्ट्रिय सभाका

सांसदहरूसँग नीतिगत सवालमा छलफल ।


- सम्पूर्ण स्थानीय तहहरूलाई अकोराबको तर्फबाट इमेलमार्फत् ज्ञापनपत्र र स्थानीय तहहरूसँगको सहकार्यका लागि पेश गर्ने प्रस्तावका मस्यौदा तयार गरी पठाइएको छ ।
- संघको आगामी रणनीति तथा कार्यक्रम सम्बन्धमा पूर्वअध्यक्षहरू, सामुदायिक रेडियोका अभियन्ता र विज्ञहरूसँग छलफल सम्पन्न गरिएको छ ।
- कोभिड-१९ ले रेडियोमा पारेको असरका सम्बन्धमा सर्वेक्षण गरिएको छ ।
- निर्वाचन आचारसंहिता र सामुदायिक रेडियोको भूमिका सम्बन्धमा प्रदेश-१ मा अन्तरक्रिया कार्यक्रम ।
- द एशिया फाउण्डेसनसँगको साझेदारीमा सञ्चालित कार्यक्रम अन्तर्गत ७ वटा जिल्लाका रेडियोकर्मी र नगरपालिकाका सूचना अधिकारीहरूसँग अन्तरक्रिया तथा छलफल कार्यक्रम ।
- युनेस्को नेपाल र अमार्क एशिया प्यासिफिकसँगको साझेदारीमा सामुदायिक रेडियो नीति सम्बन्धी सात वटै प्रदेशमा प्रदेशस्तरीय अन्तरक्रिया ।
- निर्वाचन आचारसंहिता र सामुदायिक रेडियोको भूमिका सम्बन्धमा प्रदेश-१ मा अन्तरक्रिया ।

## क्षमता विकास

- मानसिक स्वास्थ्य सम्बन्धी रिपोर्टिङका लागि ३२५ जना सहभागी रहेको तालिम सञ्चालन ।
- कोभिड-१९ र यसको खोपसँग सम्बन्धित रिपोर्टिङका लागि ३५० जनाको सहभागिता रहेको तालिम ।
- विपद् जोखिम न्यूनीकरणका लागि जनकपुरका २५ जना सामुदायिक रेडियो पत्रकारहरूलाई तालिम ।
- ११ जिल्लाका ३५ महिला सञ्चारकर्मीलाई 'विपद् जोखिममा महिलाका सवाल उठान' सम्बन्धी तालिम ।
- ११ जिल्लाका ९३ जना रेडियोकर्मीलाई तालिम ।
- निर्वाचनामा महिला सहभागिता अभिवृद्धि सम्बन्धी ३५ जनालाई तालिम ।
- विपद् जोखिम न्यूनीकरण सम्बन्धी रेडियो कार्यक्रम निर्माणका लागि जनकपुरका २५ जना व्यक्तिलाई स्वयंसेवी सामुदायिक पत्रकारिता तालिम ।

- भीएसओको सहयोगमा सञ्चालित प्रयास परियोजना अन्तर्गत जनकपुरमा स्वयंसेवकहरूलाई तालिम ।
- रेडियो हाम्रो पहुँचको आयोजना र अकोराबको प्राविधिक सहयोगमा २५ जना रेडियोकर्मीलाई १०-१२ असारमा दाङमा तीन दिने तालिम ।
- यूएन वुमनको सहयोगमा सञ्चालित परियोजना अन्तर्गत ४० जना महिला पत्रकारको लागि तीनदिने तालिम ।
- यूएन वुमनको सहयोगमा भइरहेको परियोजना अन्तर्गत ९० जना पत्रकारको लागि एकदिने तालिम जुम मार्फत सम्पन्न ।
- युनिसेफको सहयोगमा म्यासेन्जरबाट भ्रम र अफवाहहरू संकलन र त्यसको समाधान सम्बन्धी ३५ जनालाई तालिम एवं पुनर्ताजकी तालिम ।
- भर्चुअल माध्यमबाट ११० जना रेडियोकर्मीलाई तालिम । युएन वुमनसँगको परियोजना अन्तर्गत ५५ जना महिला पत्रकारलाई तीनदिने तालिम र १६० जना अन्य पत्रकारलाई विपद् र लैंगिक संवेदनशील पत्रकारिता तालिम ।
- सदाचार नियमावलीको तयार गरी लागू गरिएको ।
- सामुदायिक रेडियोको नीति निर्माणका लागि सातै प्रदेशमा सरोवारवाला निकायसँग छलफल ।
- बीबीसी मिडिया एक्सनसँगको सहकार्यमा देशभरका २५ वटा सदस्य स्टेशनका रेडियोकर्मीको सहभागितामा सामुदायिक रेडियोको आकस्मिक योजना तर्जुमा कार्यशाला सम्पन्न ।
- लैंगिक हिंसा विरूद्धको १६ दिने अभियानको सन्दर्भमा फिनल्याण्ड सरकारको आर्थिक सहयोगमा युएन वुमन, ल्याक नेपाल र सामुदायिक रेडियो प्रसारक संघको सहकार्यमा विविध कार्यक्रम सम्पन्न ।
- सन् २०२२ को अन्तर्राष्ट्रिय अन्तरधार्मिक सद्भाव सप्ताहका अवसरमा प्रदेश सरकार, स्थानीय सरकार, धर्मगुरू तथा धार्मिक अगुवाबीच सहकार्यका लागि छलफल कार्यक्रम ।
- लैंगिक सवालमा सञ्चारकर्मीको क्षमता अभिवृद्धि कार्यक्रम सम्पन्न । निर्वाचनमा महिलाको सहभागिता बढाउने विषयलाई आफ्नो सञ्चारमाध्यम मार्फत प्राथमिकता दिने सञ्चारकर्मी र सञ्चार गृहको प्रतिबद्धता ।

KBZ



विदुर खवास, अध्यक्ष

# कोशी

कोशी प्रदेशमा रहेका ३९ मध्ये ५ सामुदायिक रेडियो बन्द छन् । प्रदेशका सबै भूभागमा सामुदायिक सञ्चारमाध्यमका रुपमा सामुदायिक रेडियोको पहुँच छ । सुगमदेखि दुर्गम भूगोलका अधिकांश समुदायमा सामुदायिक रेडियो मार्फत नै नागरिकले सूचना, शिक्षा र मनोरञ्जनका साथै आफ्नो अभिव्यक्ति स्वतन्त्रताको उपभोग गर्दै आएका छन् ।

यहाँका सबै तहका मुद्दा, नागरिक अगुवाहरूका विचार र राष्ट्रनीतिका साझा अपेक्षासँग एकाकार गर्न रेडियोले भूमिका खेल्दै आएका छन् । सामुदायिक सञ्चार मार्फत समाजलाई सचेत बनाउने अभियानका रुपमा हामी आफूलाई यही समुदायमा स्थापित गराउने प्रयत्नमा छौं । यद्यपि हाम्रो शुद्ध कर्म र मान्यतालाई जोगाइराख्न हामीसँग स्रोत-साधनको अभाव छ जसले दक्ष जनशक्ति विकासमा समस्या देखिएको छ । कतिपय रेडियो बन्द यही पृष्ठभूमिमा भएको हो ।

पहाडी जिल्लाका रेडियोमा प्राविधिकहरूको अभाव छ । सानो समस्या देखिए पनि काठमाडौं दौडिनुपर्ने बाध्यता छ । यसको अन्त्य गर्न संघले दक्ष प्राविधिक उत्पादनमा काम गर्नुपर्छ । सदस्य रेडियोलाई आवश्यक पर्ने स्रोतसाधन वृद्धि गर्न संघले सहजीकरण गर्नुपर्छ । विपद्बाट आइपर्ने समस्यासँग जुध्न प्रत्येक प्रदेशमा छुट्टै विपद् व्यवस्थापन कोषको स्थापना गर्न पहल गर्नुपर्दछ ।

सामुदायिक रेडियोको पूर्वाधार विकास, अप्ठ्यारोमा परेका रेडियोको लागि उपकरण खरिदमा अनुदान, स्वयंसेवी पत्रकारिता सम्बन्धी तालिम तथा जागरण कार्यक्रम र दक्ष जनशक्ति उत्पादनका लागि तालिम र कार्यशाला जस्ता कार्यक्रम संचालन गर्न संघले समयमै काम गर्नुपर्छ । •

# मधेश



**मनोजकुमार यादव, अध्यक्ष**

मुलुकका हरेक राजनीतिक/सामाजिक परिवर्तनका संवाहक सामुदायिक रेडियोहरू स्थानीय समुदायको सञ्चारको अभिन्न अंगका रुपमा स्थापित छन् । जुन उत्साह र उमंगका साथ सामुदायिक रेडियोहरू सञ्चालनमा आए, पछिल्लो समय उपयुक्त रणनीति, उचित व्यवस्थापन र रेडियोमैत्री सरकारी नीतिको अभावमा संकट व्यहोरिरहेका छन् । आन्तरिक रुपमा अस्वस्थ प्रतिस्पर्धा तथा अनियन्त्रित ढंगले व्यावसायिक रेडियोहरूको स्थापनाले पनि सामुदायिक रेडियोहरूलाई थप संकटमा पारेको छ । यसबाट मधेश प्रदेशका सामुदायिक रेडियोहरू पनि अछुतो छैनन् ।

मधेश प्रदेशमा रहेका ४५ मध्ये ९ वटा सामुदायिक रेडियो बन्द भइसकेका छन् भने कतिपय स्टेशन बन्द हुने अवस्थामा पुगेका छन् । सप्तरीमा ३, महोत्तरी र रौतहटमा २/२ र सिरहा र सर्लाहीमा १/१ रेडियो बन्द भएका हुन् । अधिकांश रेडियो कमजोर अवस्थामा छन् । कोरोना महामारीपछि सामुदायिक रेडियोहरूमा आर्थिक अभाव, दक्ष जनशक्तिको कमी र गुणस्तरीय सामग्री उत्पादन तथा प्रसारणमा ह्रास आउँदा रेडियोले श्रोता गुमाउने जोखिम बढिरहेको छ ।

हाम्रा साझा समस्याबारे छलफल/अन्तरक्रिया गर्दा सबै सामुदायिक रेडियोकर्मी/अभियन्ताको बुझाइ एउटै छ- 'बजारमा विज्ञापन पाउन गाह्रो छ, पाएको विज्ञापनमा पनि प्रतिस्पर्धा एकदम बढ्दो छ । अस्वस्थ प्रतिस्पर्धा त्यत्तिकै छ । संघको सहजीकरण र सहयोग कमजोर बनिरहेको छ । स्थानीय तहहरू सीधै कमिसन माग्छन् । यही कारण स्थानीय विज्ञापन संघतिर पठाउँदा हामी थप संकटमा परेका छौं ।'

प्रदेश सरकारले पनि यथोचित सहजीकरण गरिरहेको छैन । भएका रेडियोलाई सशक्तीकरण र सहजीकरण गर्न छाडेर प्रदेश सरकार आफैं एफएफ रेडियो सञ्चालनको तयारीमा छ । बेलैमा यी समस्या समाधान गर्न अग्रसर हुनुपर्छ । ●



**बलराम श्रेष्ठ, अध्यक्ष**

# बागमती

चितवनमा ९, मकवानपुरमा ८, सिन्धुपाल्चोक र धादिङमा ७/७, नुवाकोटमा ६, दोलखा र काभ्रेमा ५/५, काठमाडौं, सिन्धुली, रामेछापमा ४/४, ललितपुर, भक्तपुर र रसुवामा २/२ गरी बागमती प्रदेशमा ६६ सामुदायिक रेडियोहरू सञ्चालनमा रहेका छन् । यीमध्ये ५ रेडियोहरू अहिले प्रसारणमा छैनन् ।

सामुदायिक रेडियोलाई व्यवस्थित र समुदायमैत्री रुपमा स्थापित गर्न सामुदायिक रेडियो प्रसारक संघ बागमती प्रदेश समितिले जिल्ला समन्वय समिति, केन्द्रीय कार्यसमिति र सदस्य रेडियोहरूबीच समन्वय गरी कार्य गरिरहेको छ । गठन भएका जिल्ला समन्वय समितिलाई सक्रिय बनाउन र बन्न बाँकी जिल्लाहरूमा समिति गठन गर्ने कार्यमा प्रदेश समिति लागिपरेको छ ।

यसबीचमा प्रदेश कमिटीबाट रेडियोका समस्याबारे प्रदेश सरकारसँग छलफल र ध्यानाकर्षण, संघको केन्द्रीय कार्यसमितिसँग छलफल गरिएको छ । भौतिक उपस्थिति र भर्चुअल माध्यमबाट प्रदेश कमिटीको बैठकहरू सम्पन्न भएका छन् ।

आर्थिक वर्षको अन्त्यमा रेडियोको इजाजत पत्र नवीकरण गर्न र पुस मसान्तमा रोयल्टी बुझाउनको लागि हरेक सदस्य रेडियोहरूलाई इमेल, एसएमएस र फोन मार्फत जानकारी गराइएको छ भने विज्ञापन बोर्डमा समयमै दरखास्तका लागि जानकारी गराउने र सहजीकरण गर्ने कार्य समेत गरिएको छ ।

साथै, सञ्चार रजिष्ट्रारको कार्यालयले सञ्चालन गरेको रेडियो प्राविधिक तालिममा प्रदेश समितिको तर्फबाट समन्वय गरिएको छ । •

# गण्डकी



**गणेश श्रेष्ठ, अध्यक्ष**

गण्डकी प्रदेश समिति आफ्नो नियमित गतिविधि सञ्चालनमा सधैं क्रियाशील रहँदै आएको छ । वार्षिक साधारणसभा समयमै र भव्य रुपमा सम्पन्न गरिएका छन् । समितिको नियमित बैठक (भौतिक र भर्चुअल दुवै) भइरहेका छन् र बैठकमा रेडियो प्रोफाइल, उपकरण व्यवस्थापन र रेडियोहरूले भोगिरहेका समस्याबारे छलफल र समाधानका उपायबारे काम भइरहेको छ । पाँच वटा जिल्ला समन्वय समिति बनिसकेको छ भने केही जिल्लामा अन्तिम तयारी भइरहेको छ । यस दौरानमा हामीले जिल्लाहरूमा पुगेर रेडियोहरूको अवस्थाका बारेमा जानकारी लिने काम पनि गरेका छौं । प्रदेश सरकार मार्फत लोककल्याणकारी सूचना प्राप्तिका लागि कैयौंपटक हामीले ध्यानाकर्षण र ज्ञापनपत्र बुझाएका छौं ।

गण्डकी प्रदेशमा सामुदायिक रेडियोको उपस्थिति उल्लेखनीय रहेको छ । प्रदेशमा सञ्चालित ४६ मध्ये ५ सामुदायिक रेडियो बन्द छन् । मनाङ र मुस्ताङमा अहिले कुनै पनि सामुदायिक रेडियो सञ्चालनमा छैनन् । दुर्गम क्षेत्रमा जनताको निर्विकल्प सञ्चारमाध्यम सञ्चालनको लागि सरकार र संघले तत्काल पहल गर्नुपर्ने देखिन्छ । यस प्रदेशमा रहेका कतिपय रेडियोहरू प्राविधिक तथा जनशक्ति अभावमा आंशिक रुपमा बन्द रहने समस्या विद्यमान छ ।

प्रदेश समितिले बन्द रहेका सबै सामुदायिक रेडियोहरू पुनः संचालन गर्न आवश्यक सहजीकरण गर्ने, दक्ष जनशक्ति विकासमा काम गर्ने, लोककल्याणकारी विज्ञापन वृद्धि गर्ने, मिडिया हब स्थापना गरी संकटमा रहेको स्टेशनलाई उपकरणको आपत्कालीन व्यवस्थापन गर्ने, रेडियोको तथ्यांक अद्यावधिक गर्ने, सबै रेडियोमा एकाउन्टिङ सफ्टवेयर सञ्चालनमा सघाउने, इन्टरनेट सेवा प्रदायकसँग सेवा साझेदारी गर्न पहल गर्ने लगायत काम गर्ने योजना बनाएको छ । ●



राजु खराल, अध्यक्ष

# लुम्बिनी

सामुदायिक रेडियो समुदायमा आधारित हुनुपर्छ । सामाजिक अवस्थाको प्रतिबिम्व सामुदायिक// रेडियोमा पनि पर्छ नै । गौतमबुद्धको जन्मस्थल लुम्बिनी प्रदेशमा रहेका ७३ मध्ये १४ वटा सामुदायिक रेडियो अहिले प्रसारणमा छैनन् । चलिरहेका पनि अधिकांश रेडियो आर्थिक संकटबाट गुज्रिइरहेका छन् ।

पछिल्लो समय रेडियोमा कार्यक्रम बज्न छोडेका छन् भने रेडियोकर्मीहरू श्रोतामाझ पुग्न छोडेका छन् । गुणस्तरीय कार्यक्रममा कमि आउन थालेको छ। क्षमताका आधारमा आर्थिक सुरक्षा हुन नसक्दा रेडियोकर्मीहरू पलायन भइरहेका छन् । कोभिड महाव्याधि र वैश्विक आर्थिक मन्दीले रेडियोहरू संकटको अवस्थामा पुगेका छन् ।

प्रदेश समितिको निरन्तर पहलपछि प्रदेश सरकार सामुदायिक रेडियोसँग सहकार्य गर्न तयार भएको छ। स्थानीय तहसँग सहकार्य भइरहेको छ।

दक्ष जनशक्ति नहुँदा समुदायसँग जोडिन समस्या छ। संघले गुणस्तरीय सामग्री उत्पादन र प्रसारणका लागि दक्ष जनशक्ति विकासमा जोड दिनुपर्छ। समुदायमा आधारित भएर दिगोपना सुनिश्चित गर्ने कार्यक्रममा ध्यान दिनुपर्ने देखिन्छ । विद्युत् आपूर्ति र इन्टरनेटमा समस्याले पनि रेडियो मारमा परेका छन् ।

लुम्बिनी प्रदेशको अनुभवको आधारमा भन्दा ग्रामीण क्षेत्रमा रहेका रेडियोहरूले स्थानीय समुदाय र सरकारसँग प्रभावकारी सहकार्य गर्नुपर्ने देखिन्छ। समुदायको रूचि, भावना र आवश्यकता अनुरुप कार्यक्रम उत्पादन, रेडियोमा समुदायको प्रभावकारी उपस्थिति र स्वामित्व सुनिश्चित गर्न पनि उत्तिकै जोड दिन आवश्यक छ। •

# कर्णाली



**गोरखबहादुर थापा, अध्यक्ष**

कर्णाली प्रदेशमा रहेका ६१ मध्ये ५० सामुदायिक र ११ स्थानीय तहबाट सञ्चालित रेडियो छन् । यीमध्ये ५ रेडियो अहिले बन्द अवस्थामा छन् ।

अनेकौं बाधा र व्यवधानहरूका बीच पनि कर्णाली प्रदेशका एफएम रेडियोले अन्य सञ्चारमाध्यमको पहुँच बाहिर रहेका नागरिकलाई सूचना र विचार प्रवाह गरी सु-सूचित बनाउँदै आएका छन् । नयाँ संविधानले व्यवस्था गरेको नागरिकका अधिकार र ऐतिहासिक उपलब्धिबारे नागरिकलाई सूचित र शिक्षित बनाउन काम गरिरहेका छन् ।

सूचनाको अभावबाट हुने गरिबी अन्त्य गर्न कर्णालीका लागि सामुदायिक रेडियोहरू वरदानसिद्ध भएका छन् । सञ्चारको क्षेत्रमा यथोचित विकास हुन नसकेको कर्णालीमा समुदायबाट समुदायकै आवाज बुलन्द गर्न यहाँका सामुदायिक रेडियोहरूले सूचना, समाचार, मनोरञ्जनमूलक सामग्री उत्पादन तथा प्रसारण गरिरहेका छन् ।

नागरिकको सूचनाको हक एवं अभिव्यक्ति स्वतन्त्रताको लागि महत्वपूर्ण योगदान दिंदै आएका सामुदायिक रेडियोलाई सहयोग र सम्वर्द्धन गर्नुको साटो नवीकरण शुल्क र रोयल्टीको नाउँमा वर्षेनि करको बोझ थोपरिएको छ । संघीयताको कार्यान्वयनसँगै तीन तहका सरकारसँग रेडियोको दर्ता, इजाजत र नियमन गर्ने झन्झटिलो व्यवस्था छ ।

संविधानको मर्म र भावना अनुरुप हुने गरी कर्णाली प्रदेश सरकारले प्रसारण सम्बन्धी नयाँ कानूनी व्यवस्था मिलाउन प्रदेश समितिले पहल गरिरहेको छ । संघले पनि संघीय कानून निर्माण र त्यसमा सामुदायिक रेडियोलाई सम्बोधन गर्ने व्यवस्था सुनिश्चितताको लागि थप सक्रियताका साथ काम गर्नुपर्ने देखिन्छ । ●



जगत खड्का, अध्यक्ष

# सुदूरपश्चिम

दूरदराजमा सूचना र सञ्चार पुऱ्याउन तथा स्थानीय भाषा, कला, संस्कृतिको उजागर गर्न सुदूरपश्चिम प्रदेशमा स्थापित सामुदायिक रेडियोहरूको महत्वपूर्ण योगदान रहेको छ । खुलेका ७० मध्ये १३ वटा प्रसारणमा छैनन् ।

दर्तापछि नियमित अद्यावधिक गरिनुपर्नेमा सो सम्बन्धी भएका कमजोरीका कारण होस् या सञ्चालकहरूका बीच विचारमा आउन नसकेको ऐक्यबद्धताका कारण अहिले सामुदायिक रेडियोहरू बन्द हुने समस्यामा छन् । कमजोर आर्थिक व्यवस्थापन र दक्ष जनशक्तिको दिगो व्यवस्थापन गर्न नसक्दा समस्या थपिंदो छ ।

स्रोत-साधनको पहिचान तथा सदुपयोगमा स्थानीय सरकार, प्रदेश सरकार तथा संघीय सरकारको गाउँस्तरका सामुदायिक सञ्चार जोगाउन आवश्यक नीति तथा कार्यक्रमबारे हामी पैरवीमै छौं ।

समाज परिवर्तन र देश विकासमा पुलको काम गरिरहेका सञ्चारमाध्यमहरूको सबलीकरण, प्रवर्द्धन र सम्वर्द्धनमा सबै सरोकारवालाको उचित ध्यान पुग्नुपर्छ ।

अहिले नीतिको अभाव, स्रोतको कमी, प्रतिस्पर्धी बजार, दक्ष जनशक्ति अभाव, नवीकरण, कर, रोयल्टी हुँदाहुँदै संगीत रोयल्टी र स्थानीय, प्रदेश सरकारका नियमनकारी प्रणालीका नाममा दिइने सास्ती हाम्रा मूल समस्या हुन् । पछिल्लो समय बढ्दो सामाजिक सञ्जालको बिगबिगी, यूट्युब, फेसबुकलाई रेडियोको पक्षमा परिचालन गर्ने स्पष्ट कार्ययोजना बनाउन नसक्दा प्रतिकूलता बढ्ने संकेत देखिएको छ ।

अब संख्या बढाउने भन्दा रेडियोको गुणस्तर र क्षमता बढाउन सबै पक्षले ध्यान दिनुपर्छ । ●

# केन्द्रीय कार्यकारी समिति


अर्जुन गिरी
अध्यक्ष


विष्णु अवस्थी
बरिष्ठ उपाध्यक्ष


बन्दना दलुवार
उपाध्यक्ष


मिलेष कर्ण
उपाध्यक्ष


मिलन गाहा
उपाध्यक्ष


भुवन सिंह
उपाध्यक्ष


किशोर जंग थापा
महासचिव


सुदर्शन खतिवडा
सचिव


सरोज पौडेल
कोषाध्यक्ष


सुवास खतिवडा
निवर्तमान अध्यक्ष


कृष्णहरी घिमिरे
केन्द्रीय सदस्य


ध्रुवराज ढकाल
केन्द्रीय सदस्य


शुक्रराज भण्डारी
केन्द्रीय सदस्य


दिपु पोखरेल
केन्द्रीय सदस्य


नवीनराज पौडेल
केन्द्रीय सदस्य


कमला कडेल
केन्द्रीय सदस्य


गीता न्यौपाने
केन्द्रीय सदस्य


पुष्पा चौधरी
केन्द्रीय सदस्य


अजय कुमार यादव
केन्द्रीय सदस्य


नविन नरसिंह नेपाली
केन्द्रीय सदस्य


रोशनमान श्रेष्ठ
केन्द्रीय सदस्य



कृष्णकुमार इमिलि
केन्द्रीय सदस्य



हेमन्त विश्वकर्मा
केन्द्रीय सदस्य



टेकबहादुर सइका
केन्द्रीय सदस्य



जिवछ चौधरी
केन्द्रीय सदस्य



भक्त स्याङ्तान
केन्द्रीय सदस्य



राम नारायण सुवेदी
केन्द्रीय सदस्य



संगीत बस्याल
केन्द्रीय सदस्य



बालकुमार शर्मा
केन्द्रीय सदस्य



केशवदत्त भट्ट
केन्द्रीय सदस्य



प्रतीक इच्छुक शर्मा
केन्द्रीय सदस्य (विज्ञ)



तुला अधिकारी
केन्द्रीय सदस्य (विज्ञ)

## लेखा समिति



डा. भुमिराज चापागाईं
संयोजक



प्रह्लाद पोखरेल
सदस्य



रामभरोसी यादव
सदस्य

## सदाचार समिति



नवराज महतारा
संयोजक



मीना गुरुङ
सदस्य



देवचन्द्र भट्ट
सदस्य